वर्ष ९, अङ्क १२, पूर्णाङ्क ९०, असार २०७५

प्रेस काउन्सिल नेपालद्वारा 'क' वर्गमा वर्गीकृत मासिक पत्रिका

Agnichakra National Monthly

# अग्निचक्र

मूल्य : रु ५०।-

ISSN 2362-1109



सतगुरु गोरखनाथ बाबा

www.agnichakranews.com

राष्ट्रिय मासिक

९० औं यात्रा




## नेपालको भरपर्दो मित्रराष्ट्र !

# लोक सेवा आयोगको अग्रगामी सोच, आधुनिक परीक्षण प्रविधिको प्रयोगबाट योग्यतम व्यक्तिको छनोट !

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**सूचना विभाग**

वर्ष ९ अङ्क १० पूर्णाङ्क ९०

By the Grace of God
Edited & Published by L.N. Bhattarai
संरक्षक : प्रभा राज्यलक्ष्मी राणा

Agnichakra National Monthly
अग्निचक्र
राष्ट्रिय मासिक

का.जि.प्र.द.नं. ३२/०६६/६७
स्थायी लेखा नं. (PAN) : ३०३८२५१२२
॥ का.म.न.पा. ३, काठमाडौं, नेपाल ॥

सम्पर्क कार्यालय :- कामनपा - ३२, डिल्लीबजार, काठमाडौं
फोन: ०१-४३७७७१०
९८५१०-४०३३०
agnichakramasik@gmail.com
www.agnichakranews.com

ISSN:2362-1109

**सम्पादक / प्रकाशक**
लक्ष्मीनारायण भट्टराई

**चिफ एडभाइजर**
दुर्गाप्रसाद आचार्य

**डाइरेक्टर**
गोपाल घिमिरे

**सल्लाहकार**
प्रा.डा. करबीरनाथ योगी
डा. पदमराज पन्त
डा. कमल शर्मा लम्साल
डा. घनश्याम खतिवडा
विनयकुमार शर्मा नेपाल
प्रेमसागर पौडेल
आर.एच. दाहाल
रोशन श्रेष्ठ
पुण्य आचार्य

**कानुनी सल्लाहकार**
अधिवक्ता लक्ष्मण आचार्य

**व्यवस्थापक**
कमला मिश्र

**संवाददाता/सहयोगी**
के.एम. भट्टराई / वशिष्ठ भलना

**फोटोग्राफर**
अग्निप्रसाद निरौला

**प्रमुख वितरक**
यज्ञ न्यौपाने (उपत्यका)
एन.ए. डिस्ट्रिब्युटर्स (उपत्यका बाहिर)

**मुद्रण**
एस.पी. प्रेस, कामनपा-३१

# नेपालको भरपर्दो मित्रराष्ट्र चीन नै रहेछ

*नेपालका दुई छिमेकी मित्रराष्ट्रहरू चीन र भारत नै हुन् र चीन र भारत नेपालको वरीपरी रहेकाले यी २ मुलुकलाई मित्रराष्ट्र मान्नु स्वभाविकै पनि हो । नेपालको आन्तरिक राजनीतिमा भारतले खुला हस्तक्षेप गरि नै रहेको देखेका नेपाली जनताले यसपटक प्रधानमन्त्री ओलीको चीन भ्रमणबाट चाहि नेपालको भरपर्दो मित्रराष्ट्र एक नम्बरमा चाहिँ चीन नै रहेछ भन्ने कुरामा ढुक्क परेका छन् । यसको एकमात्र कारण नेपालको आन्तरिक राजनीतिमा चीनले भारतको जस्तो खुला हस्तक्षेप आजसम्म कहिल्यै नगरेको र सक्रिय राजसंस्थासंग एवं नेपाली कांग्रेससँग पनि चीनको सम्बन्ध युगौं पुरानो भएकाले नेपाली जनता चीनसँग धेरै खुशी रहेको कुरा जनस्तरबाट प्रस्टिएको छ ।*

*चीन नेपालको भरपर्दो मित्रराष्ट्र हो भन्ने कुरा राष्ट्रपति सि नेतृत्वको चीनको सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीले अगाडि बढाएको 'समृद्ध नेपाल सुखी नेपाली' को नारालाई महत्वपूर्ण भनिसकेकाले पनि हो, हुन त यो नारालाई भारत सरकारले पनि महत्वपूर्ण भनेकै छ । दुवै मित्रराष्ट्रलाई विश्वासमा लिन सक्नु चाहि प्रम ओलीको क्षमताकै कारणले हो । ओली सरकारले राष्ट्रिय हितलाई केन्द्र भागमा राखेर, न्यायोचित कुरालाई केन्द्रमा राखेर अनि अन्तर्राष्ट्रिय कानुन र मैत्री भावलाई प्रमुख स्थानमा राखेर सफलताका साथ सरकार हाँकिरहेकाले जनताले विश्वास गरिराखेका छन् ।*

*ओली भारत भ्रमणमा जानु र मोदीले नेपाल भ्रमण गर्नुका पछाडी नेपाल-भारत बिचको विगतको तिक्तता सबै निमिट्यान्न भएर नयाँ सुमधुर सम्बन्ध बन्न सफल हुनु नै हो । ओलीको कुटनीतिक क्षमताले गर्दा भारत नजिकको दोस्ती बनेको छ र चीन त झनै नजिकको छँदै छ । ओलीले हामी मित्रतामा विश्वास गर्छौं भनेर भारतमा जाँदा र चीन भ्रमणमा हुँदा पनि यो कुरा दोहोर्‍याएकाले भारत र चीनलाई उस्तै मित्रको रूपमा नेपालले हेरेको सन्देश ओलीको भ्रमणबाट प्रस्ट हुन गएको छ । प्रधानमन्त्री ओलीको सक्षम नेतृत्वमा नेपालले बहुआयामिक ढोका खोलेको छ र असल छिमेकी चीन र भारतलाई बनाउँन सफल हुनुले ओलीको कार्यकाल बहुत सफल हुने देखिएको छ ।*

*चीन भ्रमणका अवसरमा केही सम्झौता र समझदारीमा हस्ताक्षर भएको छ साथै चिनियाँ सहयोग र लगानीका सम्झौता समेत भएकाले प्रधानमन्त्री ओलीको चीन भ्रमणलाई सफल र उपलब्धिमूलक मान्न सकिन्छ । काठमाडौंसम्म केरूङ हुँदै चिनियाँ रेल ल्याउँने, नेपाल-चीन विद्युत प्रसारण लाइन निर्माण गर्ने, तिब्बतको सडक प्रयोग गरेर नेपालबाट नेपालकै अर्को नाकासम्म आउने जाने सुविधालाई महत्वपूर्ण मान्न सकिन्छ ।*

*भारतले २०७२ सालमा नाकाबन्दी गरेका बेला ओलीले चीनसँगको सम्बन्ध निकट बनाउँने अवसर पाएका थिए । नेपालको हितमा चीन सँधै रहेको खुलासा सरकारी स्तरमै बोलेर 'समृद्ध नेपाल सुखी नेपाली' ओलीको नारालाई महत्वपूर्ण भन्दै चीनले प्रधानमन्त्री ओलीलाई चीन भ्रमणमा दिइएको महत्व हेर्दा चीनको नेपाल प्रतिको सद्भाव कति धेरै छ भन्ने पुष्टि भएको देखियो । ओलीले पनि सीको चीनलाई विश्व महाशक्ति बनाउने महत्वाकांक्षा पूरा गर्न साथ दिऊन्, नेपालको भरपर्दो मित्रराष्ट्र चीन नै रहेछ भन्ने प्रष्ट्याउन चीनले पनि नेपाललाई भरपुर सहयोग सधैँ गरोस् । जय गोरख !!*




## ॐ सत्गुरू वन्दना

**गोरक्ष् वालम् गुरुशिष्य पालम् ।**
**शेषः हिमालम् शशीखण्ड भालम् ॥**
**कालष्य कालम् जिताजन्म जालम् ।**
**वन्दे जटालम् जगदाव जालम् ॥**

**ॐ भूर्भुवः स्वः**
**तत्सवितुर्वरेण्यं**
**भर्गो देवस्य धीमहि ।**
**धियो यो नः प्रचोदयात् ।।**

## भावार्थः




प्राण-स्वरूप, दुःख नाशक, सुख स्वरूप श्रेष्ठ, तेजस्वी, पाप नाशक, देवस्वरूप परमात्मालाई हामी धारण गर्न सकौं र धारण गरिएका परमात्माले हाम्रो बुद्धिलाई सत्मार्गमा अभिप्रेरित गरिदिऊन् ।

## श्रीरामको जन्मभूमि ?

अग्निचक्र राष्ट्रिय मासिक ०७५ जेठ अंकमा प्रकाशित लोकमणि पौडेलको दृष्टिकोण "श्रीरामको जन्मभूमि पनि नेपाल नै हो, भगवान् राम हाम्रा छोरा हुन् ज्वाई होइनन्" शिर्षक निकै अनौठो मानेर पढें । यसमा लेखिए अनुसारका तथ्य कथ्य र लोक मणि पौडेलको विचार पढ्दा ठिकै जस्तो लाग्यो तर समग्र भारतलाई समेत यो विषयको यथेष्ठ प्रमाण दिनको लागि लोकमणि पौडेल ज्यूले प्रर्याप्त प्रमाण सहितको एउटा लेख अग्निचक्रमा फेरि लेख्नु भए हुन्थ्यो भन्ने लागेको छ । श्रीरामको जन्मभूमि नेपाल नै हो भन्ने प्रर्याप्त प्रमाण भारतका अगाडी राख्न सकियोस् – त्यसो भो भने नेपाल प्रति विश्वको हेराई नै चेन्ज हुने थियो ।

**– अमृत कृष्ण बजगाई,** थानकोट




## कहानी सुन्न मन लाग्यो ?

महाभारतको कहानी : हिराहरूको अनमोल खानी शिर्षकमा मुकुन्द शर्मा चालिसेको लेखरचना अग्निचक्र मासिक ०७५ जेठ अंकमा पढ्न पाईयो । छोटकरीमा महाभारतको स्वर्गारोहण पर्वलाई चालिसे ज्यूले बडो सुन्दर भाषामा लेख्नु भएको रहेछ, बडो मजा आयो पढिञ्जेलसम्म । मलाई मुकुन्द शर्मा चालिसे ज्यूबाट एकपटक महाभारतको कहानीलाई संक्षेपमा अग्निचक्र मार्फत पढ्न पाइयोस् भन्ने चाहेको छु, कृपया यो सन्देश अग्निचक्रले चालिसे ज्यू सम्म पुर्याई देओस् ।

**– कमल मान अमात्य,** टोखा

## आठ वर्ष अघिबाट !!

अग्निचक्र मासिक ०७५ जेठ अंक प्रकाशित हुदा आठ वर्ष अघिको अग्निचक्र (०६७ जेठ अंक) बाट हर्निया रोग र उपचार शिर्षकमा डा. अञ्जनी कुमार शर्माको स्वास्थ्य स्तम्भ प्रकाशित गरेको पाइयो । स्वर्गवासी डा. शर्माले आफू जिवित छदा अग्निचक्रमा स्वास्थ्य स्तम्भ लेख्ने गर्नु भएको रहेछ । मैले त्यो बेलाका अग्निचक्र पढ्न पाइन । त्यसैले पुराना अंकहरूबाट क्रमशः ती स्वास्थ्य लेखहरु नियमित प्रकाशन भए देखि म जस्ता स्वास्थ्यमा ख्याल गर्ने पाठकहरूको पनि चित्त बुझ्थ्यो कि ! सम्पादकज्यू !! **– अरूण आचार्य,** देवघाटधाम






दृष्टिकोण – **दुर्गाप्रसाद आचार्य**

# एकल साम्यवादी व्यवस्था भएको देशबाट केही सिक्ने कि ?

नयाँ युगमा विश्व राजनीतिमा नयाँ नयाँ शक्ति राष्ट्रहरू उदाउन खोजिरहेका छन् । यस्तो उदाईमा चीन पनि एक हो भन्न सकिन्छ । विश्व समीकरणलाई छिटो छिटो परिवर्तन गराउँनमा अहिलेका चिनियाँ राष्ट्रपति सी जिनपिङलाई परिवर्तनका प्रमुख एक पात्र मान्न सकिन्छ । नेपालको मित्रराष्ट्र चीनको बढ्दो आर्थिक शक्तिले चीनलाई विश्व राजनीति कै निर्णायकका रूपमा उभ्याइ दिएको छ । आउने दिनमा भविष्यमा चीन र अमेरिका बीच दुस्मनी हुन सक्ने संकेत देखिँदै गएको छ । चीनलाई नजिकबाट बुझ्न र साइजमा ल्याउन अमेरिकाले भारतसँग नजिकको सम्बन्ध बनाइ रहेको छ । भारत पनि अमेरिकासँग नजिकिन चाहिरहेको छ र चीनसँग विवादमा रहन पनि चाहिरहेको छैन अर्थात् अमेरिकी सम्बन्धलाई जिवित राख्दै चीनसँग पनि सहकार्य गर्न भारतले खोजिरहेको छ ।

नेपालको सहयोगी मित्र राष्ट्र मुलुक चीन हो । नेपाललाई नयाँ युगमा प्रवेश गराउने र नेपाल-चीन सम्बन्धलाई नयाँ उचाईमा पुऱ्याउने काममा नेपाल र चीन दुवै देशले आशा व्यक्त गरेका छन् । चिनियाँ राष्ट्रपति सी चिनफिङले काठमाडौंसम्म रेल पुऱ्याउने आफ्नो भिजन प्रस्ट शब्दमा व्यक्त गरेकै छन् । सिगात्से पुगेको रेल केरूङ हुँदै काठमाडौं र पोखरा तथा लुम्बिनी सम्म पुग्ने विश्वासमा



नेपाली जनताले खुसी व्यक्त गरिरहेका छन् । प्रधानमन्त्री के.पी. शर्मा ओलीले छिमेकी मित्रराष्ट्रहरूको सहयोगमा नेपालमा पूर्व-पश्चिम रेल मार्ग, काठमाडौं उपत्यका भित्र चल्ने रेल, थानकोट देखि धुलिखेल चल्ने रेल, काठमाडौं-विरगंज चल्ने रेल आधुनिक ढंगले चलाएरै देखाउने कुरा प्रस्ट पारेका छन् ।

संसारका विभिन्न शक्ति राष्ट्रहरू दाउपेच, हानथाप, सहकार्य एवं प्रतिस्पर्धाबाट गुज्रिरहेका बेला नेपालले चाहिँ यस्तो बेलामा चनाखो भएर विश्वपरिस्थितिको अध्ययन गर्नु पर्दछ र आफ्नो भूमिका निर्धारण गर्नु पर्दछ । चीन, भारत, अमेरिका र युरोप देशसँग सम्बन्ध सुमधुर बनाइराख्नु पर्छ ।

विश्व राजनीतिमा व्यापार र आर्थिक गतिविधिमा खलल भएपछि समग्र आर्थिक वृद्धि नै खल्बलिने हुँदा त्यस्तो अवस्थामा लोककल्याण मै बाधा पुग्ने भएकाले आर्थिक क्षेत्रमा विकास गर्दै समृद्ध मुलुक बनाउने अभियानमा भोलिको दिन सम्झेर आजैबाट लाग्नु पर्ने खाँचो देखिएको छ । नेपाल विश्वमै ऐतिहासिक महत्व बोकेको मुलुक हो । सोभियत समाजवादको विघटनपछि विश्वमा उज्यालो छर्ने काम हाम्रै मुलुकबाट भएको कुरा बिर्सनु हुन्न । वर्तमान अवस्थामा कम्युनिष्टहरूको अवस्था झनै बलियो भएको छ । विश्व पुँजीवाद संकट मै छ त्यसैले अहिले पनि समाजवाद अलमलिएको जस्तो देखिइरहेको छ ।

भर्खरैको विश्व राजनीतिलाई नियाल्ने हो भने उत्तर कोरियाले अमेरिकासँग विजय पाएको छ कुटनैतिक चालले विश्लेषण गर्ने हो भने । अमेरिका र चीन बिचको व्यापार युद्ध, अमेरिकामा ट्रम्प प्रशासन उदाउनु र युरोपियन युनियन र अमेरिकाको विश्व राजनीतिमा क्रियाकलाप हेर्ने हो भने समयक्रमसँगै पुँजीवादले यसको सही व्यवस्थापन गरी संसारभरका पुँजीवादी शक्तिलाई एउटै ठाउँमा समेट्ने अड्कल गर्न सकिन्छ । नेपालमा ओली सरकारले सबैलाई समेटेर विदेशी राष्ट्रहरूसँग सुमधुर सम्बन्ध बनाइ अघि बढे सबै नेपालीको भलो हुन्थ्यो ।

ओली सरकारले सबैका भावना समेटेर अघि बढोस्, बहुमतको दम्भ देखाएर एक दलिय सर्वसत्तावाद लाद्न नखोजोस् । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा विरोध गर्न निषेध गर्दा सर्वसत्तावाद लादेको आरोप लाग्न सक्ने हुनाले यस्ता निर्णय गर्दा अन्य दलको पनि समर्थन बटुल्ने गरे सबैको सामुहिक निर्णय हुन जान्थ्यो ।

तर आफ्नै ढिपीले यस्ता निर्णय सार्वजनिक भइरहनु राम्रो होइन । समृद्ध मुलुक सुखी जनता बनाउँने नै हो भने जनतालाई सक्रिय बनाई हरेक क्षेत्रमा परिचालन गर्नु पर्छ । विदेशी सहयोगले मात्रै नेपाल बन्दैन । चीन र भारतबाट नेपालले सिकोस्, परनिर्भरता बारे ओलीको ध्यान जाओस् । एकल साम्यवादी व्यवस्था भएको चीनबाट बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक देश नेपालले धेरै कुरा सिकोस् र जनतालाई सुखी बनाओस् । यही छ सबै नेपालीको इच्छा ।

# बराह ज्वेलरीको ग्राहक, सेयर सदस्यसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न

वि.सं. २०५२ भदौ ५ गते स्थापना भएको बराह ज्वेलरी इण्डष्ट्रिज प्रा. लि. ले हालै राजधानीमा ग्राहक, सेयर सदस्यसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । नुन देखि सुनसम्म, धरानदेखि काठमाडौं, पोखरा, चितवन हुँदै हङ्कङ्, युके र दुबईसम्म फैलिएको बराह ज्वेलरी इण्डष्ट्रिज विश्वभर फैलिएका नेपाली माझ विश्वासको प्रतीक बन्न सफल भइसकेको छ । अन्तर्राष्ट्रिय बजारमा समेत आफ्नो पहुँच विस्तार गरी विदेशी डलर भित्र्याएर नेपाललाई समृद्ध बनाउँने अभियानमा लागेको बराह ज्वेलरीले जनतालाई रेस्क्यू गर्ने सामाजिक सेवा कार्य पनि गरेर बराह अवतार लिएर भगवान् विष्णुले पृथ्वीवासीलाई जोगाएर जसरी रेस्क्यू गरेका थिए त्यसरी नै बराहको नामको अर्थ झल्कने काम बराह ज्वेलरीले पनि गर्दै आएको कुरा कार्यक्रममा अतिथिहरूले बोल्नु भएको थियो ।

कर्मयोगी शिव लामिछाने बराह ज्वेलरी इण्डष्ट्रिजको अध्यक्ष हुनुहुन्छ । उहाँका पिता स्व. इन्द्र कुमार लामिछानेले स्थापना गर्नु भएको बराह ज्वेलरी दिनप्रतिदिन नेपालमा र अन्तर्राष्ट्रिय स्तरमा समेत पपुलर भइरहेको छ । पाटन औद्योगिक क्षेत्रमा ग्रुप अफ इण्डष्ट्रिज नै खोलेर अब समृद्धीका लागि नयाँ ढंगले विभिन्न क्षेत्रमा सेवा विस्तार गरी रोजगारीको प्रर्याप्त अवसर सिर्जना गर्ने उद्देश्य लिएको बराह ग्रुपले अर्ग्यानिक खेती, कृषि फर्म लगायत आधुनिक प्रविधि अनुसार नयाँ मेकानिज्ममा आधुनिकिकरण गर्दै आर्थिक क्षेत्रमा नयाँ फड्को मार्ने उद्देश्य लिएको कुरा अध्यक्षले प्रकाश पार्नु भएको थियो ।

छरिएर रहेको जनताको पुँजीलाई सहकारी मार्फत संकलन गरी जनतालाई उचित प्रतिफल दिदै बराहले आफ्नो २४ वर्ष पुग्दासम्म बजार विस्तार गर्दै समग्र मुलुक र विदेशमा समेत सेवा विस्तार गरी एक प्रतिष्ठित इण्डस्ट्रिज बनाई सुनचाँदीको क्षेत्रमा एक विश्वसनीय नाम राख्न बराह सफल भएको कुरा वक्ताहरूले स्वीकार्नु भयो । जनतालाई लगानी गर्न लगाएर बराहले त्यो लगानीलाई सुरक्षित ढंगले बजारमा सुनचाँदी व्यवसाय मार्फत नेपाली जनतालाई समृद्ध बनाई सुखी जनता, समृद्ध नेपालको अभियानमा लागि परेको छ ।

विगतदेखि वर्तमान सम्मको बराहको गतिविधि भिडियो मार्फत उपस्थित सबैलाई प्रदर्शन गरी बराह ज्वेलरीले आफ्ना सबै गतिविधि सार्वजनिक गरेको थियो । इन्द्रबराह यात्रु वाहक बस तथा माइक्रो बस सेवा, ट्राभल समेत संचालन गरेको बराह ज्वेलरी परिवारले नुन देखि सुनसम्मको सेवा दिइरहेकाले अब बराह एयरलाइन्स समेत स्थापना गर्ने अभियानमा लाग्न ग्राहक सदस्य पत्रकार लक्ष्मी नारायण भट्टराईले अन्तरक्रिया कार्यक्रममा सुझाव दिनु भएको थियो ।

बराह ज्वेलरीका धरान प्रमुख मानबहादुर ज्यू लगायत मुलुकका विभिन्न क्षेत्रमा विशिष्ठ स्थानमा सेवा पुऱ्याउनु हुने विद्वान व्यक्तित्वहरूले पनि बराह परिवारको उत्तरोत्तर प्रगतिको कामना गर्दै आ–आफ्ना धारणा राख्नु भएको थियो । अग्निचक्र पनि बराहको उज्वल भविष्यको कामना गर्दछ ।





अध्यात्म - **मुकुन्दप्रसाद उपाध्याय**

# प्रेमयोग-प्रेमानन्द

योगको परिभाषा गर्दा हामी सामान्यतया आत्मा र परमात्माको मिलन र सूक्ष्म शरीरको करणशरीरसँगको एकता वा आत्माको परमात्मासँगको वियोग वा दूरीको अभ्यास (भ्रम वा माया) लाई हटाउनुलाई नै योग भन्ने गर्दछौं । योगका विभिन्न साधन र मार्गहरूमा प्रेमयोग पनि एउटा मार्ग हो । कर्मयोग, ज्ञानयोग र भक्तियोगमा वृहद् चर्चा हुने गरेको छ । भक्तियोगमा नवधाभक्तिको चर्चा हुने गरेको छ । भक्तिमार्गका महायोगीहरूको नाम लिनुपर्दा देवर्षि नारद, भक्त हनुमान, सन्त तुलसीदास, सन्त कवीर, सुरदास महाराज, चैतन्य महाप्रभु, रामकृष्ण परमहंस आदिको नाम आउँछ । प्रेमद्वारा भगवान् प्राप्त गर्ने भक्त प्रेमयोगीहरूको नाम लिनुपर्दा व्रजका गोपिनीहरू र मीराको नाम लिनुपर्ने हुन्छ ।

प्रेममा एकाकार भएर भगवान् प्राप्त गर्नु नै प्रेमयोग हो । चिन्मय प्रेममा एकाकार भई जुन आनन्द प्राप्त हुन्छ, त्यसैलाई प्रेमानन्द भनिएको छ । 'प्रेम' मा 'योग' जोडिनु र त्यही प्रेममा 'रोग' शब्द जोडिनुमा आकाश-जमिनको अन्तर छ । प्रेमरोगले न वास्तविक आनन्द प्रदान गर्छ, न त तृप्ति नै । त्यसले झन्-झन् तृष्णा र कुण्ठा बढाइदिन्छ । प्रेमरोग लागेमा मानिसमा प्रेमासक्ति बढ्छ । प्रेमासत्तिले क्रोध बढाउँछ (किनभने अप्राप्तिको क्षणमा भयङ्कर क्रोध आउँछ), क्रोधले बुद्धि भ्रष्ट हुन्छ । जब बुद्धि नै भ्रष्ट हुन्छ, तब मान्छेको सर्वनाश हुन्छ । प्रेमरोगले प्रेमभक्ति बढाउँछ, हृदयलाई शुद्ध बनाउँछ, आँखाबाट चिसो वर्षा हुन्छ, आत्मा तृप्त हुन्छ, आत्मानन्द र प्रेमानन्दमा डुब्छन् भक्तहरू । त्यसैले हामीलाई योगारूढ हुन प्रेम चाहिन्छ । तर होस गरौं, यो प्रेम हामीभित्र रोगका रूपले नआओस्, अपितु योगका रूपले आओस् ।

तपस्वी जडभरतमा मृगप्रेम थियो । बिस्तारै-बिस्तारै त्यो प्रेमासक्ति बढेर प्रेमरोग भइदियो । त्यसैले त्यस्ता तपस्वीले पनि मृगयोनिमा जन्म लिनुपर्‍यो । वसुदेवको पुत्रप्रेम प्रेमयोग थियो भने धृतराष्ट्रले पुत्रप्रेम प्रेमरोग थियो । केही प्रेमप्रसङ्गहरूमा दुश्यन्त-शकुन्तला, शन्तनु-सत्यवती, नल-दमयन्ती, लैला-मजनु, हीर-राँझा, रोमियो-जुलियट आदि प्रेमकथाहरू उत्कृष्ट प्रेमकथा हुन् । तर हुन् त लौकिक र भौतिक नै । उत्कृष्ट प्रेम त हुन्, तर रोग नै हुन् । प्रेमयोग भन्न सकिन्न तिनीहरूलाई । इतिहासमा केही प्रेमरोगीहरू पछि प्रेमयोगी भएका उदाहरणहरू पनि छन् ।

सन्त तुलसीदास पहिले पत्नीप्रेममा अति आसक्त थिए । कतिसम्म आसक्त थिए भने एक दिन पत्नीसँगको बिछोड सहन नसकी उनी माइत गएकी पत्नीको पछि लागेर ससुरालीमा पुगे र झ्यालबाट कोठामा प्रवेश गर्नका लागि एउटा डोरीको सहारा लिए । भित्र पसेपछि पो उनलाई थाहा भयो त्यो लामो वस्तु त डोरी नभएर सर्प रहेछ । उनी प्रेममा कति आसक्त थिए भने डोरी र सर्पसमेत उनले छुट्ट्याउन सकेनन् । अनि पत्नीले भनिन् - "धिक्कार छ तिमीलाई । यति चाहना र आसक्ति पत्नीपट्टि नभएर भगवान् रामप्रति हुँदो हो त तिम्रो बेडा पार हुने थियो ।"

पत्नीको त्यो वचन उनलाई तिखो वाणझैं गढ्यो । तत्काल उनले गृहस्थान छाडेर प्रयागमा गई तपस्या गर्न थाले । उनी पत्नीको सट्टा भगवान् रामलाई प्रेम गर्न थाले र प्रेमयोगी हुन पुगे ।

पौराणिक कथाहरूबाट के बुझिन्छ भने यो सृष्टिको सञ्चालन एउटा निश्चित विधिको विधानबाट भएको छ । त्यसलाई वैज्ञानिकहरू 'प्रकृतिको नियम' भन्ने गर्दछन् । सर्वशक्तिमान् भगवान् पनि विधिको विधानलाई पालन गर्न पूर्ण प्रतिबद्ध हुनुहुन्छ । विभिन्न समयमा असुरहरूले घोर तपस्याबाट कहिले विष्णु, कहिले शिव त कहिले ब्रह्मालाई प्रसन्न पारेपछि अमरताको वर मागेका हुन्छन् । तर भगवान्ले 'जन्म लिनेले मर्नैपर्ने विधिको विधान म काट्न सक्तिनँ, अर्को वर माग' भनेका प्रसङ्गहरू छन् । पापी दुर्जनहरूबाट साधुजनको रक्षा गर्न भगवान्ले ढीलो गर्दा पनि 'पापको घडा भरिनुपर्ने कर्ममार्गको विधान' भन्ने गरिन्छ, तापनि यदाकदा ती विधान-नियमहरू पनि टुटेका छन्, अष्टचिरञ्जीवीहरू पनि भएका छन् र भक्तहरूको सदैव रक्षा भएकै छ । जब-जब परब्रह्म परमात्माले विधिको विधानमा हेरफेर, संशोधन र थपघट गर्नुपरेको छ, तब-तब त्यसको कारण अनन्य भक्ति र प्रेम नै भएको छ । भगवान्ले पटकपटक भन्नुभएको छ- "यो सारा ब्रह्माण्ड मेरो अधीनमा छ, तर म भने भक्तको अधीनमा छु ।"

भागवतमा राजा अम्बरीशको कथा छ, जुन ज्यादै रोचक र उपदेशात्मक पनि छ । राजा अम्बरीश बडो धार्मिक प्रकृतिका थिए, भक्त थिए । चक्रवर्ती सम्राट भएर पनि उनमा अहङ्कारको लेश मात्र पनि थिएन । उनी वीर थिए, तर अहङ्कार थिएन । यो गुण पाउन बडो कठिन छ । एकपटक राजा कुनै व्रत-अनुष्ठानमा थिए । व्रत पूरा भएको दिन दरबारमा दुर्वासा ऋषि आए र 'भोजनको प्रबन्ध गर, हामी स्नान गरेर आउँछौँ' भनी गङ्गातिर लागे । यता व्रतको पारायण गर्ने बेला बित्न लाग्यो । अतिथि, त्यसमा पनि दुर्वासालाई भोजन नगराई खान भएन । परेन त फसाद । अनि राजाले केवल जल मात्र पिएर व्रतको पारायण गरे । जब दुर्वासा फर्के, राजाले व्रतको पारायण गरेको थाहा पाएर क्रोधित भइहाले । राताराता आँखा पार्दै थरथर काँपेर उनले आफ्नो एउटा जटा उखेले र जमिनका पछारेर कृत्या राक्षसी उत्पन्न गरी राजालाई खतम पार्ने आदेश दिए । राजा अम्बरीशले आदरपूर्वक भगवान् विष्णुलाई आफ्नो कर्म समर्पण गरे । यत्तिकैमा भगवान् विष्णुको सुदर्शनचक्र राजाको रक्षार्थ उपस्थित भइहाल्यो । सुदर्शनचक्र राक्षसी कृत्यालाई त्यहीँ भष्म गरेर दुर्वासातिर फर्कियो । दुर्वासा डराएर भागे । तर सुदर्शनचक्रले पिछा छोडेन । दुर्वासा अघिअघि भागे, चक्र पछिपछि लाग्यो ।

तीनै लोक घुम्दा पनि चक्रले पिछा गर्न नछोडेपछि दुर्वासा ब्रह्माछेउ गएर प्राणरक्षार्थ आह्वान गरे । तर ब्रह्माले भन्नुभयो - "तिमीले ठूलो अपराध गरेका छौ । म केही गर्न सक्तिनँ । भगवान् शङ्करले केही गर्नुहोला कि । तिमी कैलाशमा जाऊ ।"

दुर्वासा कैलाशमा पुगे र भोलेनाथका पाउमा परे । भोलेनाथले भन्नुभयो - "अम्बरीशजस्ता महात्मा भक्तको तिमीले अनादर गर्‍यौ । अपराध त गरेकै हौ, त्यसमा पनि भगवान् विष्णुको सुदर्शनचक्रलाई शान्तपार्न म सक्तिनँ । तिमी उनै करूणानिधान, दयाका सागर भगवान् विष्णुकहाँ जाऊ । उहाँले नै तिम्रो प्राणको रक्षा गर्न सक्नुहुनेछ । हाम्रो केही लाग्दैन ।"

अनि केही सीप नलागेपछि उनी वैकुण्ठ गएर आफ्नो अपराधका लागि क्षमा माग्दै प्राणरक्षाका लागि निवेदन गरे । उनले भने - "मबाट ठूलो अपराध भयो, म स्वीकार्दछु र भगवान्सँग क्षमाप्रार्थी छु । मेरो रक्षा गर्नुहोस् । प्रभुले मेरो रक्षा गर्नु नै हुनेछ भन्ने मेरो विश्वास छ, किनकि प्रभुका धेरै नामहरूमध्ये एउटा नाम

ब्रह्मण्यदेव पनि हो । ब्राह्मणजनको रक्षा गर्ने सङ्कल्प हजुरले गर्नुभएकोले यो नाम रहेको हो ।"

अनि भगवान् विष्णुले भन्नुभयो – "हो, मेरो एउटा नाउँ ब्रह्मण्यदेव हो । तर मेरो अर्को नाउँ भक्तवत्सल पनि हो नि । भक्तको रक्षा गर्नु त मेरो धर्म हो । म बरू यो ब्रह्मण्यदेव नाउँ छाड्न सक्छु, तर भक्तवत्सल नाउँ छाड्न सक्तिनँ । किनभने म त भक्तको अधीनमा छु । म पनि यस बखत भक्त अम्बरीशको अधीनमा छु । त्यसैले तिमीलाई क्षमा गरेर प्राणदान दिने सामर्थ्य कसैसँग छ भने ती हुन् भक्त अम्बरीश । तिमी उनैका शरणमा जाऊ, उनैले तिम्रो प्राणरक्षा गर्नेछन् ।"

वैकुण्ठाधिपतिले समेत असमर्थता प्रकट गरेपछि दुर्वासा पुनः राजा अम्बरीशसमक्ष गए र कर जोडी बिन्ती गरे । राजाले विनम्रतापूर्वक ऋषिलाई प्रणाम गरे र सुदर्शनचक्रको स्तुति गर्न लागे । राजाको आग्रहले सुदर्शनचक्रले दुर्वासाको पिछा छाडेपछि ऋषिको प्राण बच्यो । यसबाट भगवान्को प्रेम र भक्तवत्सलता प्रकट हुन्छ । अब प्रश्न उठ्न सक्छ, प्रेम कसलाई गर्ने त ?

प्रेम त्यसलाई गर्नुपर्छ, जो सत्य छ र नित्य छ । भौतिक चर्मचक्षुले देखिने वस्तु वा इन्द्रियका विषयहरू सबै क्षणिक हुन् । जुन वस्तु हिजो थिएन, भोलि पनि रहनेछैन, तर आज दृष्टिगोचर छ, आज अनुभवग्राह्य छ भने त्यो मिथ्या हो । हामीले प्रेम गर्ने वस्तुहरूमा एउटा हो हाम्रो घर-खेत-सम्पत्ति, जुन हिजो आफ्नो थिएन र भोलि पनि आफ्नो रहनेछैन । नाताकुटुम्ब, पतिपत्नी, पुत्रपुत्री आदि पनि आजको यस जन्मको 'रेलवे-प्लेटफर्म' मा परिचित सहयात्री मात्र हुन् । ती हिजोको जन्ममा को-को थिए, थाहा छैन र भोलिको जन्ममा को-को हुनेछन्, त्यो पनि थाहा छैन । ती सबैभन्दा पनि नजिक भनेर सबैजना आफ्नो भौतिक शरीरलाई प्रेम गर्ने गर्दछन्, हेरचाह र स्याहारसुसार गर्ने गर्दछन् । तर त्यो शरीर पनि हाम्रो होइन । यो पञ्चतत्व (जल, वायु, तेज, पृथ्वी र आकाश) ले बनेको हो र प्राणसँगको सम्बन्ध विच्छेद हुनासाथ यो पुनः पञ्चतत्वमै विलीन हुन्छ । यो शरीर हिजो सानो थियो, आज ठूलो भयो, भोलि जीर्ण होला, पर्सि पोलिएला । यो ध्रुवसत्य हो ।

हरेक परिवर्तनशील वस्तुको निश्चित आयु हुन्छ । निश्चित आयु हुने वस्तु जतिसुकै प्रिय र जतिसुकै शक्तिशाली देखिए पनि त्यो मिथ्या हो, सत्य होइन । जो सत्य हुँदै होइन, यो जान्दाजान्दै असत्य वस्तु, मिथ्या वस्तुलाई किन प्रेम गर्ने ? प्रेम गरेर किन समय खेर फाल्ने ? प्रेम त नित्य-सत्य वस्तुसँग पो गर्नुपर्छ, जो हिजो पनि आफूसँगै थियो, आज पनि आफूसँगै छ र भोलि पनि आफूसँगै रहनेछ । त्यो नित्य-सत्य तत्व नै हाम्रो सच्चा मित्र हो । त्यो हो परमात्मा वा आत्मतत्व वा ईश्वर, परब्रह्म । सच्चा मित्र त्यही हो । त्यसैलाई प्रेम गर्नुपर्छ । किन पनि भने त्यो हाम्रो सच्चा मित्रले सदैव हामीलाई प्रेम गरिरहेको छ, शदियौँदेखि गरिरहेछ र शदियौँसम्म गरिरहनेछ । बदलामा हामीबाट केही नचाहेरै निरन्तर प्रेम गरिरहेछ ।

ध्यान दिएर हेरौँ त, चिन्तन गरेर हेरौँ त, त्यो परम मित्र परमात्मा श्यामसुन्दर सदैव मृदुमुस्कानका साथ प्रेममय दृष्टिपात गरेर, हात फैलाएर हामीलाई अँगालोमा लिन आतुर हुनुहुन्छ । उहाँको यो आतुरता स्वच्छ छ, निर्मल छ । त्यसमा कुनै स्वार्थ छैन, जुन बन्धुवान्धवको आत्मीयता वा अङ्कमालमा निश्चित रूपले हुन्छ । मात्रामा फरक होला, तर निश्चित रूपले हुन्छ । त्यसैले मिथ्या वस्तुसँगको प्रेम रोग हो भने सत्य वस्तुसँगको प्रेमचाहिँ योग हो । रोगको गन्तव्य दुःखमय मृत्यु हो भने योगको गन्तव्य परमानन्द, दिव्यानन्द र प्रेमानन्द हो । यसमा दुई मत छैन ।

प्रेम गर्न त्यति गाह्रो छैन, सजिलै छ । तर प्रेमलाई निरन्तरता दिन केही गाह्रो छ । त्योभन्दा पनि गाह्रो प्रेमलाई स्वार्थको घेराबाट बाहिर ल्याउनुमा छ । अफ त्योभन्दा पनि गाह्रो त कसलाई प्रेम गर्ने हो, त्यो छुट्याउनु र ठम्याउनुमा छ । जो आफ्नो हो, यसलाई नै प्रेम गर्ने हो । तर को आफ्नो हो, त्यो चिन्न नै कठिन छ । वास्तवमा जो आफ्नो हो, त्यसलाई चिनेपछि ऊसँग एकाकार हुनु नै मोक्ष हो । एकाकार गरिने विभिन्न मार्ग, (जसलाई योग पनि भनिन्छ), मध्ये सुगम, सहज र सरस मार्ग नै प्रेममार्ग वा प्रेमयोग हो ।

प्रेमयोगी एउटी त्यस्ती रूपवती र गुणवती सृष्टिसुन्दरी हो, जसले सोह्रश्रृङ्गार गरेकी छ । ती श्रृङ्गारहरूका कारणले ती धपधपी बलेकी छन् । ती श्रृङ्गारहरू यसप्रकार छन् –

| | |
|---|---|
| १) इच्छा | २) आस्था |
| ३) विश्वास | ४) निष्ठा |
| ५) सरलता | ६) भक्तिभाव |
| ७) धारणा | ८) सङ्कल्प |
| ९) समर्पण | १०) करूणा |
| ११) मैत्री | १२) रसमाधुर्य |
| १३) धैर्य | १४) असङ्कोच |
| १५) क्षमा | |
| १६) दिवानगी (पागलपन, उद्वेग-प्रवाह) | |

ब्रह्मको उपादान आनन्द हो । यसलाई कसरी बुझौँ भने ब्रह्मको पर्यायवाची शब्द नै आनन्द हो । त्यसैले त ब्रह्मसाक्षात्कारको अवस्थालाई ब्रह्मानन्द भनिएको हो । कसैले ब्रह्मलाई सच्चिदानन्दमय भनेका छन् । अर्थात् ब्रह्मको स्वरूप आनन्दमय छ । कस्तो आनन्दमय भने सत्-चित्-आनन्दमय । क्षणिक आनन्द, क्षणभङ्गुर आनन्द होइन, सदावहार आनन्दमय, दिव्य आनन्दमय । असत् आनन्द होइन । इन्द्रियसुखबाट प्राप्त हुने क्षणिक आनन्द असत् आनन्द हो । त्यसको विपरीत चिरस्थायी आनन्दमय छ त्यो । त्यस्तै चिदानन्दमय पनि छ, चैतन्यमय आनन्द पनि छ । जगत्मा दुई वस्तु छन्- जड र चेतन । जड वस्तुले पनि आनन्द दिन्छ, नदिने होइन । तर त्यो आनन्द क्षणिक हुन्छ, कालान्तरमा दुःखमय नै हुन्छ । जड वस्तुले दिने आनन्दले तृष्णा बढाउँछ, प्यास बढाउँछ र अप्राप्तिमा क्रोध बढाउँछ भने चैतन्यले दिने आनन्दले अफ आनन्द मात्रै बढाउँछ र परमानन्दमा पुऱ्याउँछ । त्यसैले ब्रह्म सच्चिदानन्दमय छ । ब्रह्मको त्यो आनन्द प्रेमविना असम्भव छ । प्रेमयोगबाट ब्रह्मसाक्षात्कार गर्नेहरू प्रेमानन्दमा डुब्दछन्, प्रेमरसरूपी मदिरामा डुब्दछन् । उनीहरूको आँखाबाट बलिन्द्र धारा आँसु बर्सिरहन्छ । ज्ञानयोगबाट ब्रह्मसाक्षात्कार गर्नेले पनि ब्रह्मलाई चिन्दछ, जान्दछ तर निराकार, निर्विकार र निरञ्जन रूपमा । यस रूपमा जान्ने ज्ञानीले पाउँछ त नीरसता, वैराग्य । 'ब्रह्मसत्यं जगन्मिथ्या' भन्दै ऊ सधैँ सर्वत्र शून्य देख्तछ । प्रत्येक हरियो वस्तुमा पनि, रङ्गीन वस्तुमा पनि 'त्यो एकदिन खरानी भइहाल्ने हो' भनी खरानी मात्रै देख्तछ । ब्रह्मलाई 'सत्यम् शिवम् सुन्दरम्' का रूपमा बुझ्न चाहनेले प्रेमानन्दको इच्छा राखी प्रेमयोगको नै बाटो समाउनुपर्दछ ।

हरेक मानिसलाई 'तिमी के चाहन्छौ ?' भनेर सोधेमा प्रायः सबैले भन्दछन्- 'सुख, अमनचैन चाहन्छु ।' कसैले भन्ला – 'शान्ति चाहन्छु ।' चाहन्छन् सबै सुख, शान्ति र अमनचैन । अनि तिनीहरूको प्राप्तिका लागि जीवनभरि सङ्घर्ष गर्दछन् र परिश्रम गर्दछन् । त्यो सुख केले प्राप्त हुन्छ, थाहा छैन । तर आ-आफ्नो दृष्टिकोणअनुसार भोजन, लत्ताकपडा, राम्रो घर र मोटरगाडीले सुख देला भनी त्यतै दौडिन्छन् । ती खरिद गर्न सकिने वस्तु भएकाले पैसा कमाउनतिर ध्यान दिन्छन् । तर ती सबैको प्राप्तिपछि पनि मानिस सुखी हुँदैनन्, किन त ? किनभने कुनै पनि बिक्री हुने वस्तु

वा किन्न सकिने वस्तुले कदापि सुख दिँदैन । खरिद-बिक्री नहुने यौनजन्य वस्तुले दिने सुख पनि क्षणिक नै हुन्छ । सुख, शान्ति र आनन्द भनेर हामी समष्टिगत रूपमा लिने गर्दछौं । तर सुख, शान्ति र आनन्दमा निकै भिन्नता छ । त्यो भिन्नता के हो भने सुख खोज्ने हामीले होइन, हाम्रो भौतिक देहले हो, स्थूलशरीरले हो । शान्तिचाहिँ सूक्ष्मशरीरले र आनन्द कारणशरीरले खोज्छ ।

हामीभित्र तीन किसिमका शरीर छन् । एउटा स्थूलशरीर, छाला-मासुको पिण्डभित्र पञ्चज्ञानेन्द्रिय र पञ्चकर्मेन्द्रिययुक्त । देखिने, जन्मिने, मर्ने र कर्म गर्ने जुन शरीर छ, त्यो हाम्रो स्थूलशरीर हो । मन, बुद्धि, चित्त र अहङ्कारयुक्त एउटा अर्को भित्री शरीर पनि छ । त्यो हो सूक्ष्मशरीर । यो शरीर सदैव हामीसँगसँगै रहन्छ । जन्मअघि पनि रहेको, मृत्युपर्यन्त पनि रहने, नदेखिने, स्वयं कर्म नगर्ने यो एक भावप्रधान शरीर हो । यो शरीरले सुख, दुःख, माया, ममता, घृणा, द्वेष, काम, प्रेम आदिको अनुभव गर्छ । अर्को शरीर यसभन्दा पनि सूक्ष्म छ । त्यो हो आत्मा । आत्मा सूक्ष्मशरीरको साक्षी मात्र हो । यो स्थूल र सूक्ष्मशरीरको कारण भएकोले यो शरीरलाई कारणशरीर भनिएको छ । अर्थात् हाम्रो शरीर जेबाट बन्यो र जेमा गएर मिल्दछ, त्यो तत्व नै कारणशरीर हो । त्यसलाई आत्मतत्व पनि भने हुन्छ ।

यसरी हाम्रा तीन शरीरमध्ये सुख कसले खोज्दछ ? स्थूलशरीरले । किनभने सुख इन्द्रियको विषय हो । तर हाम्रो सूक्ष्मशरीरले सुख नखोजी शान्ति खोज्दछ । शान्ति इन्द्रियको विषय होइन, तर इन्द्रियको 'रिमोट कन्ट्रोलर' मनको विषयचाहिँ हो । हाम्रो कारणशरीर ( आत्मा) ले न त सुख खोजेको हुन्छ, न त शान्ति नै । त्यसले त आनन्द खोजेको हुन्छ । त्यो स्वयम् कारण हो र आनन्दमय छ, त्यसैले त्यसले खोज्ने त आनन्द नै हो नि । जसरी परब्रह्म परमात्मा आनन्दमय छ, त्यसरी नै ब्रह्मको अंश हाम्रो आत्मा पनि आनन्दमय छ । त्यसैले एकथरी सन्तहरू भन्दछन् – 'भगवान् ब्रह्म आफूभित्रै छ, आत्मा नै ब्रह्म हो । 'अहम् बह्मास्सि' वा 'अयमात्मा ब्रह्मः' । यस अर्थमा पनि हाम्रो शरीरको स्थूलतापछि सूक्ष्मशरीर पार गर्दै पुग्नुपर्ने कारणशरीरलाई जोड्ने सेतु पनि प्रेमयोग नै हो, प्रेमानन्द नै हो ।

भौतिक शरीरले अर्को भौतिक शरीरसँग वा सूक्ष्मशरीरले अर्को भौतिक शरीरसँग गर्ने प्रेम वास्तवमा प्रेम नभएर वासना वा इन्द्रियको दिनचर्या मात्र हो । त्यस्तै, एक सूक्ष्मशरीरले अर्को सूक्ष्मशरीरलाई गर्ने प्रेम वासना र भौतिक तृप्ति त होइन, तर प्रेमयोग पनि होइन । हो त यो प्रेमरोग । तर उत्कृष्ट प्रेम जीवात्माले जीवात्मालाई गर्ने सूक्ष्म प्रेमसम्म हो । यसले पनि तृष्णा, कुण्ठा, छटपटी, क्रोध आदि जन्माउने हुँदा यसलाई पनि प्रेमरोगकै श्रेणीमा राखिएको छ । किनभने यस्तो प्रेम पनि नजिकिँदै जाँदा क्रमशः कम हुँदै जान्छ र टाढिँदै जाँदा पनि क्रमशः घट्तै जान्छ । तर ईश्वरसँगको प्रेम ( जुन योग पनि हो) मा नजिकिँदै जाँदा झन्-झन् बढ्दै गएर प्रेमानन्दको, दिव्यानन्दको प्राप्ति हुन्छ भने टाढिनुपर्दा त झन् प्रेम बढेर आउँछ, उर्लेर आउँछ । त्यसले पनि आनन्द नै प्रदान गरिरहेको हुन्छ । प्रेमयोगमा लाग्नेहरू यसका विभिन्न शृङ्गारहरू धारण गरेपछि पूर्ण प्रेमयोगी भई प्रेमानन्दमा डुब्न थाल्दछन् ।

सर्वप्रथम प्रेममार्गमा लाग्ने (यो प्रेमरोगीहरूको पनि लक्षण हुन सक्छ) इच्छा हुनुपर्छ । त्यो इच्छा प्रबल हुँदै जानुपर्ने हुन्छ । इच्छा नै भएन वा जागेन भने कुनै पनि पनि लक्ष्यमा पुग्न सकिन्न । सर्वप्रथम जाने वा पुग्ने गन्तव्यप्रतिको इच्छा जागृत हुनुपर्ने हुन्छ । इच्छा त छ, तर आस्था छैन भने पनि गन्तव्यमा पुगिँदैन । गन्तव्यमा जाने इच्छा त छ, तर गन्तव्य नै छ कि छैन, सत्य हो वा मिथ्या हो भन्ने भ्रम पालेर हुँदैन । गन्तव्य र मार्ग दुवैप्रति आस्था हुनु जरूरी छ । अनि आस्थापछि विश्वास आउँछ । विनाआस्थाको विश्वासले काम गर्दैन । विज्ञानका धेरै कुराहरूमा विनाआस्थाको विश्वासमा बाँचिरहेका हुन्छौँ । आस्था छैन, तर अनुसन्धानले पुष्टि गरेको, कुनै ल्याबमा परीक्षण भएको, गणितले प्रमाणित गरेको आधारमा विश्वास गरिरहेका हुन्छौँ । अध्यात्म जगत्मा त्यस्तो हुँदैन । यहाँ त आस्थाको आवरणभित्र विश्वास बसेको हुन्छ । हरेक पुत्रले पिता त्यही हो भनेर किन मान्छ ? आमाप्रतिको आस्थाले आमामा विश्वास गरेर मान्छ । यसमा विज्ञानको, प्रमाणको र गणितको प्रश्न गौण बन्न जान्छ । त्यसरी नै निष्ठाविनाको विश्वास पनि सुगन्धविनाको फूलजस्तै हुन्छ । सिद्धान्तप्रतिको निष्ठा र दृष्टिकोणप्रतिको निष्ठा नभई गन्तव्यमा पुग्न सकिन्न भने पनि हुन्छ ।

प्रेमयोगी साधक सदैव सरल हुन्छ । सरल भएपछि सहजता पनि आउने गर्दछ । जटिलता प्रेममार्गमा ठूलो बाधा हो । सरलता भनेको मनको सरलता हो, मन शुद्ध र खाली राख्नु हो । शुद्ध र खाली मन सरल हुन्छ र त्यो सरल मनमा नै दिइएका कुराहरू अटाउने वा अड्ने गर्छन्, पोखिँदैनन् । एक किसिमको धारणाले भरिएको मान्छेको मनमस्तिष्कमा नयाँ कुरा छिटो प्रवेश गर्दैन ।

एकजना गुरू हुनुहुन्थ्यो । उहाँको आश्रममा दैनिक भक्तहरू, शिष्यहरू, जिज्ञासुहरू आइरहन्थे । त्यस्तै एक शिष्य पनि कहिलेकाहीँ आउने गर्दथ्यो र भन्दथ्यो – "गुरू । मलाई ज्ञान दिनोस्, दीक्षा दिनोस् ।" कहिले भन्दथ्यो – 'ब्रह्मज्ञान दिनोस् ।" गुरूचाहिँ 'हुन्छ-हुन्छ' भन्दै टार्दै जानुहुन्थ्यो । एकदिन ऊ बिहानै गुरूको आश्रममा पुग्यो र पुनः तिनै कुराहरू दोहोऱ्यायो । गुरूले भन्नुभयो – "हुन्छ, पहिले दूध त खाऊँ ।"

अनि एक शिष्यले एक गिलास दूध ल्याएर अगाडि राखिदियो । एक- दुई घुट्को पिएपछि गुरूले भन्नुभयो – "तिमीलाई चिया मन पर्छ ?"

उसले भन्यो – "साह्रै मन पर्छ गुरू ।"

'त्यसो भए अझ लेऊ, म दिन्छु' भनी गुरूले ठूलो मगबाट गिलासमा चिया हाल्न थाल्नुभयो । चिया भरियो, तर गुरूले हालिरहनुभयो । चिया पोखिएर छताछुल्ल भयो । उसको कपडा पनि भिज्यो । उसले भन्यो – "यो के गरेको गुरू ? भरिएको भाँडोमा हालेपछि त पोखिन्छ नि ! त्यति पनि हेक्का राख्नुभएन हजुरले ?"

गुरूले भन्नुभयो – "हो, ठीक भन्यौ । भरिएको भाँडोमा अर्को चीज हाल्दा पोखिने रहेछ, होइन त ? ठीक त्यसरी नै तिम्रो मनको भाँडो पनि अर्कै-अर्कै कुराहरूले, दृष्टिकोणहरूले भरिएको छ । त्यसमा मैले ज्ञान भरिदिँदा यसरी नै त्यो पनि पोखिन्छ, नोक्सान हुन्छ । मसँग केही लिने इच्छा भए खाली भएर आऊ, अनि त्यो खाली भाँडोमा मैले दिएको वस्तु अडिन्छ, पोखिन्न ।"

यसको अर्थ के हो भने प्रेममार्गमा मन सरल र ठीक राख्नुपर्ने हुन्छ, त्यो खाली भाँडो सफा पनि हुनुपर्ने हुन्छ । फोहोर भाँडोमा अट्न त अट्छ, तर हाल्नेलाई हाल्नै मन लाग्दैन । मन खाली मात्र होइन, सफा पनि हुनुपर्छ । यो कुरालाई प्रस्ट गर्न अर्को एक रोचक सन्दर्भ पनि छ ।

एउटा गाउँको छेउमा एकजना साधुको सानो कुटी थियो । त्यहाँ गाउँका गृहस्थहरू र गृहिणीहरू प्रवचन सुन्न गइरहन्थे । गाउँकी एउटी मुखिनी पनि त्यहाँ जाने गर्दथिन् । उनले पनि ती गुरूलाई ब्रह्मज्ञान दिन बारम्बार आग्रह गर्थिन् । गुरू 'सत्पात्र बन, भइहाल्छ नि !'

भन्ने गर्नुहुन्थ्यो । 'सत्पात्र बन' भन्नुको गूढ अर्थ उनी बुझ्दिनथिन् । त्यो गूढ कुरो बुझाउनैपर्‍यो भनेर गुरू एकदिन भिक्षाटन गर्न भनी तिनै मुखिनीको द्वारमा जानुभयो । मुखिनीले सिदा दिन खोज्दा गुरूले भन्नुभयो – "आज मेरो प्रसाद तयार गर्ने शिष्य बिरामी छ । मलाई अलिकति खीर पकाएर देऊ । म त्यही खान्छु र शिष्यलाई पनि लगिदिन्छु । बरू म एकछिन यहीँ प्रतीक्षा गर्नेछु ।"

केही बेरपछि खीर पाक्यो र बरन्डामा आएर मुखिनीले गुरूलाई भाँडो थाप्न भनिन् । गुरूले थैलोबाट धेरै दिनदेखि नमाझेको र लेग्रैलेग्रा भएको एउटा फोहोर कमण्डलु झिक्नुभयो र भन्नुभयो – "यसैमा हाल । म लिएर जान्छु ।"

मुखिनी बज्यैले भनिन् – "ओहो ! यस्तो फोहोर ? यो फोहोर भाँडोमा हालेको कसरी खाने ? यस्तो भाँडोमा पनि खीर हाल्ने ? म नै बरू अर्को सफा भाँडोमा दिन्छु । भोलि भाँडो लिन आउँला ।"

गुरूले भन्नुभयो – "हो, बल्ल बुझ्यौ सत्पात्रको अर्थ । त्यो जाबो खीर, जुन एकछिनमै बासी हुन्छ र मल बनेर माटोमा मिल्छ, त्यो वस्तु त तिमीले भाँडो फोहोर देखेर हाल्न मानिनौ र अर्को भाँडो खोज्यौ भने मैले त्यो दिव्य, अनुपम र दुर्लभ ब्रह्मज्ञानचाहिँ कमण्डलुभन्दा धेरै मैलो भाँडोमा हाल्न सक्छु र ?"

मुखिनीले बल्ल सत्पात्रको महत्व बुझिन् । अर्थात् मन सफा नभए त्यहाँ राम्रो वस्तु कसैले हाल्दैहाल्दैन । भक्तिविनाको प्रेम इन्द्रियको घेराभित्र कैद हुन खोज्दछ । प्रेमलाई आफ्नो इन्द्रियहरूको झ्यालखानाबाट बाहिर निकाल्ने शृङ्गार नै भक्ति हो । भक्तिविनाको प्रेम रोगका रूपमा रहेको हुन्छ । मनको रेलयात्रामा धारणालाई 'रिजर्भेसन' भने हुन्छ । विनाआरक्षणको यात्रा पीडादायी हुन्छ र गन्तव्यसम्म पुग्ने निश्चितता पनि हुँदैन । अष्टाङ्गयोगमा पनि धारणालाई निकै महत्व दिइएको छ । त्यस्तै, सङ्कल्प पनि अर्को एक महत्वपूर्ण शृङ्गार हो । सङ्कल्प कर्ममार्ग, ज्ञानमार्ग र भक्तिमार्ग, तीनै मार्गमा नभई नहुने पूर्वसर्त नै भएकाले प्रेमयोगमा पनि यसको निकै महत्व छ ।

प्रेम होस् त करूणामय । क्रोध र कुण्ठाको जालोमा जेलिने प्रेम त इन्द्रियतृप्तिको साधन मात्र हो, रोग मात्र हो । शुद्ध प्रेम, जुन योग हुने योग्यता राख्छ, मा करूणा नभई हुँदैहुँदैन । मैत्रीविना त प्रेमयोग त के, प्रेमरोग पनि सम्भव हुँदैन । दिव्यप्रेम, गोपीकृष्णप्रेम, राधाकृष्णप्रेमको महत्वपूर्ण पक्ष हो रसमाधुर्यमय प्रेम, जुन अन्य प्रेमहरूमा विरलै भेटिन्छ । प्रेम त्यो हो, जसमा रस होस् र त्यो रस पनि अमिलो-टर्रो होइन, मधुर होस्, महजस्तो होस्, जसले दिव्यानन्द दिन सकोस् । त्यसैले प्रेमयोगका शृङ्गारहरूमध्ये यो केन्द्रीय शृङ्गार (गलाको हारझैँ) हो भन्नुपर्ने हुन्छ । प्रेममार्ग पनि कठिन र लामो हुन सक्छ । प्रेममार्गमा लाग्नेहरू सबै नै प्रेमानन्दमा डुब्न पाउँछन् भन्ने पनि छैन । त्यसैले प्रेमयोगको एउटा शृङ्गार धैर्यलाई मानिएको हो । प्रेममा सङ्कोच छ भने त्यो लौकिक नै छ र भौतिक नै छ भनेर बुझ्नुपर्ने हुन्छ । अलौकिक र अभौतिक प्रेममा सङ्कोच हुँदैहुँदैन । गोपिनीहरूले लोकाचार र वेदाचारको सङ्कोच गरेका भए सायद प्रेमयोगी बन्न सक्ने थिएनन् होला । प्रेममा प्रेमीको खोट र दोष हेरिन्न भने प्रेमीबाट जानेर वा नजानेर कुनै भूल भएछ नै भने पनि दण्डको विधान प्रेममार्गमा छँदैछैन, क्षमाको विधान मात्रै छ । प्रेममय समाज एक किसिमको पागलहरूको बस्तीजस्तो हुन्छ । किनकि त्यो बस्तीमा सबै नै मस्तीमा हुन्छन् । त्यसैले दिवानगी प्रेमको अर्को उत्कृष्ट शृङ्गार हो । यो शृङ्गारलाई निधारको विन्दी वा टीको भने हुन्छ । गोपिनी र मीराको दिवानगी उत्कृष्ट शृङ्गारको नमुना हो ।

*प्रेम गली अति साकरी, तामें दो न समाय ।*
– सन्त कवीर

प्रेमभक्तिमार्गको चर्चा गर्दा हामी भक्ति र प्रेमलाई द्वैतवादका रूपमा बुझ्ने गर्दथ्यौँ । प्रेम जसलाई गरिन्छ, त्यो एक तत्व र गर्नेवाला अर्को तत्वको स्थितिलाई लिएर हामी द्वैतभावको कल्पना गर्दथ्यौँ । 'ब्रह्म सत्यं जगन्मिथ्या', 'एकोहम् द्वितीयो नास्ति', 'अहं ब्रह्मास्मि' आदि महावाक्यहरूले मात्र अद्वैतवादको झल्को दिन्थ्यो । अद्वैतवादलाई पुष्टि गर्न ब्रह्मलाई निर्गुण, निराकार, निरञ्जन, निर्विशेष भनियो । ब्रह्मलाई साकार, सगुण, विशेष माने त द्वैत आइहाल्थ्यो नि भन्ने तर्क गरिन्थ्यो । तर भक्ति र प्रेमलाई सतही दृष्टिले हेर्दा मात्र त्यस्तो भाव आएको हो । प्रेममा प्रेमी र प्रेमिकाको भाव रहेसम्म त त्यो दिव्य प्रेम नभएर लौकिक प्रेम भयो वा वासना मात्र भयो । दिव्य प्रेम वा वास्तविक प्रेममा त आफ्नो र अर्काको उपस्थितिको आभास नै रहन हुँदैन । सगुण प्रारम्भ हो भने निर्गुण अन्त हो । सगुण प्रवेशमार्ग हो भने निर्गुण गन्तव्यस्थान ।

भागवतमा गरिएको महारासको वर्णनमा व्यासले परोक्ष रूपमा राधारानीको उपस्थितिको सङ्केत दिनुभएको छ । शरद्पूर्णिमाको त्यो रात्रिमा जब भगवान्ले सबै गोपिनीहरूलाई यमुनाको तीरमा बोलाउनुभयो, आफूलाई अनेक कृष्णमा विभक्त गर्नुभयो । जब गोपिनीहरूमा अहङ्कार जाग्यो, त्यो दूर गर्न र विरहाग्निमा उनीहरू कसरी जल्दा रहेछन् भनेर हेर्न भगवान् अन्तर्धान भइदिनुभयो । जब भगवान् अन्तर्धान हुनुभयो, तब गोपिनीहरू आनन्दलहरीबाट विमुख भई विरहवेदनामा छटपटिन थाले । आकुलव्याकुल भएर सबैले सल्लाह गरी भगवान्लाई खोज्न जाने सहमति बनाए । तर खोज्ने पो कहाँ ! बडो अप्ठ्यारो भयो । एउटी चतुर सखीले जुक्ति झिकी र भनी – "बालुवामा कन्हैयाका पाउ पछ्याउँदै जाऊँ, भेटिहालिन्छ नि !"

'हो' मा 'हो' मिलाएर सबैजना पदचाप खोज्न गए । नभन्दै पाउको डोब भेटियो । तर कन्हैयाका साथ एउटा नारीपाउ पनि सँगसँगै देखियो । सबैले लख काटे – 'हामीलाई झुक्याएर मन परेकी एउटी गोपिनीलाई लिई भगवान् एकान्तको खोजीमा जानुभएछ ।' यहाँ 'एउटी गोपिनी' भनेर व्यासले राधारानीप्रति सङ्केत गर्नुभएको हो । मनमनै ती एउटी गोपिनी ( राधारानी) प्रति ईर्ष्या र डाहले भित्रभित्रै सल्किएर तिनीहरू डोब पछ्याउँदै हिँडे । त्यो डोब पर जङ्गलतिर गयो । अलि घना जङ्गलमा पुगेपछि नारीपाउ हरायो । सबैले अड्कल काटे – 'त्यो नखरमाउलीले थाकेको वहाना गरिहोली, अनि कन्हैयाले उसलाई बोक्नुभयो होला ।' तर होइन । के हो भने कवीरले भनेझैँ प्रेममा विभोर भएर ती दुईजना नअट्ने गल्लीमा पुगेपछि दुई प्रेमी एक भए । 'प्रेम गली अति साकरी, तामें दो न समाय' । सन्त कवीरले भनेको कुरा सत्य देखिएको छ ।

गर्गसंहिताका अनुसार भगवान् श्रीकृष्ण राधाजीलाई भन्नुहुन्छ – "प्रेमसमान यस भूतलमा मलाई प्राप्त गर्ने अर्को कुनै साधन नै छैन ।"

महारासबीच भगवान् कृष्ण केही क्षणका लागि अन्तर्धान हुनुभएपछि भगवान्को अनुपस्थितिमा गोपिनीहरूले अनेकानेक विरहगीत गाएका छन् । ती गीतहरूमा वृन्दावनपालिका गोपिनीले भनेकी छन् – "निष्काम प्रेमको सुख वा स्वाद निष्काम प्रेमीले नै जान्दछ । जो कुनै कारणले (उद्देश्यले) वा कामना लिएर (सकाम) प्रेम गर्ने गर्दछ, उसले निष्काम प्रेमको सुख र स्वाद कसरी जान्दछ र ? के कहिल्यै हाम्रा कर्मेन्द्रियले रसको अनुभूति गर्न सक्छन् र ?"

'बन्दर क्या जाने अदरख का स्वाद' भनेझैँ लौकिक प्रेम गर्नेले निस्काम प्रेम वा दिव्य प्रेमको स्वाद थाहा पाउन सक्तैन ।

यही कुरालाई अझ पुष्टि गर्न श्रीकृष्ण कंशबधपछि पुनः वृन्दावन फर्केर राधासँग भेट हुँदा भन्नुहुन्छ- "हे राधे ! यस लोकमा प्रेमसमान अर्को कुनै वस्तु नै छैन । सत्पुरूषहरू जुन हेतुरहित प्रेमको आश्रय लिन्छन्, त्यसलाई पनि सन्त-महात्माहरूले निर्गुण नै मानेका छन् । बुद्धिमान् मानिसले तिमी राधा र म कृष्णमा त्यसरी नै भेदको कल्पना गर्दैनन्, जसरी दूध र दूधको सेतोपनबीच भेदको कल्पना गर्न सकिँदैन ।"

यसरी 'राधा र कृष्णबीच भेद नगरी, नदेखी हेतुरहित प्रेमद्वारा प्राप्त हुने भक्तिले युक्त महात्मा पुरूषहरूले नै मेरो ब्रह्मपद पाउनेछन्' भनेर स्वयं श्रीकृष्णले राधालाई भन्नुभएको छ । भगवान्ले यो पनि भन्नुभएको छ – "जुन बुद्धिहीन मानिसहरू यस ब्रह्माण्डमा कृष्ण र राधारानीबीच भेददृष्टि राख्लान्, ती मूर्खहरू यस लोकमा सूर्य-चन्द्र रहेसम्म कालसूत्र नर्कमा पर्नेछन् ।"

जसरी जलबाट जलको रचना, अग्निबाट ताप, फूलबाट गन्ध र आकाशबाट शब्दलाई अलग गर्न सकिँदैन, त्यसरी नै राधाबाट कृष्णलाई वा कृष्णबाट राधालाई अलग गर्न सकिँदैन । त्यसैले होला महात्मा ऋभुऋषिले राधाकृष्णको स्तुति यसरी गर्नुभएको छ –

*श्रीकृष्ण र कृष्णालाई प्रणाम*
*श्रीराधा र माधवलाई नमस्कार*
*परिपूर्णतमा र परिपूर्णतमलाई नमन*
*देव घनश्याम र श्यामालाई दण्डवत*
*रासेश्वर र रासेश्वरीलाई वन्दन*
*लीलाधर र लीलावतीको जय होस्*

असङ्ख्य ब्रह्माण्डाधिपति र ब्रह्माण्डनिधिलाई बारम्बार प्रणाम छ । राधा र कृष्ण अभिन्न अङ्ग, दुई देह एक तत्व, प्रकृति तथा पुरुष, परब्रह्म तथा महामाया भएर पनि किन द्वापरयुगमा राधा र कृष्णको वियोग बिछोड भएको होला भन्ने प्रश्न उठ्न सक्तछ । केही सन्तहरूको भनाइमा श्रीहरिका तीन पराशक्तिहरू विरजा, राधा र भूदेवी हुन् । यी तीनमा राधा नै अधिक प्रिय छिन् ।

श्रीकृष्णको परमधाम गोलोकमा एकपटक भगवान् श्रीकृष्ण एक कुञ्जमा एक शक्ति विरजासँग विहार गर्दै हुनुहुन्थ्यो । कसैले विरजालाई विजया पनि भनेका छन् । श्रीकृष्ण विरजासँग विहार गरिरहेको कुरा राधाले थाहा पाउनुभएपछि उहाँमा अचानक ईर्ष्याभाव वा सौताप्रति डाहको भाव जागेर आयो । राधा क्रोधित मुद्रामा रथारूढ भई त्यही कुञ्जमा जानुभयो । कुञ्जबाहिर श्रीकृष्णका प्रिय सखा श्रीदामा पहरा दिइरहेका थिए । श्रीदामाले राधालाई रोक्ने प्रयास गरे, तर सकेनन् । राधारानी क्रोधित भई कुञ्जभित्र पदार्पण गरेको अन्तर्यामी श्रीकृष्णले चाल पाउनुभयो र तत्क्षण अन्तर्धान हुनुभयो । विरजा डरले तत्काल नदीरूपमा परिणत भई बग्न थाल्नुभयो । गोलोकको वर्णन गर्ने सन्तहरूले विरजानदीको पनि बखान गरेको पाइन्छ । श्रीकृष्ण गायत्र र विरजा द्रवित भएपछि राधाको क्रोध केही शान्त भयो र उहाँ कुञ्जबाट फर्कनुभयो । राधा फर्केपछि श्रीकृष्ण पुनः प्रकट भई योगबलले विरजालाई पुनः स्त्रीदेह प्रदान गरेर विहार गर्न लाग्नुभयो । त्यो विहारपछि विरजालाई सात पुत्र प्राप्त भएको र ती पुत्रका कारण नै विरजालाई कृष्णवियोग भएपछि आफ्नै पुत्रहरूलाई श्राप दिएकाले ती सात पुत्र नै भूलोकमा सात सागर भएको भनाइ छ ।

पछि राधालाई मनाउन श्रीकृष्ण राधाकुञ्जमा जानुभयो । श्रीदामा पनि श्रीकृष्णका साथमै थिए । राधा रिसाउनुभएकै थियो । राधाले रिस प्रकट गर्दै भन्नुभयो – "यहाँ किन आउनुभएको ? जानोस् न उही विरजाछेउ । ऊ नदी भई, तपाईं नद भएर रहनू ।"

श्रीकृष्ण केही नबोली गम्भीर मुद्रामा फर्कनुभयो । त्यो दृश्य र राधाको त्यो अभिमान श्रीदामालाई निको लागेन । अनि श्रीदामाले राधालाई भने – "हे राधाजी ! श्रीकृष्ण त साक्षात् परिपूर्णतम ब्रह्म हुनुहुन्छ । उहाँ यो गोलोकका स्वामी मात्र नभई असङ्ख्य ब्रह्माण्डका अधिपति हुनुहुन्छ । श्रीकृष्णका इच्छामात्रले तपाईंजस्ता करोडौं शक्ति सृष्टि गर्न सक्नुहुन्छ । त्यस्ता परात्पर प्रभुको तपाईंले तिरस्कार गर्नुभयो । यो ठीक भएन । यति अहङ्कार पनि ठीक होइन ।"

राधालाई श्रीदामाको वचन बिझ्यो । उहाँले भन्नुभयो – "हे मूर्ख ! तँ बाबुको स्तुति त गर्दछस् , तर माताको अनादर गर्दैछस् । त्यसैले तँ राक्षस भएस् । तैँले राक्षस भएर यो गोलोकबाट बाहिरिनुपरोस् ।"

राधाले श्राप दिएपछि श्रीदामालाई पनि झोक चल्यो र विनासोचविचार उनी पनि राधालाई श्राप दिन पुगे । श्रीदामाले भने – "श्रीकृष्णलाई सदैव आफ्नो अनुकूल पाएर तपाईंमा अहङ्कार बढ्यो । तसर्थ परिपूर्णतम श्रीकृष्णसँग तपाईंको पनि एक सय वर्षसम्म वियोग होस् ।"

एक-अर्काको श्रापद्वारा श्रीदामा एक अंशले शङ्खचूड राक्षस भए भने २८ औँ द्वापरमा आएर राधाले एक सय वर्षसम्म श्रीकृष्णसँग छुट्टिएर बस्नुपर्‍यो भन्ने कुरा श्रुतिहरूले बताएका छन् ।

२८ औँ द्वापरमा जब परब्रह्म परमात्मा श्रीकृष्ण देवकीको आठौँ गर्भबाट यस धर्तीमा अवतरित हुनुभयो, राधा पनि वृषभानुनन्दिनीका रूपले व्रजमा अवतरित हुनुभयो । श्रीदामाको श्रापलाई चरितार्थ गर्न श्रीकृष्ण व्रजमा राधालाई एक्लै छाडी आफू द्वारकाधीश भएर १६१०८ रानीहरूका साथ द्वारकामा बस्नुभयो । राधा र कृष्णको यो वियोग नै एक सय वर्षको वियोग थियो । श्रीदामाको श्रापको एक सय वर्ष पुग्नै लागेको बेला वैशाख महिनामा सूर्यग्रहण परेको थियो । ग्रहणस्नान गर्न राधालाई सिद्धाश्रम जान मन लागेछ र उहाँ सहस्र सखीहरू लिई सिद्धाश्रम जानुभयो । यता द्वारकाधीश श्रीकृष्ण पनि सबै सबै रानीहरूलाई लिएर ग्रहणस्नान गर्न सिद्धाश्रम जानुभयो । त्यहाँ श्रीकृष्ण र राधाको पुनर्मिलन भयो । राधाको रूप, तेज र ऐश्वर्य देखेर एकसेएक सुन्दरी रानीहरू चकित भई राधासामु नतमस्तक भए । श्रीकृष्णका पटरानीहरूले राधालाई मान-सम्मान दिँदै प्रेम प्रकट गरेर आफ्नो शिविरमा लगे । रातमा भोजन आदि गरेर शयनकक्षमा निकैबेर भलाकुसारी गरे । व्रजका कथाहरू, बाललीलाहरू र महारासका प्रसङ्गहरू सुन्ने-सुनाउने क्रममा रात निकै छिप्पियो । रानीहरू बिदा भई सुत्नका लागि आ-आफ्ना कक्षमा गए । आठ पटरानीमध्येकी पटरानी रूक्मिणी जब कक्षमा पुग्नुभयो, उहाँले श्रीकृष्णलाई जागा नै पाउनुभयो । अनिद्राको स्थिति देखेर रूक्मिणीले सोध्नुभयो – "प्रभो ! अझै सुत्नुभएनछ । हजुरलाई किन निद्रा परेन ? सन्चो भएन कि ?"

श्रीकृष्णले गम्भीर मुद्रामा भन्नुभयो – "हे रूक्मिणी ! तिमीहरूले राधाको आदरसत्कार त गर्‍यौ, ठीकै छ । तर एउटा कुरामा कसैले ध्यान दिएनौ । त्यो के भने राति दूध नखाई राधा सुत्ने गर्दिनथिन् । आज दूध पिउन नपाई राधालाई निद्रा लागेको छैन । राधाका आँखामा निद्रा नपरी मलाई कसरी निद्रा लाग्न सक्छ र ?"

रूक्मिणी दूधको व्यवस्था गर्न लाग्नुभयो । अलिअलि ग्लानि र केही ईर्ष्याभावका साथ अन्य सात रानीहरूलाई लिँदै सुनको कचौरामा मिश्री र तातो दूध लिएर गई उहाँ राधालाई दूध पिलाएर फर्कनुभयो । दूध पिलाएर मात्र फर्कने उहाँको हठमिश्रित आग्रहका कारण राधाले

उनीहरूकै अगाडि त्यो दूध घटघटी पिउनुभयो । त्यसपछि रूक्मिणी कक्षमा फर्कनुभयो । श्रीकृष्ण निदाउने मुद्रामा पल्टनुभएको थियो । दैनिक क्रियाका रूपमा रूक्मिणी श्रीकृष्णका खुट्टा मिच्न लाग्नुभयो । प्रायशः रूक्मिणी श्रीकृष्णको पाउ दबाएर उहाँ निदाएपछि मात्र सुत्ने गर्नुहुन्थ्यो । रूक्मिणीलाई शास्त्रहरूले लक्ष्मीको अवतार मानेका छन् । खुट्टा मिच्ने क्रममा पटरानी रक्मिणीले श्रीकृष्णका दुवै पाउमा छाला तछारिएको र फोका भएको पाउनुभयो । रूक्मिणीलाई चिन्ता पऱ्यो र सोध्नुभयो – "प्रभो ! यो पाउमा के भयो ? हिजोसम्म त ठिकै थियो, आज यो पाउमा कसरी यस्तो भएछ ?"

भगवान्ले राधाकृष्णप्रेमको महिमा र गहिराइ प्रकट गर्दै भन्नुभयो – "राधिकेको हृदयमा मेरो चरण सदैव विराजमान भइरहन्छ । मेरा यी चरण राधाका हृदयबाट एक निमेषका लागि पनि अलग हुँदैनन् । आज तिमीहरूले कर गरेर राधालाई अलि बढी तातो दूध पिलाएछौ । दूध मनतातो होइन, मनग्ये तातो थियो । त्यही तातो दूध मेरो चरणमा परेकोले फोको उठेको हो ।"

भगवान्को त्यो वचन सुनेर रानीहरू स्तब्ध हुनुभयो । उहाँहरूलाई बडो विस्मय भयो र राधाप्रति अपार श्रद्धा जागेर आयो । अनि आपसमा भन्न लाग्नुभयो – 'श्रीकृष्णप्रति राधाको प्रेम निकै उच्चकोटिको रहेछ, अद्वितीय र अतुलनीय रहेछ । राधासमान प्रेयसी यस ब्रह्माण्डमा अर्को हुनै सक्तिन ।' यसो भनेर उहाँहरूले मुक्तकण्ठले राधाको जयजयकार गर्नुभयो ।

यो प्रसङ्गको वर्णन 'गर्गसंहिता' मा नारदले बडो राम्रोसँग गर्नुभएको पाइन्छ ।

त्यस्ता श्रीकृष्णमा पूर्ण समर्पित भएमा वा पूर्ण निष्ठाका साथ 'त्वम् शरणम्' गरेमा सबै जिम्मा भगवान्ले लिनुहुनेछ, ईश्वरले नै पार लगाउनुहुनेछ भन्ने भनाइ छ । यस भनाइलाइ पुष्टि गर्न सन्त महात्माहरूले भन्ने गरेको एउटा आख्यान छ ।

एउटा गाउँमा एकजना पण्डित प्रवचन गर्दै थिए । रामकथाको प्रवचन थियो । बिहान ८ बजेपछि कथा आरम्भ हुन्थ्यो । गाउँका सबै बूढापाका र गृहिणीहरू आ-आफ्नो अनुकूल समयमा आई कथाश्रवण गर्ने गर्दथे । त्यस गाउँमा एउटी गरिब कवाडी थिई । ऊ विधवा थिई र दैनिक रूपमा बजारमा तरकारी लगेर बेची त्यसैले बालबच्चाको पोषण गर्ने गर्दथी । ऊ तरकारी टाउकोमा राखेर बजार जाँदा प्रवचनको एउटा वाक्य सुन्दथी, जुन पण्डित बारम्बार दोहोऱ्याउने गर्दथे । त्यो थियो – 'रामनाम से भवसागर तर गई ।' अर्थात् भगवान् रामको नाम श्रवण, स्मरण र चिन्तनले भवसागर सजिलै तरिन्छ, डुबिँदैन । त्यो महिलाले सोची – 'कति पवित्र नाम रहेछ त्यो, जसले भवसागर अर्थात् ठूलो समुद्र नै तार्दो रहेछ ! म दैनिक रूपमा बजारमा जाँदा-आउँदा डुङ्गा तरेर जानुपर्ने हुन्छ । जाँदा एक सुका र आउँदा एक सुका लाग्छ । रामनामले नै खोला तर्न पाए त्यो पैसा बच्ने थियो ।' अनि ऊ डुङ्गा भएतिरबाट अलि टाढा गई र भित्री मनले पूर्ण समर्पणका साथ रामनाम जपेर खोला तरी । नभन्दै ऊ डुबिन, तर्न सकी । फर्कंदा पनि त्यसै गरी । अनि दैनिक डुङ्गा चढ्न छाडी ।

एकदिन उसले कथा भनिरहेको ठाउँमा गएर मिठाई र फलफूल अर्पण गरी पण्डितले सोधे – "तँ त्यस्ती गरिब, अनपढ र गँवारले यतिका फलफूल कसरी ल्याइस ?"

उसले पण्डितकै प्रवचनको कारणले रामनाम जपी खोला तरेर डुङ्गाको भाडा बचाएको र जम्मा गरेको त्यही पैसाले प्रसाद अर्पण गरेको कुरो बताई । कथा सकिएपछि राति पण्डितले सोचे – 'त्यो अनपढ र गँवार आइमाईले धर्मको 'ध' सम्म पनि जानेकी छैन । त्यसले त रामनामको स्मरणले खोला तरी भने म स्वयम् पण्डित, यत्रो साधना गरेको मान्छे, म त झन् गुरू । म पनि भोलि रामनाम जपेर खोला तर्नेछु ।'

पण्डित दुईजना शिष्य लिएर खोलाछेउ गए, कम्मरमा पहिले डोरीले बाँधे र शिष्यलाई भने – "म डुबेँ भने यो डोरी तानेर मलाई बचाउनू, म पौडन जान्दिनँ ।"

अनि आचमन गरी रामनाम स्मरण गर्दै मनमा भय र शङ्का लिएर उनी खोलामा पसे । तर तुरून्तै डुबे । शिष्यले तान्नुपऱ्यो । उनमा न समर्पणभाव थियो, न पूर्ण विश्वास नै थियो । त्यसैले उनी डुबे ।

त्यसरी नै प्रेमयोगमा जङ्घार तर्दा पनि पूर्ण निष्ठा, विश्वास र समर्पण भएन भने, मनमा शङ्का-उपशङ्का रह्यो भने प्रेमानन्दमा पुग्न सकिँदैन, बीचमै डुबिन्छ । तर डुबिन्छ प्रेममा होइन, भवसागरमा । यी सोह्र शृङ्गारहरूलाई समूहगत रूपमा विभाजन गरेर हेर्दा निम्नानुसार देखिन्छ–

**प्रेम – १**

प्रेमको किसिम : दुई स्थूलशरीरबीचको प्रेम वा इन्द्रियजन्य कर्म वा सूक्ष्मशरीरसम्मले स्थूलशरीरलाई गर्ने प्रेम । प्रेमरोग पनि नभई प्रेम-दुर्व्यसनका रूपमा

आवश्यक शृङ्गारहरूः इच्छा, धारणा, सङ्कल्प, मैत्री

**प्रेम – २**

प्रेमको किसिमः प्रेमरोग । दुई सूक्ष्मशरीरबीचको प्रेम । भौतिक र वासनामय नभई भावनात्मक कोटिसम्म पुगेको ।

आवश्यक शृङ्गारहरूः इच्छा, धारणा, सङ्कल्प, मैत्री + आस्था, विश्वास, निष्ठा, करूणा, क्षमा, सरलता

**प्रेम – ३**

प्रेमको किसिमः प्रेमयोग । सूक्ष्मशरीरले कारणशरीरलाई गर्ने प्रेम । जीवात्माले परमात्मालाई गर्ने प्रेम । ईश्वराभिमुख दिव्य प्रेम ।


आवश्यक शृङ्गारहरूः माथिका शृङ्गारहरू र भक्तिभाव, समर्पण, असङ्कोच, धैर्य, रसमाधुर्य र दिवानगी (पागलपन)

यी शृङ्गारहरू, जसलाई मानवीय गुणहरू पनि भन्न सकिन्छ, कम-बेसी हरेक कर्मक्षेत्रहरूमा चाहिन्छ । न्यूनतम गुणहरू, जस्तै : इच्छा, धारणा, सङ्कल्प र केही हदसम्मको निष्ठा हरेक कर्मक्षेत्रमा आवश्यक पर्दछ । विद्यार्थीहरूका लागि होस् या गृहस्थहरूका लागि, यी शृङ्गारहरूमध्ये धेरैथोक शृङ्गार चाहिन्छ ।

प्रत्येक पेसाका पेसाकर्मीहरूमा र व्यापारको क्षेत्रमा पनि, जुनसुकै व्यापार-व्यवसाय किन नहोस्, इच्छा, सङ्कल्प, धारणा, निष्ठा र समर्पणजस्ता शृङ्गारहरू अपरिहार्य हुन्छन् । यी शृङ्गार भनिएका गुणहरू हाम्रो सूक्ष्मशरीरका भावप्रधान विषयवस्तु हुन्, जसले हाम्रो सूक्ष्मशरीरलाई दिशानिर्देश गरिरहेको हुन्छ ।

यही दिशानिर्देशले नै मुमुक्षु कर्मबन्धनमा पर्ने वा मुक्त हुने कुरालाई निर्धारण गर्दछ । अर्थात् यी शृङ्गारहरूद्वारा हामीले हाम्रो मन, बुद्धि, चित्त र अहङ्कारयुक्त जुन सूक्ष्मशरीर छ, त्यसलाई कारणशरीर (शरीरको कारण, परब्रह्म परमात्मा) तिर फर्काउने हो कि स्थूलशरीर (पञ्चज्ञानेन्द्रिय र पञ्चकर्मेन्द्रिययुक्त हाडछालाको देह, जुन जन्मन्छ र मर्दछ) तिर फर्काउने हो ।

सूक्ष्मशरीरलाई स्थूलशरीर (दृश्य-प्रपञ्च) तिर फर्काउनुलाई प्रवृत्तमार्ग र त्यो सूक्ष्मशरीरलाई कारणशरीर (आत्मा) तिर फर्काउनुलाई निवृत्तमार्ग भनिएको छ । यसरी आफूलाई कुन मार्गमा हिँडाउने हो, सोको निरूपण गर्न र सहायता गर्नसमेत यी सोह्र शृङ्गारहरू निकै उपयोगी हुन सक्तछन् ।



controlled and regulated so as to be most conductive to RL in all its beauty and completeness.

**Q: How?**

A: By making us know that which can abolish all our troubles -- physical, intellectual, mental and intuitional -- forever.

**Q: Seekers have a tendency to go from one Teacher to another.**

A: Yes, I know! But say there are 10 shops to buy rice: one shop is enough. Likewise, one Realized Guru is enough.

Keep your Goal constantly under your mind's eyes. Anything that takes you nearer to your goal, you should accept; but others which take you away from it, discard!.

**Precautions:**

After following your Master for adequate number of years:



# GOD-LOVE / DEVOTION

**Dr. YB Shrestha Malla**

*Bhakti/God-love* is only one aspect of **RL**. In itself it can give you happiness just as *Karma* and *Gyana* taken separately. **RL** is the combination of all three:

1. Don't forget that we should not seek happiness; but we should seek perfection, all- round perfection; also remember that **the happiness you get from Bhakti alone is temporary and perishable.**
2. Gopis, for example, loved Krishna more than anyting else, but they did not realize God in their early period. Also don't forget that Sentimentality masking under the cloak of Bhakti can be dangerous!
3. The best combination is: Shankar's Gyana, Jaimini's Karma and Narada's Bhakti; we should possess them all, if we want the Highest possible good.

God is not pleased with us, if we just fold our hands before him without doing our Duties, just as we cannot please our seniors without doing our duties.

**Q: What do you mean by Giving up life?**

A: Giving up life means giving up all sensual enjoyments.

Living life means trying to achieve all-round perfection: this means that everything must be scrupulously

Find out: 1. Is your **Mind** stronger? 2. Is your **Intelligence** better? 3. What about your **God-Worhsip**? 4. Is your **Body** healthier?

If yes, accept; the Teaching, otherwise quit!

1. You should never mind, if suffering come to you while living **RL**. Be strong! Be brave like the devotee Pralhad! There are also other seekers who could do this; why not you?
2. Very fortunate seekers only have all conveniences in their life without effort. This is because they had practiced Charity in their past life/lives. Therefore you must practice it **now!**
3. **RL** is a real seclusion. Other seclusions are there for weak and cowardly seekers.

Consider yourself smaller than the smallest.

**Q: What if one is going to be killed or die?**

A: Do nothing except meditating on God as King Parikshit, the grandson of Arjun did.

**Q: Trying to know one's past lives by various methods are recommended. Should we try them?**

A: They are worth nothing; they usually do not free you from doubts and fears -- physical, mental and intuitional.

Our *Intellect* must do only useful actions (Duty) with dexterity. Our *Mind* should always be reasonable, never speculative nor sentimental. Then our Soul should meditate with patience and perseverance. When we know the Object of our search clearly, we can realize it with perfect ease, whether it be God or anything else, of course within reason.

**Q: What if there is dealy etc.?**

A: *Satwik mind* does not care the obstacles: it goes on to its goal regardless of them.

One cannot understand the value of spiritual life, till one lives it long enough, just as one cannot know the full value of education, till he reaches his secondary stage: that is why one needs patience & perseverance.

*Rajasic mind* takes notes of the obstacles; becomes baffled time and again here and there.

*Tamasic mind* is discouraged totally and stops from taking any further step! Know that what is sweet in the beginning and bitter in the end is Tamasic but Satwick is bitter in the beginning and sweet in the end.

**Master**

The king's strength lies in his **army**; the strength of a seeker lies in his **Master**. But He must be strong, accessible and Realized Soul.

Man has made Purusha, his King, a puppet in his life just as the usurper, the Rana Prime Minister has become a real ruler in Nepal! That is why there are many troubles. If a policeman arrests you for some crime, you should blame -- in case you must -- the **Ruler** not the police! Likewise when you are trying to live **RL**, if somebody harms you, blame -- in case you must -- God but not the harm-doer, who is only an instrument. You should never forget even for a single moment that you yourself are responsible for the harm! God is kind enough to send you in this life. Take this opportunity *to purify yourself. If you have happiness already, this is due to your own earning in the past.*

It is sheer humbug to say that anybody can give happiness to anybody, if the latter has not prepared it for himself/ herself. If one is not happy oneself, how can he help others to become happy!

**Q: Why we are unhappy?**


A: We are unhappy because we try to do more than our limited powers. In fact those who live **RL** should never be happy till they see God. If man does not realize Him, he will be rotating in the "Merry-go-round" machine of life & death *cycles ad infinitum*. Only when he minimizes his external duties and maximizes his God-thinking, he can escape this. For example, Gandhi & Tagore have no right to talk about religion; they are only cultural people. But remember that you, who are trying to live **RL**, should never be happy till you see God! If you don't do so, you will be rotating in the "wheels" of existence, like a robot in the merry-go-round- machine! Only when you decrease your external commitments to the minimum and increase God-love to the maximum, you can escape this.

**Q: Sir, I am very weak!**

A: Too much health is not necessary. Too much knowledge also is not necessary: *Right Practical Intelligence* is wanted. Listen to a story: there was a cat and a jackal. Suddenly a tiger appeared; the cat immediately jumped up the nearby tree and saved himself, whereas the jackal was bewildered and did nothing; so he was killed!

One must be satisfied with whatever one gets in life **(Byabahaarmaa Santoshi)** and be unsatisfied with Spiritual gains **(Paramaarthamaa Asantoshi)**, then one advances in **RL** -- this is the secret.

SB = Shivapuri Baba RL = Right Life





ॐ
श्रीपरमात्मने नमः

# एक परम रहस्यमय ग्रन्थको महिमा

**पृष्ठभूमि**

*त्वमेव माता च पिता त्वमेव, त्वमेव बन्धुश्च सखा त्वमेव ।*
*त्वमेव विद्या द्रविणं त्वमेव, त्वमेव सर्वं मम देवदेव ॥*
*वसुदेवसुतं देवं कंसचाणूरमर्दनम् ।*
*देवकीपरमानन्दं कृष्णं वन्दे जगद्गुरुम् ॥*

श्रीमद्भगवद्गीता साक्षात् भगवान्को दिव्य वाणी हो । यसको महिमा अपरम्पार छ । यथार्थमा यसको वर्णन कसैले पनि गर्न सक्दैन । शेष, महेश र गणेशले पनि यसको महिमामाथि पूर्ण प्रकाश पार्न सम्भव छैन भने मानवजातिको त कुरै अलग । इतिहास, पुराणहरूमा यसको महिमामा प्रकाश पारेको पाइन्छ, तर आजसम्म जति पनि यसको परिभाषा गरिएको छ, ती सबैलाई एकत्रित गर्दा पनि प्रष्ट गर्न सकिँदैन कि यसको परिभाषा पूर्ण रूपमा भएको छ । वास्तवमा यसको परिभाषा पूर्ण रूपमा गर्न नै सम्भव छैन ।

गीता एक परम रहस्यमय ग्रन्थ हो । यसमा सम्पूर्ण वेदको सारलाई सङ्गृहीत गरिएको छ । यसको रचना यति सरल र सुन्दर छ कि थोरै अभ्यास गर्दा पनि सजिलोजस्तो अनुभव हुन्छ, तर यसको भाव यस्तो रहस्यमय छ कि आजीवन यसको अध्ययन गरे पनि यसको अन्तमा पुग्न सकिँदैन । प्रत्येक दिन नयाँ-नयाँ भाव उत्पन्न भइरहन्छन्, त्यसैले सदैव यो नयाँ नै बनिरहन्छ । एकाग्रचित भएर श्रद्धा र भक्तिसहित अध्ययन गर्दा यसका पद-पदमा रहस्यै-रहस्य भरिएको प्रष्ट हुन्छ । भगवान्को गुण, प्रभाव, स्वरूप, तत्त्व, रहस्य र उपासनाको तथा कर्म र ज्ञानको वर्णन जसरी यस गीतामा गरिएको छ, त्यसरी एकत्रित रूपमा अरूमा पाउन सकिँदैन भगवद्गीता यस्तो शास्त्र हो जसका प्रत्येक शब्दमा सदुपदेश मात्र रहेको पाइन्छ । यसमा जति वर्णन गरिएको छ, त्यो अक्षरशः यथार्थ हो, किनकि भगवान्का मुखारविन्दबाट निस्किएको वाणीमा यथार्थका अतिरिक्त अरू के नै हुन सक्छ र ?

गीता सम्पूर्ण शास्त्रको सार हो । यसलाई शास्त्रहरूको यथार्थ स्वरूप भन्नमा अत्युक्ति नहोला । यसमा उल्लेख भएको ज्ञान हासिल भएपछि सबै शास्त्रहरूको ज्ञान त्यसै प्राप्त हुन्छ, त्यसका निमित्त अरू परिश्रम गरिरहन आवश्यक देखिँदैन ।

महाभारतमा भनिएको छ "सर्वशास्त्रमयी गीता"(भीष्म ४३/२) । तर यति मात्र पर्याप्त छैन । किनकि सबै शास्त्रहरूको उत्पत्ति वेदबाट भएको हो, वेद भगवान् ब्रह्माजीका मुखारविन्दबाट प्रकट भएको हो र ब्रह्माजी भगवान्का नाभि-कमलबाट उत्पन्न हुनुभएको हो । यसरी शास्त्र र भगवान्का बीचमा व्यवधान उत्पन्न भएको देखिन्छ । गीता स्वयं भगवान्का मुखारविन्दबाट प्रकट भएको हो, त्यसैले यसलाई सम्पूर्ण शास्त्रमा उत्तम भन्नु अत्युक्ति नहोला । स्वयं वेदव्यासले भन्नुभएको छः-

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता ॥ *(महा ४३/१)*

"एकाग्रचित भएर गीताको श्रवण, कीर्तन, पठन-पाठन र मनन गर्नाले मानवको कल्याण हुन्छ । अन्य शास्त्रहरूको संग्रह के आवश्यक छ ? किनकि यो स्वयं भगवान्का मुखारविन्दबाट प्रकट भएको हो ।" यस श्लोकमा "पद्मनाभ" शब्दको प्रयोग गरेर महाभारतकारले यसैलाई प्रष्ट्याउन खोजेको देखिन्छ । यसको तात्पर्य हो, गीता स्वयं भगवान्का मुखारविन्दबाट निक्लिएको हो जसको नाभिकमलबाट ब्रह्माजीको उत्पत्ति भयो र ब्रह्माजीका मुखारविन्दबाट वेद प्रकट भएको हो जुन सम्पूर्ण शास्त्रहरूको मूल हो ।

गीता गङ्गाभन्दा पनि उत्तम छ । गङ्गास्नान गर्नाले मुक्ति मिल्ने कुरा शास्त्रमा बताइएको छ । गङ्गास्नान गर्ने स्वयं त मुक्त हुन सक्दछ, तर अर्कालाई पार लगाउने सामर्थ्य उसमा हुँदैन । गीतारूपी गङ्गामा पौडी खेल्नेवाला आफू त मुक्त हुन्छ-हुन्छ, उसले अरूको पनि कल्याण गर्ने सामर्थ्य राख्दछ । गङ्गा भगवान्का चरणबाट उत्पन्न भएकी हुन् भने गीताको उत्पत्ति स्वयं भगवान्का मुखारविन्दबाट भएको हो । गङ्गाजीले जसले स्नान गर्दछ उसैको मात्र मुक्ति गर्दछिन् तर गीताले त घर-घरमा मुक्तिको सन्देश पुऱ्याएको हुन्छ । यसकारण गीतालाई गङ्गाभन्दा पनि उत्तम मानिएको हो ।

गीतालाई गायत्रीभन्दा पनि उत्तम मानिएको छ । गायत्री जप गर्नाले मनुष्य मुक्त हुन्छ, यो कुरा त ठीकै हो, तर गायत्री जप गर्ने व्यक्ति आफू मात्र मुक्त हुन्छ । गीताको अभ्यास गर्नेले चाहिँ अरूलाई पनि मुक्ति दिलाउन सक्दछ । जब मुक्तिदाता स्वयं भगवान् उसको हुनुभएपछि मुक्तिको कुरै छाडौं ।

गीतालाई स्वयं भगवान्ले पनि अत्युत्तम स्थान दिनुभएको छ । भगवान्ले भन्नुभएको छः-

गीताश्रायेद्रहं तिष्ठामि गीता मे चोत्तमं गृहम् ।
गीताज्ञानमुपाश्रित्य त्रीन्लोकान् पालयाम्यहम् ।*(वराहपुराण)*

"म गीताको आश्रयमा रहन्छु गीता मेरो सर्वश्रेष्ठ घर हो । गीताको ज्ञानको सहारा लिएर नै म तीनै लोकको पालन गर्दछु ।"

भगवान्ले गीतामा घोषणा गर्नु भएको छ- "जो सुकैले पनि मेरो यस गीतारूप आज्ञाको पालन गर्दछ, त्यो निःसन्देह मुक्त हुन्छ । त्यसमा भगवान्ले भन्नुभएको छ- "जुन मनुष्यले दोषदृष्टिबाट अत्यन्त अलग भएर अत्यन्तै श्रद्धाका साथ सदा-सर्वदा मेरो यस्ता प्रकारको धारणाको अनुसरण गर्दछ, त्यो पनि सम्पूर्ण कर्महरूबाट सदा-सर्वदाका लागि मुक्त हुनेछ (३/३१)।" यति मात्र होइन भगवान् भन्नुहुन्छ- "जोसुकैले यसको अध्ययन गर्दछ, उसबाट म ज्ञानयज्ञद्वारा पूजित हुनेछु (१८/७०) ।" गीताको अध्ययनको मात्रै यत्रो महात्म्य छ भने मनुष्यले यसको उपदेशानुसार आफ्नो जीवनशैली बनाउँछ र यसको रहस्य भक्तहरूलाई बताउँछ, तिनीहरूका बीचमा यसको प्रचार-प्रसार गर्दछ भने उसको त कुरै नगरौं । उसका लागि त भगवान्ले भन्नुभएको छ - "त्यो मेरो अति प्रिय हुनेछ ।" त्यो भगवान्का लागि आफूभन्दा पनि प्यारो हुनेछ भन्नुमा अत्युक्ति नहोला । भगवान् आफ्नो यस्तो भक्तको चाहनामा चल्नु हुनेछ ।

असल व्यक्तिहरूमा पनि यो पाइन्छ कि आफ्नो सिद्धान्तको पालना गर्ने जति प्यारो हुन्छ

त्यति आफ्नो प्राण पनि हुँदैन । गीता भगवान्को मुख्य रहस्यमय आदेश हो । यस्तो अवस्थामा यसको पालना गर्ने मनुष्य भगवान्का लागि आफूभन्दा पनि प्यारो हुनु आश्चर्यजनक कुरो होइन ।

गीता भगवान्को श्वास हो, हृदय हो र वहाँको वाङ्मयी मूर्ति हो । जसको हृदयमा, वचनमा, शरीरमा तथा समस्त इन्द्रियहरूमा एवं क्रियाकलापमा गीताको पूर्ण रूपमा पालना भएको छ, त्यो पुरुष साक्षात् गीताको मूर्ति हो । उसको दर्शन, स्पर्श, भाषण एवं चिन्तनबाट पनि दोश्रो मनुष्य परम पवित्र बन्दछ । फेरि उसको आज्ञापालक एवं अनुकरण गर्नेको त कुरै नसोचौं । वास्तवमा गीता समान संसारमा यज्ञ, दान, तीर्थ, व्रत, संयम र उपवास आदि केही पनि छैन ।

गीता साक्षात् भगवान् श्रीकृष्णका मुखारविन्दबाट निस्किएको वाणी हो यसको संकलनकर्ता श्री वेदव्यास हुनुहुन्छ । भगवान् श्रीकृष्णले आफ्नो उपदेशका कतिपय अंश त पद्यमा बताउनुभएको थियो, जसलाई व्यासजीले जस्ताको तस्तै राखिदिनु भयो । कतिपय अंश गद्यमा बताउनुभएको थियो, जसलाई व्यासजीले श्लोकबद्ध गर्नुभयो । उहाँले अर्जुन, संजय एवं धृतराष्ट्रका वचनहरूलाई पनि श्लोकबद्ध गर्नुभयो र यो सात सय श्लोक भएको गीतालाई पूरै अठार अध्यायमा विभक्त गरेर महाभारतमा मिलाउनुभयो, जो आज हामीलाई यस रूपमा प्राप्त भएको छ ।

## गीताको तात्पर्य

गीता ज्ञानको अवर्णनीय समुद्र हो, यसभित्र ज्ञानको अनन्त भण्डार रहेको छ । यसको तत्त्व वर्णन गर्नका लागि योगी, महात्मा तथा विद्वान्हरूका विद्वत्तापूर्ण प्रवचनहरू पनि कम नै देखिन्छन्, किनकि यसको पूर्ण रहस्यको ज्ञान भगवान् श्रीकृष्णलाई मात्र छ । त्यसपछि यसको संकलनकर्ता व्यासजी र श्रोता अर्जुनको नाम आउँछ । यस्तो रहस्यमय गीताको आशय र महत्त्वमाथि प्रकाश पार्ने कार्य म जस्तो मनुष्यका लागि ठीक त्यस्तै हो, जस्तो कि एउटा साधारण पक्षीले अनन्त आकाशको परिक्रमा गर्ने प्रयास गर्नु ।

गीता अनन्त भावहरूको अथाह समुद्र हो । त्यसैले यसको गहिरिएर अध्ययन, श्रवण गर्नाले जिज्ञासुहरूलाई भावरत्नको उपलब्धि हुन्छ । आकाशमा गरुड पनि उड्दछ र लामखुट्टे पनि । यस्तै सबैले आ-आफ्नो भावनानुरूप केही न केही अनुभव गरेका हुन्छन् ।

गीतामा डुबुल्की मार्दा त्यसबाट अनादिकालदेखि अज्ञानवश सांसारिक समुद्रमा डुबिरहेको जीवलाई परमात्मा प्राप्त गराउने मार्ग प्रशस्त हुन्छ । त्यसका लागि गीतामा यस्तो उपाय बताइएको छ, जसमा मनुष्यले आफ्नो सांसारिक कर्तव्यकर्मको आचरणमा रहेर पनि परमात्मालाई प्राप्त गर्न सक्दछ । व्यवहारमा परमार्थको अद्भुत कलाका विषयमा गीतामा वर्णन गरिएको छ । यसमा परमात्माप्राप्तिका लागि दुई प्रकारका निष्ठाहरूको प्रतिपादन गरिएको छ । ती दुई निष्ठा हुन्:- ज्ञाननिष्ठा अर्थात् सांख्ययोग र योगनिष्ठा अर्थात् कर्मयोग । त्यस विषयमा गीतामा भनिएको छ- "हे निष्पाप अर्जुन ! यस लोकमा प्रचलित दुई प्रकारका निष्ठाहरूका विषयमा मैले तिमीलाई बताइसकेको छु । त्यसमा सांख्ययोगीहरूलाई ज्ञानयोगबाट र योगीहरूलाई कर्मयोगबाट त्यो निष्ठा प्राप्त भएको हुन्छ (३/३) ।"

यहाँ प्रश्न उत्पन्न हुन्छ, प्रायः सबै शास्त्रहरूमा भगवत्प्राप्तिका तीन मार्ग बताइएको पाइन्छ । ती हुन् कर्म, उपासना र ज्ञान । यस्तो स्थितिमा गीतामा दुई मात्र निष्ठा कसरी भए ? के गीतामा भक्तिको सिद्धान्त अमान्य छ ? धेरै जसोले त गीताको उपदेशलाई भक्ति प्रधान नै मान्दछन् । जतातततै भगवान्को भक्तिको विशेष महत्त्वलाई प्रष्ट्याइएको पाइन्छ (६/४७) र भगवान्ले भक्तिका माध्यमद्वारा आफ्नो प्राप्ति सुलभ बताउनुभएको छ (८/१४) ।" यसको उत्तर हो, शास्त्रमा कर्म र ज्ञानका अतिरिक्त जुन "उपासना" को प्रकरण आएको छ, त्यो उपासना यी दुई निष्ठा अर्न्तगत नै पर्दछ । आफूलाई परमात्माबाट अभिन्न मानेर उपासना गरिन्छ भने त्यो सांख्यनिष्ठाअन्तर्गत पर्दछ र भेददृष्टिबाट गरिन्छ भने त्यो योगनिष्ठाअन्तर्गत पर्दछ । सांख्यनिष्ठा र योगनिष्ठामा यही मुख्य अन्तर छ । यस्तै प्रकारले ध्यानका माध्यमबाट परमात्मा प्राप्त गर्न सकिने बताइएको छ, तर त्यहाँ पनि यसैलाई स्मरण गर्न आवश्यक हुन्छ । जुन ध्यान अभेददृष्टिबाट गरिएको छ, त्यो सांख्यनिष्ठा अन्तर्गत र भेददृष्टिका माध्यमबाट गरिएको योगनिष्ठा अन्तर्गत पर्दछ । गीताले भक्तिलाई भगवत्प्राप्तिको प्रमुख साधन मानेको छ-यो भनाइ पनि ठीकै हो । गीताले भक्तिलाई उच्च स्थान दिएको छ र ठाउँ-ठाउँमा अर्जुनलाई भक्तिभावमा लाग्ने आज्ञा पनि दिएको छ (९/३४, १२/८,१८/५७,६५,६६) । तर गीताले दुई निष्ठालाई मात्र मानेको छ जसअनुसार भक्ति योगनिष्ठामा समाविष्ट भएको छ । किनकि भक्तिमा द्वैतभाव रहेको हुन्छ, त्यसैले यसलाई मुक्तिविरुद्ध भन्न पनि मिल्दैन । भक्ति कसरी योगनिष्ठामा समावेश भएको छ, यस विषयमा अगाडि प्रकाश पारिनेछ ।

गीतामा भजन-पूजन अथवा ध्यानबाट मात्र पनि आफूलाई प्राप्त गर्न सकिने बताएर भगवान्ले यो भाव देखाउनु भएको छ कि योगनिष्ठाको पूर्ण साधनाले वहाँको प्राप्ति हुन्छ नै, त्यसका प्रत्येक अङ्कको साधनाले पनि भगवान्लाई प्राप्त गर्न सकिन्छ । यो उहाँको कृपा हो कि उहाँले आफूलाई जीवहरूका लागि यति सरल बनाई दिनुभएको छ ।

यसका अतिरिक्त गीतामा "ज्ञान" र "कर्म" शब्दको प्रयोग जुन अर्थमा भएको छ, त्यो पनि रहस्यमय छ । गीताको कर्म र कर्मयोग तथा ज्ञान र ज्ञानयोग एउटै विषयवस्तु होइन । गीताका अनुसार शास्त्रविहित कर्म, ज्ञाननिष्ठा र योगनिष्ठा दुवै दृष्टिबाट हुन सक्दछ । ज्ञाननिष्ठामा पनि कर्मको विरोध गरिएको छैन र योगनिष्ठामा त कर्मलाई साधन नै मानिएको छ(६/३) र त्यसको स्वरूपबाट त्यागलाई उल्टै बाधक मानिएको छ (३/४) । दोस्रो अध्यायको सत्चालीसौंदेखि एकाउन्नौं श्लोकसम्म र तेस्रो अध्यायको उन्नाइसौंदेखि चौथो अध्यायको बयालीसौं श्लोकसम्म अर्जुनलाई योगनिष्ठाका दृष्टिले कर्म गर्ने आज्ञा दिइएको छ र तेस्रो अध्यायको बाईसौं तथा पाँचौं अध्यायको आठौं, नवौं र तेह्रौं श्लोकमा सांख्य अर्थात् ज्ञाननिष्ठाका दृष्टिले कर्म गर्नुपर्ने बताइएको छ । सकाम कर्मका लागि कुनै निष्ठामा स्थान छैन, सकाम कर्म गर्नेलाई त भगवान्ले तुच्छ बुद्धि भएको बताउनु भएको छ (२/४२-४४-४९,७/२०-२३,९/२०, २१,२३,२४) ।

ज्ञानको अर्थ पनि गीतामा ज्ञानयोग मात्र होइन भनिएको छ फलस्वरूप ज्ञान, जुन सबै प्रकारको साधनाको फल हो-जुन ज्ञाननिष्ठा र योगनिष्ठा दुवैको फल हो र जसलाई वास्तविक ज्ञान अथवा तत्त्वज्ञान पनि भनिन्छ÷ त्यसलाई पनि "ज्ञान" शब्दले पुकारिन्छ । चौथो अध्यायको छत्तीसौंदेखि उनन्चालीसौं श्लोकसम्म ज्ञानका विषयमा वर्णन गरिएको पाइन्छ । यस्तै प्रकारले अन्य स्थानमा पनि प्रसङ्ग अनुसार सम्झन आवश्यक हुन्छ । ◆◆

# आइएमई पे र टुटलवीच सम्झौता

टुटलका सेवाग्राहीहरूले आफुले प्रयोग गरेको यात्राको सेवा शूल्क अबदेखि 'आइएमई पे' मार्फत भुक्तान गर्न सक्ने व्यवस्था मिलाइएको छ। टुटल सेवा मार्फत सम्पर्कमा आउनुभएका यात्रु एवम् चालकहरुले कुनै पनि आइएमईका व्यावसायिक साझेदार वा 'आइएमई पे' बाट सेवा शूल्क संकलन तथा भुक्तान गर्न सक्नुहुनेछ। सम्झौता पत्रमा 'आइएमई पे' का तर्फबाट प्रमुख संचालन अधिकृत डेनियल डी श्रेष्ठ र टुटलका तर्फबाट संस्थापक एवम् प्रमुख कार्यकारी अधिकृत सिक्षित भट्टले हस्ताक्षर गर्नुभएको छ।



**आइएमई डिजिटल सोलुसन लिमिटेड** तेह्र हजारभन्दाबढी एजेण्ट आउटलेट संजाल भएको आइएमई पे आईएमई समूह अन्तर्गतको डिजिटल वित्तीय सेवा प्रदायक कम्पनी हो। नेपाल राष्ट्र बैंकको "भुक्तानी तथा फर्छ्यौट विनियमावली, २०७२" बमोजिम आइएमई डिजिटलले दूरसञ्चार सञ्जालको माध्यमबाट मोबाइल वालेट सेवा प्रदान गर्ने अनुमति प्राप्त गरेको हो र आईएमई डिजिटल यस्तो अनुमति पाउने देशकै पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी भएको छ। आईएमई डिजिटलले "आईएमई पे" ब्रान्ड अन्तर्गत मोबाइल वालेट सेवा उपलब्ध गराउनेछ र यसको मद्दतबाट सेवाग्राही आफैले अथवा एजेन्टहरूको सहयोग लिएर मोबाइल मार्फत् विभिन्न किसिमका भुक्तानी सम्बन्धी कार्य गर्न सक्नेछन् ।

यसले व्यक्ति-व्यक्तिका बीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरूमा भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरायसी तथा कार्यालयका बिलहरू भुक्तानी गर्ने कार्यमा सहयोग गर्दछ। आईएमई डिजिटलले बैंकको सुविधाबाट वञ्चित तथा न्यून बैंकिङ सुविधा प्राप्त नेपाली लगायत सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तीय सेवाहरूको पहुँच उपलब्ध गराएर नेपालको वित्तीय समावेशीकरणमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ।

# आइएमई जनरल इन्स्योरेन्स र कुमारी बैंक बिच सेवा सम्झौता

आइएमई जनरल इन्स्योरेन्स लिमिटेड र कुमारी बैंक लिमिटेड बिच बैंकाएसुरेन्स सेवा सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा आइएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठ र कुमारी बैंक लिमिटेडको तर्फबाट बरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत अनुजमणि तिमिल्सिनाले हस्ताक्षर गर्नुभयो। यस सम्झौता पश्चात् बैंकका ग्राहक महानुभावहरुले नेपालभर रहेका कुमारी बैंकका शाखाहरु मार्फत आइएमई जनरल इन्स्योरेन्स लिमिटेडले प्रदान गर्ने सबै प्रकारका बीमा सेवाहरु प्राप्त गर्न सक्नुहुनेछ। कार्यक्रममा आईएमई जनरल इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले बैंकसंगको संझौताबाट कम्पनीलाई अझै आफ्नो सेवालाई सरल, सहज र चुस्त राख्न प्रेरणा मिलेको बताउनु भयो। बैंकका सबै ग्राहक महानुभावहरुले आफूले बैकिङ्ग सेवा लिईरहनु भएको बैंकको शाखाहरु मार्फत् आफूलाई आवश्यक पर्ने सबै प्रकारका निर्जीवन बीमा सेवा प्राप्त गर्न सक्नु हुने हुनाले ढुक्क भएर सेवा लिन आव्हान गर्नुभयो। उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत युगेशभक्त वादे श्रेष्ठले बैंकसंग अझै सुमधुर सम्बन्ध स्थापित गरी व्यवसाय विस्तार गर्दै उच्चकोटीको सेवा प्रदान गर्न कम्पनी प्रतिवद्ध रहेको जानकारी दिनुभयो। नायव महाप्रबन्धक तथा सूचना अधिकृत शरण रेग्मीद्वारा जारी विज्ञप्तिमा उक्त कुरा उल्लेख छ।

शब्दार्थ प्रकाशन
चावेल,गणेशस्थान, काठमाडौं फोनः ०१-४४९७३५१, ९८४१४९६१०३
www.nepalipublisher.com
विधाकेन्द्रित साहित्यिक पत्रिका
वैजयन्ती



# प्राज्ञ डा. गुरूङ १ लाख १ हजार १ रूपैयाँ राशिको पुरस्कारद्वारा सम्मानित




मानव सेवा सम्बन्धि संस्थाको रूपमा चिरपरिचित श्री शार्दुल शमशेर ज.ब.रा स्मृतिकोष २०५३ द्वारा स्वर्गीय शार्दुल शमशेर ज.ब.रा. को ९१ औं जन्म जयन्तीको उपलक्ष्यमा यही ०७५ साल असार १४ गते समन्वयात्मक अध्यात्मवाद एवं सर्वधर्म समभावका अभियन्ता प्राज्ञ डा. जगमान गुरूङलाई एक लाख एक हजार एक रूपैयाँ राशिको पुरस्कारबाट पुरस्कृत गरी सम्मान गरेको छ । सम्मान-पत्र तथा राशिको पुरस्कारद्वारा आफु पुरस्कृत भई सम्मानित हुन पाएकोमा डा. गुरूङले हर्षित मुद्रामा भन्नुभयो - "राष्ट्रभक्त शार्दुल राजाको देश एवं नेपाली समाजको सेवा गर्ने प्रबल इच्छालाई यसरी नै गन्तव्यमा पुऱ्याउँने लक्ष्य पुरा होस् र यस कार्यमा परिवारजनलाई सफलता मिलिरहोस् र शार्दुल राजालाई स्वर्गमा सधैं शान्ति मिलिरहोस् ।"

तत्कालीन श्री ५ को सरकारको सचिव हुदै विभिन्न देशको राजदूत समेत भइसक्नु भएका शार्दुल शमशेरको ०४० फागुन १६ गते राष्ट्रसेवामा रहदा रहदै असामयिक स्वार्गारोहण भएको थियो । मानवसेवा सम्बन्धि यस पवित्र संस्थाको अध्यक्ष वरिष्ठ समाजसेवी प्रभालक्ष्मी राणा हुनुहुन्छ भने सचिवमा दीप्त प्रकाश शाह र कोषाध्यक्षमा मनोहर शमशेर ज.ब.रा हुनुहुन्छ । डा. गुरूङलाई प्रदान गरिएको सम्मान-पत्रमा अध्यक्ष, सचिव र कोषाध्यक्षको हस्ताक्षर रहेको छ ।

सम्मानित व्यक्तित्व डा. गुरूङले नेपालको इतिहास, भाषा, साहित्य, ज्योतिषी विधा, सनातन धर्म, दर्शन, संस्कृति र कलाकौशलको क्षेत्रमा गहन अध्ययन, अनुसन्धानको माध्यमद्वारा नेपाली समाज र नेपाल राष्ट्रको सुदृढीकरण एवं सिङ्गो नेपाली राष्ट्रियताको प्रवर्द्धनको लागि नेपाली समाजमा जनचेतना जागरण गराउने पवित्र कार्यमा पुऱ्याउनु भएको अतुलनीय योगदानको उच्च कदर गर्दै श्री शार्दुल शमशेर ज.ब.रा. स्मृति कोषले सम्मान गरेको कुरा अध्यक्ष प्रभालक्ष्मी राणाले बताउनु भयो । कार्यक्रमको सभापति पनि स्वयं अध्यक्ष प्रभालक्ष्मी राणा हुनुहुन्थ्यो । सदस्यहरू रत्न शमशेर, प्रकाश जङ्ग मल्ल, भुपेन्द्र बहादुर शाह लगायत पूर्वमन्त्री श्रीश शमशेर, स्मृति कोषका सल्लाहकारहरू, बुद्धिजीवी, साहित्यकार, कलाकार, पत्रकार, समाजसेवी एवं आमन्त्रित अतिथिहरू लगायत कोषसँग आबद्ध सम्पूर्ण व्यक्तित्वहरू एवं परिवारजनहरूको भव्य उपस्थिति कार्यक्रममा देखिएको थियो । कार्यक्रम संचालन एकेन्द्र पन्तले गरेका थिए ।

राष्ट्रिय गान बजाएर ससम्मान सबै उठेर अध्यक्ष प्रभालक्ष्मी राणाद्वारा पानसमा बत्ती बालेर उद्घाटन गरिएको कार्यक्रममा स्वर्गीय शार्दुल राजाको प्रतिमामा माल्यार्पण गरी श्रद्धासुमन व्यक्त गरिएको थियो भने सचिव दीप्त प्रकाश शाहबाट स्वागत मन्तव्य सहित कोषको गतिविधिबारे प्रकाश पार्नु भएको थियो । वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी तथा ज्योतिष तिलक राज पौडेलले पनि कार्यक्रममा आफ्नो मन्तव्य दिनुभएको थियो ।



शैक्षिक क्षेत्र तथा धार्मिक, सामाजिक, सनातन लगायतका क्षेत्रहरूमा सहयोग पुऱ्याउने एवं मुलुकको गौरव, परम्परा, संस्कृति र सनातन धर्म प्रवर्द्धन गर्ने तथा स्व. शार्दुल राजाको जन्म जयन्ती तथा



स्मृति दिवसको अवसर पारेर सामाजिक सेवा उद्धार गर्ने उद्देश्यले स्थापित यस कोषले लगातार विभिन्न समाजसेवी तथा विद्वान् व्यक्तित्वहरूलाई सम्मान गरिरहेको छ । गतवर्ष स्वर्गीय शार्दुल राजाको ९० औं जन्म जयन्तीको उपलक्षमा श्री ब्रह्मानन्द प्रा.डा. जितेन्द्रध्वज खाँणलाई सम्मान तथा कदरपत्रद्वारा सम्मानित गरिएको दृश्य अग्निचक्रले प्रत्यक्ष देखेको थियो । समाजसेवा र मानव सेवा गर्ने यो स्मृति कोष तथा यसका अध्यक्ष प्रभालक्ष्मी राणाको उत्तरोत्तर प्रगति भइरहोस् । जय गोरख ।

## हार्दिक श्रद्धाञ्जलि

प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष तथा जनआस्था साप्ताहिकका सम्पादक दाजु किशोर श्रेष्ठकी ममतामयी माता **नारायणीदेवी श्रेष्ठ**को ७७ वर्षको उमेरमा २०७५ असार २० गते निधन भएकोमा श्रद्धाञ्जलि व्यक्त गर्दै परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।



स्व. नारायणीदेवी श्रेष्ठ

**प्रेमसागर पौडेल**
अध्यक्ष एवं
**नेपाल - चीन पारस्परिक सहयोग समाज परिवार**

**लक्ष्मीनारायण भट्टराई**
सम्पादक एवं
**अग्निचक्र राष्ट्रिय मासिक परिवार**

# ऋणमोचनश्रीमङ्गलस्तोत्रम्

**श्रीगणेशाय नमः**

सदैव पार्वतीपुत्रः ऋणनाशं करोतु मे ।
त्रिपुरस्य वधात् पूर्वं शम्भुना सम्यगर्चितः ॥१॥
सदैव पार्वतीपुत्रः ऋणनाशं करोतु मे ।
हिरण्यकशिप्वादीनां वधार्थं विष्णुनाऽर्चितः ॥२॥
सदैव पार्वतीपुत्रः ऋणनाशं करोतु मे ।
महिषस्य वधे देव्या गणनाथः प्रपूजितः ॥३॥
मङ्गलो भूमिपुत्रश्च ऋणहर्ता धनप्रदः ।
स्थिरासनो महाकायः सर्वकर्मविरोधकः ॥४॥
लोहितो लोहिताक्षश्च सामगानां कृपाकरः ।
धरात्मजः कुजो भौमो भूतिदो भूमिनन्दनः ॥५॥
अङ्गारको यमश्चैव सर्वरोगापहारकः ।
वृष्टेः कर्ताऽपहर्ता च सर्वकामफलप्रदः ॥६॥
एतानि कुजनामानि नित्यं यः श्रद्धया पठेत् ।
ऋणं न जायते तस्य धनं शीघ्रमवाप्नुयात् ॥७॥
धरणीगर्भसम्भूतं विद्युत्कान्तिसमप्रभम् ।
कुमारं शक्तिहस्तं तं मङ्गलं प्रणमाम्यहम् ॥८॥
स्तोत्रमङ्गारकस्यैतत् पठनीयं सदा नृभिः ।
न तेषां भौमजा पीडा स्वल्पाऽपि भवति क्वचित् ॥९॥
अङ्गारक महाभाग भगवन् भक्तवत्सल ।
त्वां नमामि ममाऽशेषमृणमाशु विनाशय ॥१०॥
ऋणरोगादिदारिद्र्यं ये चाऽन्ये ह्यपमृत्यवः ।
भयक्लेशमनस्तापा नशयन्तु मम सर्वदा ॥११॥
अतिवक्र दुराराध्य भोगभुक्तजितात्मक ।
तुष्टो ददासि साम्राज्यं रूष्टो हरसि तत्क्षणात् ॥१२॥
विरिञ्चिशक्रविष्णूनां मनुष्याणां तु का कथा ।
तेन त्वं सर्वसत्वेन ग्रहराजो महाबलः ॥१३॥
पुत्रान् देहि धनं देहि त्वामस्मि शरणं गतः ।
ऋणदारिद्र्यदुःखेन शत्रूणां च भयात् ततः ॥१४॥
एभिर्द्वादशभिः श्लोकैर्यः स्तौति च धरासुतम् ।
महतीं श्रियमाप्नोति परमो धनदो युवा ॥१५॥
*श्रीऋणमोचनमङ्गलस्तोत्रं सम्पूर्णम् ।*

**श्रीबगलाष्टोत्तरशतनामस्तोत्रम्**

नारद उवाच-
भगवन् देवदेवेश सृष्टिस्थितिलयात्मक ।
शतमष्टोत्तरं नाम्नां बगलाया वंदाऽधुना ॥१॥
श्रीभगवानुवाच-
शृणु वत्स प्रवक्ष्यामि नाम्नामष्टोत्तरं शतम् ।
पीताम्बर्या महादेव्याः स्तोत्रं पापप्रणाशनम् ॥२॥
यस्य प्रपठनात् सद्यो वादी मूको भवेत् क्षणात् ।
रिपूणां स्तम्भनं याति सत्यं सत्यं वदाम्यहम् ॥३॥
ॐ अस्य श्रीपीताम्बर्यष्टोत्तरशतनामस्तोत्रस्य
सदाशिव ऋषिरनुष्टुप् छन्दः श्रीपीताम्बरी देवता
श्रीपीताम्बरीप्रीतये जपे विनियोगः ।
ॐ वगला विष्णुवनिता विष्णुशङ्करभामिनी ।
बहुला वेदमाता च महाविष्णुप्रसूरपि ॥१॥
महामत्स्या महाकूर्मा महावाराहरूपिणी ।
नरसिंहप्रिया रम्या वामना वटुरूपिणी ॥२॥
जामदग्न्यस्वरूपा च रामा रामप्रपूजिता ।
कृष्णा कपर्दिनी कृत्या कलहा कलकारिणी ॥३॥
बुद्धिरूपा बुद्धभार्या बौद्धपाखण्डखण्डिनी ।
कल्किरूपा कलिहरा कलिदुर्गतिनाशिनी ॥४॥
कोटिसूर्यप्रतीकाशा कोटिकन्दर्पमोहिनी ।
केवला कठिना काली कला कैवल्यदायिनी ॥५॥
केशवी केशवाराध्या किशोरी केशवस्तुता ।
रूद्ररूपा रूद्रमूर्ती रूद्राणी रूद्रदेवता ॥६॥
नक्षत्ररूपा नक्षत्रा नक्षत्रेशप्रपूजिता ।
नक्षत्रेशप्रिया नित्या नक्षत्रपतिवन्दिता ॥७॥
नागिनी नागजननी नागराजप्रवन्दिता ।
नागेश्वरी नागकन्या नागरी च नगात्मजा ॥८॥
नगाधिराजतनया नगराजप्रपूजिता ।
नवीना नीरदा पीता श्यामा सौन्दर्यकारिणी ॥९॥
रक्ता नीला घना शुभ्रा श्वेता सौभाग्यदायिनी ।
सुन्दरी सुभगा सौम्या स्वर्णाभा स्वर्गतिप्रदा ॥१०॥
रिपुत्रासकरी रेखा शत्रुसंहारकारिणी ।
भामिनी च तथा माया स्तम्भिनी मोहिनी शुभा ॥११॥
रागद्वेषकरी रात्री रौरवध्वंसकारिणी ।
यक्षिणी सिद्धनिवहा सिद्धेशा सिद्धिरूपिणी ॥१२॥
लङ्कापतिध्वंसकरी लङ्केशरिपुवन्दिता ।
लङ्कानाथकुलहरा महारावणहारिणी ॥१३॥
देवदानवसिद्धौघपूजिता परमेश्वरी ।
पराणुरूपा परमा परतन्त्रविनाशिनी ॥१४॥
वरदा वरदाराध्या वरदानपरायणा ।
वरदेशप्रिया वीरा वीरभूषणभूषिता ॥१५॥
वसुदा बहुदा वाणी ब्रह्मरूपा वरानना ।
बलदा पीतवसना पीतभूषणभूषिता ॥१६॥
पीतपुष्पप्रिया पीतहारा पीतस्वरूपिणी ।
इति ते कथितं विप्र नाम्नामष्टोत्तरं शतम् ॥१७॥
यः पठेत् पाठयेद् वाऽपि शृणुयाद् वा समाहितः ।
तस्य शत्रुः क्षयं सद्यो याति नैवाऽत्र संशयः ॥१८॥
प्रभातकाले प्रयतो मनुष्यः
पठेत् सुभक्त्या परिचिन्त्य पीताम् ।
द्रुतं भवेत् तस्य समस्तवृद्धि-
र्विनाशमायाति च तस्य शत्रुः ॥१९॥

*विष्णुयामले नारदविष्णुसंवादे*
*श्रीबगलाष्टोत्तरशतनामस्तोत्रं सम्पूर्णम् ।*

## श्रीइन्द्राक्षीकवचस्तोत्रम्

**विनियोग**- ॐ अस्य श्रीइन्द्राक्षीकवचस्तोत्र- महामन्त्रस्य शचीपुरन्दर ऋषि, अनुष्टुप् छन्दः । इन्द्राक्षी दुर्गा देवता । लक्ष्मीर्बीजम्, भुवनेश्वरी शक्तिः, भवानीति कीलकम्, मम इन्द्राक्षीप्रसादसिद्ध्यर्थे जपे विनियोगः ।

**न्यास** - ॐ इन्द्राक्षीत्यङ्गुष्ठाभ्यां नमः । ॐ महालक्ष्मीरिति तर्जनीभ्यां नमः । ॐ माहेश्वरीति मध्यमाभ्यां नमः । ॐ अम्बुजाक्षीत्यनामिकाभ्यां नमः । ॐ कात्यायनीति कनिष्ठिकाभ्यां नमः । ॐ कौमारीति करतलकरपृष्ठाभ्यां नमः । ॐ इन्द्राक्षीति हृदयाय नमः । ॐ महालक्ष्मीरिति शिरसे स्वाहा ।

ॐ माहेश्वरीति शिखायै वषट् । ॐ अम्बुजाक्षीति कवचाय हुम् । ॐ कात्यायनीति नेत्रत्रयाय वौषट् । ॐ कौमारीत्यस्त्राय फट् । ॐ भूर्भुवःस्वरोमिति दिग्बन्धः ।

## भगवतीन्द्राक्षीध्यानम्-

नेत्राणां दशभिः शतैः परिवृतामत्युग्रचर्माम्बराम्
हेमाभां महतीं विलम्बितशिखामामुक्तकेशान्विताम् ॥१॥
घण्टामण्डितपादपद्मयुगलां नागेन्द्रकुम्भस्तनीम् ।
इन्द्राक्षीं परिचिन्तयामि मनसा कल्पोक्तसिद्धिप्रदाम् ॥२॥
इन्द्राक्षीं द्विभुजां देवीं पीतवस्त्रद्वयान्विताम् ।
वामहस्ते वज्रधरां दक्षिणेन वरप्रदाम् ॥३॥
इन्द्राक्षीं नौमि युवतीं नानालङ्कारभूषिताम् ।
प्रसन्नवदनाम्भोजामप्सरोगणसेविताम् ॥४॥
इन्द्रादिभिः सुरैर्वन्द्यां वन्दे शङ्करवल्लभाम् ।
एवं ध्यात्वा महादेवीं जपेत् सर्वार्थसिद्धये ॥५॥

### कवचपाठ

**इन्द्र उवाच-**

इन्द्राक्षीं पूर्वतः पातु पात्वाग्नेय्यां दशेश्वरी ।
कौमारी दक्षिणे पातु नैर्ऋत्यां पातु पार्वती ॥६॥
वाराही पश्चिमे पातु वायव्ये नारसिंह्यपि ।
उदीच्यां कालरात्री मामैशान्यां सर्वशक्तयः ॥७॥
भैरव्यूर्ध्वं सदा पातु पात्वधो वैष्णवी सदा ।
एवं दशदिशो रक्षेत् सर्वाङ्गं भुवनेश्वरी ॥८॥

### इन्द्राक्षीमन्त्र

१. ॐ नमो भगवत्यै इन्द्राक्ष्यै महालक्ष्म्यै सर्वजनवशङ्कर्यै सर्वदुष्टग्रहस्तम्भिन्यै स्वाहा ।

२. ॐ नमो भगवति पिङ्गलभैरवि त्रैलोक्यलक्ष्मि त्रैलोक्यमोहिनीन्द्राक्षि मां रक्ष हुं फट् स्वाहा । ॐ नमो भगवति भद्रकालि महादेवि कृष्णवर्णे तुङ्गस्तनि शूर्पहस्ते कवाटवक्षःस्थले कपालधरे परशुधरे चापधरे विकृतरूपधरे विकृतरूपे महाकृष्णसर्पयज्ञोपवीतिनि भस्मोद्वर्तितसर्वगात्रीन्द्राक्षि मां रक्ष हुं फट् स्वाहा ।

३. ॐ नमो भगवति प्राणेश्वरि पद्मासने सिंहवाहने महिषासुरमर्दिन्युष्ण-ज्वरपित्तज्वरवातज्वरश्लेष्मज्वरकफज्वरालापज्वरसन्निपातज्वरकृत्रिमज्वरकृत्यादिज्वराहिकज्वरद्व्याहिकज्वरत्र्याहिकज्वरचातुराहिक-ज्वरपाञ्चाहिकज्वरपक्षज्वरमासज्वरषण्मासज्वरसंवत्सरज्वरसर्वाङ्गज्वरान् नाशय नाशय हर हर जहि जहि दह दह पच पच ताडय ताडयाऽऽकर्षयाऽऽकर्षय विद्विष विद्विष स्तम्भय स्तम्भय मोहय मोहयोच्चाटयोच्चाटय हुं फट् स्वाहा ।

४. ॐ ह्रीं ॐ नमो भगवति प्राणेश्वरि पद्मासने लम्बोष्ठि कम्बुकण्ठिके कलिकामरूपिणि परमन्त्रपरयन्त्रपरतन्त्रप्रभेदिनि प्रतिपक्षविध्वंसिनि परबलदुर्गविमर्दिनि शत्रुच्छेदिनि सकलदुष्ट-ज्वरनिवारिणि भूतप्रेतपिशाचब्रह्मराक्षस-यक्षयमदूतशाकिनीडाकिनीकामिनीस्तम्भि-नीमोहिनीवशकरि कुक्षिरोगशिरोरोगनेत्ररोगक्षया पस्मारकुष्ठादिमहारोग-निवारिणि मम सर्वरोगान् नाशय नाशय ह्रां ह्रिं ह्रूं ह्रैं ह्रौं ह्रः हुं फट् स्वाहा ।

५. ॐ ऐं श्रीं हुं दुं इन्द्राक्षि मां रक्ष रक्ष, मम शत्रून् नाशय नाशय जलरोगान् शोषय शोषय क्रूरानरीन् भञ्जय भञ्जय दुःखव्याधीन् स्फोटय स्फोटय मनोग्रन्थिप्राणग्रन्थिशिरोग्रन्थीन् काटय काटय, इन्द्राक्षि मां रक्ष रक्ष हुं फट् स्वाहा ।

६. ॐ नमो भगवति माहेश्वरि महाचिन्तामणि दुर्गे सकलसिद्धेश्वरि सकलजनमनोहारिणि कालकालरात्र्यनलेऽजितेऽभयेमहाघोररूपे विश्वरूपिणि मधुसूदनि महाविष्णुस्वरूपिणि नेत्रशूलकर्णशूलकटिशूलपक्षशूलपाण्डुरोग-कमलादीन् नाशय नाशय वैष्णवि ब्रह्मास्त्रेण विष्णुचक्रेण रूद्रशूलेन यमदण्डेन वरूणपाशेन वासववज्रेण सर्वानरीन् भञ्जय भञ्जय यक्षग्रहराक्षसग्रहस्कन्दग्रहविनायकग्रहवालग्रहचौरग्रहकूष्माण्डग्रहादीन् निगृह्व निगृह्व, निगृह्व राजयक्ष्मक्षयरोगतापज्वरनिवारिणि ।





# हाम्रो शिक्षा र चेतना न पूर्वीय न पाश्चात्य नै छ

रमेश शुभेच्छु

*कवि रमेश शुभेच्छु समकालीन पुस्तामा सशक्त कविता लेखनको पहिचान बनाउन सफल व्यक्तित्व हुन् । उनले कविताका साथै गजल, गीत, मुक्तक, निबन्ध, कथा र बालसाहित्यका क्षेत्रमा पनि कलम चलाएका छन् । उनले आफ्ना कविता र अन्य विधाका सिर्जनालाई पनि विम्बात्मक र प्रतिकात्मक रुपमा प्रस्तुत गर्ने गरेको पाइन्छ । साहित्य सिर्जनाका साथै समालोचना, साहित्यिक संघसंस्थाको स्थापना र विकास विस्तारमा समेत सक्रिय वर्तमान पुस्तामा मञ्चमा बिकेका प्रखर उद्घोषक र वक्ता पनि हुन् । प्राध्यापन पेसामा संलग्न शुभेच्छु बहुमुखी क्षेत्रमा सक्रिय छन् । प्रस्तुत छ अग्निचक्रका लागि उनै शुभेच्छुसँग गरिएको कुराकानीको सम्पादित अंश ।*

***यहाँको पारिविरिक पृष्ठभूमिबारे जानकारी पाऊँ न ?***

- म असाध्यै पिछडिएको समाजको सामान्य निम्न वर्गीय परिवारको सदस्य हुँ । मेरा बाबुबाजे सामान्य किसान हुनुहुन्थ्यो । उहाँहरुले आफ्नो थोरै र अरुको धेरै जमिन कमाएर परिवार पाल्नुहुन्थ्यो । केही जमिन कुतको र केही बन्दकीको थियो । जमिन पनि त्यति उर्वर थिएन । सिचाइको सुविधा पनि प्रयाप्त थिएन । धान र मकै गरी दुई बालीबाहेक अन्य अन्न उत्पादन हुँदैन थियो । गहुँ लगाए मकै हुँदैन थियो । संयुक्त परिवारमा थुप्रै वस्तुभाउ, भेडाबाखा पालिएका हुन्थे । परिवारका सबै सदस्य काममा खटिरहेर पनि आर्थिक अवस्था कमजोर थियो । आज ती दिनहरु सम्झँदा कहाली लाग्छ । बल्लतल्ल आएको बाली बाँदर, दुम्सी, मृग, लोखर्के र कालिज, सुगा आदि जङ्गली जनावर र पन्छीबाट जोगाउन कठिन हुन्थ्यो ।

***यहाँ दुई दुई विषयको स्नातकोत्तर हुनुहुन्छ । एम फिल गरिसक्नु भएको छ । यहाँको पारिवारिक शैक्षिक अवस्था चाहिँ कस्तो थियो ? कस्तो उर्जाले त्यहाँ पुग्नुभयो ?***

- मेरो परिवार निरक्षर नै त थिएन तर मभन्दा पहिला विद्यालय तह उत्तीर्ण गर्ने सदस्य पनि थिएन । म नै त्यस परिवारको पहिलो एस.एल.सी । यद्यपि मेरा हजुरबा र पिताजीमा गुरुकुलीय शिक्षाको प्रभाव थियो । मेरा बुढामावली हजुरबा त्यस क्षेत्रका शिक्षासेवी सन्त व्यक्तित्व हुनुहुन्थ्यो । उहाँको प्रभाव हाम्रा घरमा पनि भित्रिएको थियो । मेरै कुप्राबा झुप्राबाहरु पनि जजमान हुनुहुन्थ्यो । त्यसको प्रभाव होला एककिसिमको गुरुकुलीय प्रभाव थियो । सात वर्षका उमेरसम्म मैले पितामह र पिताजीसँगै घरमै बसेर अक्षर चिनेको हुँ । विद्यालय अलि टाढा हुँदा म ढिलो गरेर स्कुल जान थालेँ । घरबाट विद्यालय जाने संरक्षक ठूलो मान्छे कोही नहुँदा मलाई विद्यालय पुगेर घर आउन पनि कठिन हुन्थ्यो । कति दिन बाआमाले बाटासम्म खोज्न आएर घर लगेको, अलैंचीबारीमा स्कुलबाट फर्कंदा हराएर अलपत्र परेको, गाउँका केटाकेटीको कुटाइखाएको सम्झन्छु ।

***यहाँको मूल सिर्जन विधा कविता नै हो होइन त ?***

- हो । मेरो सिर्जन विधा कविता नै हो । मैले गद्य, पद्य दुवै लयका कविता लेख्ने गरेको छु । लोकलयका कविता पनि रचेको छु । पुस्तकाकारमा भने पद्य कविताका संग्रहहरु आएका छन् ।

***यहाँको एउटा कविता संग्रह - एक्लो यात्रा । यसमा भएका कविताहरु मध्ये एउटा कविता मेरो राजा पनि रहेछ ? यो कविता कसरी रचना भयो ?***

- यो यस्तो । त्यसबेला राजतन्त्रको चर्को विरोध भइराखेको थियो । समकालीन कविहरु राजालाई सोझो भाषामा गाली गलौज गरिरहेका थिए । चिडिया खानमा राख्नुपर्ने, अमेरिका वा भारतका राजदूतलाई उपहार स्वरुप उनीहरुकै मुलुकमा पठाउनु पर्ने भनेर कविता लेखिरहेका थिए । मैले पनि केही त्यस्ता सोझा नाराप्रधान कविता लेखेँ र वाचन पनि गरेँ तर यो कविता चाहिँ त्यस चेतनाको प्रतिनिधित्व गर्ने कविता ठानेर यहाँ समेटेको हुँ । यसको रचना ०६१ जस्तो लाग्छ । यहाँ प्रेमीलाई प्रेमिकाले राजा भनेर बोलाएको प्रसङ्गबाट घुमाउरो भाषामा राजाकै विरोध गरिएको छ । तर राजाको विरोधको सोझो आभाष हुँदैन । मैले अरु कवितालाई पनि यसरी नै विम्बमा भन्ने गरेको छु । त्यहाँ छ :

*असुरक्षित छन् राजा सेनाले घेरिए पनि*
*मेरो रक्षा पुगिहाल्छ तिमीले हेरिए पनि ....*

***यहाँको त्यसै कविता सङ्ग्रहमा समेटिएको अर्को शरणार्थी कविताको रचना गर्भ के हो ?***

- यसको रचना गर्भ भुटानी शरणार्थीहरु भुटानबाट लखेटिएर झापामा शरण लिएका बेलाको अवस्थासँग सम्बन्धित छ । यस कवितामा पनि भुटानको नाम नलिइकनै विश्वका कुनै पनि समस्याले शरणार्थी बनेका मानिसको समस्यालाई साझा विम्बमा उतारिएको छ । यस कविताका गर्भमा २००७ सालको क्रान्तिताका नेपालका पूर्वीभागमा भएको लिम्बुनानका द्वन्द्वमा पिल्सिएका ब्राह्मण परिवारको व्यथा पनि एकाकार भएको छ । यस एउटै कवितालाई भुटान, वर्माबाट लखेटिएका नेपाली हुँदै विश्वसमुदायमा मैले थाहा पाएका शरणार्थी काण्डहरुका वीजलाई पनि समेटेको छु । त्यसैले पनि तपाइँ जस्तो गम्भीर पाठकले यसलाई महत्वसाथ ठम्याउनुभयो । अहिलेका पाठक कहाँ यहाँले जस्तो गहिरिएर पढ्छन् र ?

***यस संग्रहका कविताहरुमा उखु, ठूलो घर, कमिला,सगरमाथा, भानुको चुनौती, गमलाको पिपल, मुन्तला, थुम्काको छाती, सिमाली आदि शीर्षकहरु नै अलि नौला लाग्छन् नि ? किन यस्ता कविता लेखिए । यस्ता फरक खालका विषयवस्तु र शीर्षकहरु कसरी कवितामा उनिए बुनिए ? केही थाहा पाऊँ न ।***

- गम्भीर प्रश्न । यहाँले प्रश्न गरिरहँदा मेरा मनमा थप प्रश्न उठिरहेका छन् । यहाँले कसरी

# स्रष्टा रमेश शुभेच्छुद्वारा लिखित एवं सम्पादित कृतिका झलक




यी सबै कविता केलाउनु भयो ? यहाँलाई धन्यवाद । मेरो जीवन अभाव र समस्याबाट अगाडि बढिरहेको छ । मेरो दृष्टि अलिकति वर्गीय छ । स्रष्टाले मिश्रित चिन्तन पनि अवलम्बन गर्न सक्छ । म बहुमुखी ज्ञान दर्शन र समाजसचेत पनि छु । मेरो अध्ययनले विश्वसाहित्यका नवीन प्राचीन वादहरु पनि बुझ्ने बनाएको छ । मलाई लाग्छ मैले विश्वप्रसिद्ध विषय वा विश्वको अरु विषय लेखेर म स्थापित हुन्न । मैले मेरै विषय र परिवेश लेख्ने हो ।

यहाँको प्रश्नमा परेको सिमाली कविता यस्तै बहुमुखी चिन्तनको कविता हो । सिमाली हाँगा काटे पनि पुन सर्ने र पलाउने वनस्पति हो । यसले धेरै अर्थ बोक्न सक्छ । यस वनस्पतिलाई महत्वसाथ बगैँचा बनाइँदैन तर यसको खाँबो लाएर गोठ, गोदाम आदि बनाइन्छ । पैरो छेक्न र बार लाउन यसका हाँगा रोपिन्छ । यो वनस्पति उपेक्षित भइकन पनि मानवोपयोगी छ । यसमा पहेँलो लहरो जस्तो वनस्पति आश्रित बन्छ । यो खामो गाडेकै ठाउँमा फेरि पलाएर आउँछ । यसले हाम्रा समाजमा हेपिएका जाति वर्ग समुदायलाईपनि प्रतिनिधित्व गर्छ भन्ने लाग्छ मलाई । थप कुरा त पाठक र समालोचकले भन्ने हो ।

**अनि यो ओखर चाहिँ ?**

- ओखर हेर्दा नपत्याउँदो विशेष फल होइन र । यसलाई शीर्षक वा विषय बनाउनु पनि सिमालीलाई विषय बनाउनु जस्तै हो ।

***गमलाको पिपल भन्नु क्षमताको संकुचन नै त होला होइन ?***

- हो । यहाँ क्षमता भएर पनि संकुचनमा बाँच्नु पर्ने जाति, समुदाय, व्यक्ति, वर्ग आदिको प्रतिनिधित्व भएको छ । यी रचनाका गर्भमा मानवता पनि छ । हाम्रो सिर्जनामा हाम्रा मौलिक विम्ब प्रयोग नभएका सन्दर्भमा पनि म यस्ता मौलिक पक्ष खोजिरहेको छु । यसै कवितामा प्रगतिशीलता पनि छ । मैले पढ्ने क्रममा पाएका विभिन्न अस्तित्व, सून्य आदि चिन्तनको सार पनि छ । यहाँ मेरो आत्म प्रकाश पनि छ । समाजको आत्मप्रकाश पनि छ । गमलाकै आत्मकथा पनि छ । तपाइँ हामी पनि गमलाकै पिपल त हौं नि ।

***मुन्तला चाहिँ के हो ?***

- मुन्तला भनेको सुन्तला र कागती वा ज्यामिरको मिश्रणबाट जन्माइएको न सुन्तला न ज्यामिर वा कागतीको स्वाद भएको फल हो । तपाइँ हामी मुन्तला होइनौं र । हामी हाम्रो शिक्षा सभ्यताका विशिष्ट पनि बन्न सकेनौं । पाश्चात्य शिक्षा सभ्यताका विशिष्ट बन्न पनि सकेनौं । हाम्रो चेतना मुन्तला जस्तै छैन र ? म हामी नेपाली जातिलाई नै मुन्तला देखिरहेछु । टोपी र टाइ लाएको जातिका रुपमा देखिरहेको छु । मेरो वा हाम्रो शिक्षा र चेतना न पूर्वीय न पाश्चात्य उही मुन्तलाका अवस्थामा देखिरहेको छु । हाम्रा सन्तति मुन्तला बनिरहेका छन् । हाम्रो भाषा, भेष, चिन्तन, व्यवहार सबै मुन्तला बनिरहेको छ । अनि यस्ता कविता नलेखेर के लेख्नु । नेपालको प्रजातन्त्र गणतन्त्र सबै मुन्तला । कि कसो ?

***यो तपाईंको विचार हो । थुम्काको छातीको रचना गर्भ भन्न मिल्छ ?***

- यो यहाँले प्रश्नमा समेटेका अन्य कविताभन्दा अलि सरल र सोझो भएको जस्तो लाग्छ मलाई । यसको अर्थ सानाभित्र पनि सम्भावना हुन्छ भन्ने हो । अग्लो हिउँचुली भन्दा थुम्कामुनिको ज्वालामुखीमा अग्लो हुने सम्भावना हुन्छ भन्ने चिन्तन छ यस सानो कवितामा । सानालाई हेप्नु, दबाउनु हुन्न भन्ने चेतना छ । मैले यस्ता विम्बहरु अरु पनि रचेको छु । स्प्रिङ पनि यस्तै कविता हो ।

***यी कविता समकालीन पद्यका तुलनामा राम्रा छन् । तपाईंलाई शुभकामना छ । तपाईंको अर्को कविता संग्रह -मलामी । यसको शीर्षक नै किन यस्तो ?***

- म तपाईंको मलामी । तपाइँ मेरो मलामी । यहाँ हामी अरु दुनियाँ थोक कमाउन दौडन्छौं । कमाउनु पर्ने चाहिँ मलामी मात्रै हो । यस कविताले कसैलाई म के चिन्नु मलामी नगनी कन भन्ने पदावलीलाई महत्वसाथ उठाएको छ ।

***एक्लो यात्रामा भन्दा मलामीमा पो तपाईंले बढी सीमान्तकृत पक्ष समेट्नुभएको रहेछ त ? गधा, हन्बेर्नु, माछा र कमिला, खरानीको डोरी, स्प्रिङ, बाँसफल, जीवन सँगिनी, कालो दर्शन आदि । होइन ?***

- हो । किन किन मलाई यस्तै रचनामा रुचि भयो ।

***गधा कविता के हो ?***

- गधा कवितामा उही सीमान्तकृत समुदायको र वर्गीय खाडललाई देखाउनेप्रयास भएको छ । गधाभित्र म पनि छु । निम्नवर्गीय मजदुर पनि छ । अनेक शोषणका विम्बहरु छन् । यो भारि नपुगुन्जेल नहिँड्ने लदाउँदा लदिइरहने विशेष जातिको जनावर । यसलाई विम्ब बनाएको हो ।

***हन्बेर्नु कस्तो विम्ब हो ?***

- यहाँ आफै विनय दाइ आफै कोशकार हुनुहुन्छ । अर्थ भन्नु मेरै कमजोरी होला । यहाँ पाठकहरुलाई सहज हुने हिसाबले बोल्दैछु । हन्बेर्नु तातो भाँडो उचाल्न प्रयोग गरिने कपडा हो । क्षमतावान मानिसलाई हेन्बेर्नु बनाएर फ्याँक्ने परम्परा हाम्रामा निकै हावी भएको छ । त्यही पक्षलाई यस कविताले समेटेको छ । यो विम्बलाई धेरैले मनपराएका छन् ।

***यहाँ साहित्यमा किन लाग्नुभयो ?***

- मैले अघि नै यसबारे केही बोले जस्तो लाग्छ । सुरु सुरुमा नजानेरै लागेँ सायद । अब म जानेरै नियतबसै लागिरहेको छु । अब साहित्यलाई म नभए फरक नपर्ला । मलाई साहित्य नभइनहुने भएको छ । म आफूलाई साहित्यिक माहोलबाहिर राखेर हेर्दा सून्य देख्न थालेको छु ।

***यहाँले साहित्यका कुन कुन र के के विधामा लेख्नुभयो ?***

- कविता, गजल, गीत, निबन्ध, कथा, मुक्तक, जीवनी, समालोचना, बालसाहित्य आदि आदि ।

***यहाँले बहुविधामा कलम चलाए पनि प्रहाशनका दृष्टिले कविता निबन्ध र समालोचना बढी देखिन्छन्, कविता र निबन्धै बढी किन ?***

- कविता मलाई साहित्यमा आकर्षण गर्ने, रुचि जगाउने, प्रवाव पर्ने, बिउँभ्काउने मातृविधा पनि हो । अघि नै भनेँ नि पितामह र पिताजीले रामायण, महाभारत गीता आदि ग्रन्थ वाचन गर्दा गर्दै मलाई कवितामा रस भिजेको थियो । निबन्ध चाहिँ कविता लेख्न नसकेर भारी भएको विषय विसाउने विधाका रुपमा लिएको छु । हास्यव्यङ्ग्य निबन्ध सिर्जनाको प्रभाव पक्ष चाहिँ फित्कौली पत्रिकाको सम्पादन अनुभव, त्यसकालमा भएको नरनाथ लुइटेललगायत समकालीन व्यङ्ग्यकारसँगको सङ्गत र मेरै समाजका विसङ्गतिको प्रभाव हो सायद । संस्मरणात्मक निबन्ध सिर्जना आफ्नै जीवनको अभिलेखन हो सायद ।

***के निबन्धमा अरु विधाले नदिएको चिन्तन दिन सकिन्छ ?***

- सकिन्छ, सबै भन्दा धेरै चिन्तन दिन सकिने विधा नै निबन्ध हो । हास्य व्यंग्यका लागि पनि निबन्ध उपयुक्त छ । संस्मरण, आत्मकथाका लागि पनि निबन्ध नै उपयुक्त छ । यसको सम्बन्ध आख्यानदेखि कवितासम्म उत्तिकै बलियो छ । विश्वका सारा विचार, चिन्तन, दर्शन, तर्कहरु निबन्धै त हुन् नि । कि कसो ?

***भोलिको नेपाली निबन्ध कस्तो होस् जस्तो लाग्छ तपाईंलाई ?***

- नेपाली निबन्धका पाठक कम हुन् कि निबन्धकार नभएका हुन् ? यो अध्ययनको विषय बनिरहेको छ । देवकोटा, भैरव अर्याल, शंकर लामिछाने, तारानाथ शर्मा, कृष्णचन्द्रसिंह हुँदै राजेन्द्र सुवेदी आदिले निर्माण गरेको नेपाली निबन्धको विरासत आज आएर उति नयाँ नयाँ धारमा देखिएको छैन । मोटामोटी आत्मपरक, वस्तुपरक, व्यंग्यात्मक, संस्मरणात्मक, आत्मकथात्मक आदि सीमामै नेपाली निबन्धको सेरोफेरो देखिइराखेको छ । पुरानै परम्परामा रुमलिइरहेको छ । नेपाली मौलिक चिन्तनहरु ती निबन्धले कति ल्याउन सके भन्ने विषयवस्तुको पाटो अध्ययनीय छ । निबन्धको शैलीमा खास नवीनता देखिन सकेको छैन । म त सिकारु नै छु । अभ्यास गर्देछु । कोसिस गर्दैछु ।

यहाँले भोलिको नेपाली निबन्ध भन्नुभयो । नेपाली मौलिक चिन्तनप्रधान, गम्भीर प्रकृतिका निबन्धको खाँचो छ जस्तो लाग्छ । निबन्ध अनुदित भएर दोस्रो तेस्रो भाषामा सहजै जान सक्ने विधा भएकाले यस विधाको विकासमा विश्वप्यापीकारणतर्फ केन्द्रित होस् जस्तो लाग्छ । मोन्तेनका निबन्ध उनले निबन्ध भनेर भन्दा पनि आफ्ना विचार प्रवाहका लागि लेखेका थिए । म चाहिँ केही व्यंग्य र संस्मरणमा केन्द्रित भएको छु । वस्तुपरक चिन्तन परक निबन्धात्मक लेखहरु पनि लेखिरहेकै छु । पुस्तकाकार रुपमा बाहिर ल्याउन सकिरहेको छैन । फुटकर रुपमा प्रकाशन भइरहेका छन् ।

***म फेरि सिर्जनामै र अझ कवितामै केन्द्रित हुन चाहेँ । नेपाली कविताले कस्तो फट्को मारिरहेको देख्नुहुन्छ ?***

- एकातिर राम्रो फट्को मारिरहेको देख्छु , अर्कातिर जहाँको त्यहीँ । लामो समय छन्दका कविता कविता होइनन् र गद्य कविता कविता हेइनन् भन्ने अतिवादीहरुले नेपाली कवितालाई चेप्टो बनाए । अर्कातिर सरल कविता कविता होइनन् र जटिल वा प्रयोगात्मक कविता कविता होइनन् भन्ने बहस पनि चलिरह्यो । गरिमा लगायत पत्रपत्रिकाले पद्य कविताको निषेध प्राय गरे । यता शास्त्रीय लय र मुक्त लयको दोहोरीमा लोकलयलाई कवितामा ल्याउने प्रयास कम भयो । लक्ष्मीप्रसाद देवकोटा, धर्मराज थापा माधव घिमिरे आदिले पहिल्याएको नेपाली लोकलयको मौलिकता पछिल्लो पुस्ताले जोगाइराख्न सकेन । माधव घिमिरेले लोकलयलाई गीतमा र नाटकमा प्रयोग गरे पनि कविताकै तहमा उठाउन छोडिदिनुभयो ।

कविताको सन्दर्भमा अर्को कुरा पनि भन्नै पर्छ । कविताको परिभाषा गर्न खोज्नेले कवितै लेखेनन् र कविले परिभाषा वा सिद्धान्त बनाउन सकेनन् । यहाँ कविताका पण्डित भनेका विश्वविद्यालयका प्राध्यापक भए । प्राध्यापकमा मात्रै कविताको विश्लेषण जिम्मामा लाग्नु पनि हुने थिएन ।

केही मौलिक सामर्थ्य खोजी गर्दा नेपाली कविताले संस्कृत साहित्यको शास्त्रीय छन्दलाई बचाइराखेको छ । जुन हिन्दी, बङ्ला, मराठी आदि भाषाले पनि बचाउन सकेनन् । यो एउटा गर्वको विषय हो । आज छन्द कविताको पुनर्जागरण नै भएको छ । यो अन्य भाषाको भन्दा हाम्रा भाषाको विश्वलाई देखाउन मिल्ने एउटा पक्ष हो । हाम्रो मौलिक पन हो ।

दोस्रो कुरा, अब हामीले थाहा पाउनु पर्ने छ कि हामीसँग हाम्रो आफ्नै लोकलय पनि छ । यसमा प्रयाप्त अभ्यास र प्रयोग हुनु पर्थ्यो, भएको छैन । चिन्तन मनन पनि भएको छैन यसलाई बचाउन सके अर्को मौलिक पन हुन सक्छ । मातृक लयका फरक फरक पक्षको अभ्यास गर्न सके गद्यकविता निकटबाटै लय सिर्जना गर्न सकिने र विम्ब र प्रतीकलाई पनि अटाउन सकिने पक्ष देखिरहेको छु । आफूले भने धेरै सिर्जना गर्नै सकेको छैन । के कुरा गर्नु ।

हामी गद्य कवितामा पनि विश्वमा भए गरेका प्रयोगहरको अभ्यास गरिरहेका छौँ

यी सबै सुखद कुरा हुन् । तर गम्भीर साधकहरको खाँचो छ । कविता ऋषि कर्महो । त्यस्ता ऋषिहरुको अभाव छ । नारा र कुरामा कविता साटिइरहेका छन् । यो दुखद पक्ष हो । हामीले नारा र कुराबाट, रुन्चे आलाप र दम्भका हुँकारबाट, गाली गलोज र सोझो भाषाबाट जोगाउन सकेका छैनौँ । सम्प्रेषणका दृष्टिले केवलपुरे किसानको बाटो भेटेका छैनौँ । वौद्धिकताका दृष्टिले पौड्याल, सम र देवकोटासँगै कवितालाई मारेर हाहा गरिरहेका छौँ । माधव घिमिरेहरुका कला पुस्तान्तर गर्न सकिरहेका

छैनौँ । गद्यतर्फ रिमाल र भूपिकै उचाइको अभ्यास गर्न सकेका छैनौँ । प्रयोगवादी कवितालाई कसैलाई बुझाउन सकेनौँ र अवसानतिर पठायौँ । हरिभक्तहरुलाई काव्य महाकाव्यको सिर्जना गराउँन सकेनौँ । अब हामी के गर्न सकौँला ? कवि र समीक्षक दुबै भएर हेर्दा कहाली लाग्छ । तरै पनि केही केही अभ्यास बढेको छ । रचनामा, प्रकाशनमा, प्रस्तुतिमा हामी केही न केही अघिल्लो दशक भन्दा अगाडि छौँ । गुणस्तर भने स्थिर जस्तै छ प्राय । लेखन वाचन, विमोचन, प्रचारमा चाहिँ केही विकास भएजस्तो लाग्छ तर त्यसले गुणस्तर उठाउने होइन । प्रतियोगिताहरु पनि प्रायोजित जस्तै देखिँदैछन् । यो चाहिँ अलि कमजोर पक्ष जस्तो लाग्छ ।

***अब अलि फरक प्रश्न है, तपाईंको दृष्टिमा जीवन के हो ?***

**-** यो अफठ्यारो प्रश्न । मेरो विचारमा कोक्रादेखि चितासम्मको संघर्ष । संघर्षको अर्को नाम । जीवन सम्झौता पनि हो । जीवन बाध्यता पनि हो । जीवन सङ्घर्ष र चुनौती पनि हो । खोइ के भन्ने । यो पनि ओखर जस्तै छ । अघि तपाईंले सोधेको ओखर जस्तै । सिमाली जस्तै । शरणार्थी जस्तै । गधा जस्तै । म के भनूँ ? दुख सुखको सहयात्रा तपाईंकै सेतो र कालो निबन्ध जस्तै ।

***यहाँले बाबु हजुरबाबुबाट धार्मिक पुस्तक पढेको सुन्दै कविता सिर्जनामा प्रवृत्त भएको बताउनुभयो । अध्यात्मलाई कसरी हेर्नुहुन्छ ?***

**-** म आध्यात्मिक संस्कारकै विरुवा हुँ । प्रपितामही, प्रमातामही, पितामह, मातामहका मुखबाट स्वर्ग नर्कका कथा सुन्दै हुर्किएको हुँ । उहाँहरुका पछिलागेर भागवत सुन्ने ठाउँमा गएर दिनभरि पुराण सुन्दै हुर्किएको हुँ । तर अहिले म अलि फरक ढंगले बुझ्न थालेको छु । धर्म ग्रन्थहरु धर्मका लागि भन्दा ज्ञान र दर्शनका लागि पढ्न थालेको छु । सभ्यता र मानव विकासका चुर्णहरुका लागि पढ्न थालेको छु । मन्दिर गएर मागेर केही पाइन्छ होला जस्तो लाग्दैन । भाकल, पूजा र धुपध्वारले केही भइहाल्छ जस्तो लाग्दैन । ज्योतिष हेराएर औँठी बाला लाएर म सुरक्षित हुन्छु होला भन्ने लाग्दैन ।

रहस्यवादी दर्शनबाट भने मानव मुक्त हुन सकेको छैन । म पनि कहिलेकाही रहस्यवादी चिन्तनबाट र अनौठा अनौठा संयोगहरुबाट केही सोच्न बाध्य हुन्छु । त्यसरी सोच्ता पनि म वैज्ञानिक दृष्टिले बुझेकै अध्यात्मलाई स्वीकार गर्छु । त्यसो भन्दैमा सनातनीहरुको विरोध पनि गर्दिन । परिवारका सदस्यले गर्ने गरेका धार्मिक कार्जेहरुको विरोध गर्दिन । सकेको आर्थिक भौतिक सहयोग गर्छु ।

***तपाईंको जीवन दर्शन पनि जानौं न ।***

**-** म जीवन सिक्तैछु । जीवनमा ठेसिँदै ठोकिँदै पछारिँदै तङ्ग्रिँदै हिँडिरहेको छु । अहिले नै जीवनबारे बोल्न सक्तिन होला । बोले पनि त्यो दिगो नहोला जस्तो लाग्छ । आजसम्मको संघर्षबाट आशावादी बनेर जीवन बाँच्न सकिन्छ भन्ने सम्म थाहा पाएको छु । आशा र संघर्ष सायद जीवनलाई अगाडि लैजाने सूत्र हुन् । मैले कक्षामा विद्यार्थीलाई सिकाउँदा दिने गरेको एउटा उदाहरण यस्तो छ :

भर्याङ नचढी माथिल्लो तलामा पुगिँदैन, हरेक सिँढी नचढी हुँदैन । माथि जान हरेक सिँढी चढ्नै पर्छ । तल झर्न भने हाम फाले पनि हुन्छ । मेरो विचार पनि यस्तै छ । कसैले पनि भूत साधना गरेर एकाएक जादुगरी ढंगले जीवन वदल्न सक्तैन । विश्वप्रसिद्ध मानिसका जीवनी पढ्दा पनि र मेरै जीवन अनुभवमा पनि यही कुरा दोहोरिन्छ ।

***तपाई बहुमुखी क्षेत्रमा छरिएपनि कवितामै लागिरहेजस्तो लाग्छ । अब भन्नुहोस्, तपाईं कविता किन लेख्नु हन्छ ?***

- मैले मेरा कवितासङ्ग्रहको लेखकीयमा मेरो रचनागर्भ, सामर्थ्य र उद्देश्यबारे भनेको पनि छु । सार्वजनिक मन्तव्यहरुमा बोलेको पनि छु । म कविता रचना गर्दा समाजले नदेखेको, नचिनेको पक्षलाई र आवाजलाई समेटिरहेको हुन्छु । यसो हुनुमा मेरो निम्नवित्तीय परिवारका अभाव र दुखहरुको अनुभूतिलाई आत्मसात गर्ने सामर्थ्य हो जस्तो लाग्छ । हामीले समाजको पछाडिको लुकेछिपेको पक्ष उठाउनकै लागि सिर्जना गर्नुपर्छ जस्तो लाग्छ ।

***तपाईंको विचारमा कविता के हो त ?***

- मलाई लाग्छ कवितालाई परिभाषाले बाँध्न सकिँदैन । यो अनुभूति गर्ने कुरा मात्र हो । मैले अघिल्लो प्रश्नमा पनि भनेँ, हाम्रामा वास्तविक कविले कविताको परिभाषा गरेका छैनन् । परिभाषा गर्नेले कविता लेखेका छैनन् । कविता साहित्यको उच्च र उच्चतम कला हो । भाषा, भाव र विचारको उच्चतम संयोजन हो । भाषाको विम्बात्मक, प्रतीकात्मक मन्त्रमय अभिव्यक्ति हो । सुन्दर र सुन्दरतम अभिव्यक्ति हो । साधनाको उच्चतम प्राप्ती हो । ऋषिकर्म हो ।

***लामो समयदेखि कविता नै लेखिरहनुभएको छ । कक्षा तीन देखि नै कविताको मोहनीमा परेको बताउनुभयो । कविता लेख्न विशेष समय वा सन्दर्भ आवश्यक पर्छ ।***

- होला अरु काम गर्न विशेष समय र सन्दर्भ आवश्यक होला तर कविता सिर्जना गर्न खास समय चाहिँदैन । जतिबेला विषयवस्तुले छुन्छ र अनुभूति जागृत बन्छ त्यतिबेलै रचना हुन्छ । मेरो गोजीमा कलम कापी प्राय हुन्छ । घरमा बस्ता प्राय ल्याप्टपअगाडि नै हुन्छु । अरु काम गर्दागर्दै रेडियो सुन्दासुन्दै कुरा गर्दागर्दै पनि केही हरफ सिर्जना फुर्छ पछि त्यसैलाई पूर्ण बनाउँछु । छाप्ने हतार भन्दा केही पकाएर राख्ने कोसिस गर्छु । केही बनाउन पाए हुन्थ्यो भन्ने चाहना राखी बनाउने प्रयास गर्छु । लेख्नलाई सुनसान एकान्त हुनुपर्छ, वनजङ्गल र चराको गान हुनुपर्छ, सबै सुतेपछि एक्लै लेख्नुपर्छ, मधुरो सङ्गीतको आवाज हुनुपर्छ भन्ने पनि छन् तर मलाई त्यस्तो लागेन । यद्यपि मैले सुरु सुरुका कविताहरु मेलामा र घाँस काट्न जाँदा एकान्तमै बसेर लेखेको हुँ । घाँसमा जाँदा बोकेको सादा कागज भरे घाँसको भारीसँगै कविताले पनि भरिएर आउँथ्यो अनि डायरीमा चढाउँथेँ । त्यसबेला मेरा अक्षर पनि राम्रा थिए । यात्रा गर्दैगर्दा, काम गर्दै गर्दा, क्याम्पसमा परीक्षाको गार्ड बसिरहँदा, भान्छामा खाना पकाउँदै गर्दा, भाँडा पखाल्दै गर्दा, गाडीको यात्रा गर्दैगर्दा, अरु काम गर्दै गर्दा फ्याट्ट आएको अनुभूति समाएर लेख्ने गरेको छु । के समय चाहियो र ?

***संस्कृत काव्यशास्त्रले कविता सिर्जना गर्ने सामर्थ्यका लागि प्रतिभा, अभ्यास र व्युत्पत्तिको चर्चा गरेको छ । तपाई आफूलाई प्रतिभा, व्युत्पत्ति र अभ्यास कुन कोटिको सर्जक मान्नुहुन्छ ?***

- प्रतिभा, व्युत्पत्ति र अभ्यासबाट सर्जक जन्मन्छ भन्ने कुरा धेरै पुरानो चिन्तन हो । यसमा सहमत हुन पनि सकिन्छ र नहुन पनि सकिन्छ । यसमा केही सत्यता पनि छ । यहाँले तुलनात्मक निबन्धमा भने जस्तै प्रतिभा छ भनेर अभ्यास नगरे त नहुँदो हो । अभ्यासले प्रतिभालाई पनि तिखार्दो हो । व्युत्पत्ति पनि प्रतिभाविना नहुँदो हो । म आफूलाई अभ्यासको कवि मान्छु । मेरो अभ्यासमा व्युत्पत्ति पनि पोयो बनेर बाटिन्छ प्रतिभा पनि पोयो बनेर बाटिन्छ । प्रतिभा भए न व्युत्पादन गर्न सकिन्छ । क्षमता भए न अभ्यास गरिन्छ कि कसो ? साधना वा अभ्यास भन्दा ठूलो सफलता वा प्राप्तीको अन्य सूत्र छ होला जस्तो लाग्दैन ।

***यहाँ नेपाली कविताका स्रष्टा मात्र नभई अध्येता वा द्रष्टा र शोधकर्ता पनि हुनुहुन्छ । नेपाली कविताको स्तर र प्रवृत्ति कस्ता छन् ।***

- सूत्रमा भनूँ : जति हुनु पर्थ्यो त्यो भएको छैन । पछिल्लो पुस्तामा राम्रा कविता आएका छन् । यद्यपि उनीहरुमा गम्भीर साधनाको खाँचो छ । एकल वाचन र वाचन अनुश्ठानहरु बढेका छन्, सञ्चारमाध्यम र इन्टरनेटले पनि नयाँ पुस्तालाई लेख्न र सार्वजनिक हुन प्रोत्साहन गरेको छ । यद्यपि तिनीहरु कविता बनाउन सकिरहेका छैनन् । विम्व योजना सबल बनाउन सकिरहेका छैनन् । केही साथीका वाहीवाहीले कवि बनिँदैन । विस्तारै कविता र अन्य विधामै पनि जातीय भाषा, विम्व, प्रतीक, मूल्य, मान्यता, विश्वास, आस्था, मिथ, लोकोक्ति र मान्यताहरू कवितामा र अन्य विधामा पनि धेर थोर आउन थालेका छन् । यो राम्रै कुरा हो तर हामीले हाम्रा विम्व, प्रतीक र मिथहरुलाई जति जीवन्त बनाउनु पर्थ्यो त्यति बनाउन सकेका छैनौ जस्तो लाग्छ । कविताका पुस्तकको कागज र आकर प्रकार विशेष बन्दै गएको तर कविता त्यस्तो नभएको जस्तो पनि लाग्छ । मञ्चहरुमा कि नारा सुनिरहेझैं, कि विचार सुनिरहेझैं, कि लय सुनिरहेझैं कि विम्ब र प्रतीकको विटो सुनिरहेझैं लाग्छ । संयोजित रचना केही मात्र सुनिन्छन् । पत्रिका पढ्दा पनि यस्तै पाउँछु । भूपीतिरै, देवकोटातिरै, रिमालतिरै कतै संयोजित अंश छुटेजस्तो , लेखनाथ र घिमिरे भन्दा अगाडि उही प्रवाहमा आउन नसके जस्तो । हरिभक्तहरुको सम्प्रेष्यताले ठाउँ पाए पनि संयोजित सम्प्रेष्यता चेप्टो भए जस्तो । प्रयोगवादको अमूर्त पनि बलियो नभए जस्तो त्यसै कस्तो नुन नलागे जस्तो पो देखिरहेछु म त ।

***वर्तमान साहित्यलाई उत्तरआधुनिकवादी साहित्य भन्छन् नि । यो भनेको के हो ?***

- उत्तरआधुनिकतावाद स्थिर बनिनसकेको बहुमुखी चिन्तनको छाता चिन्तन हो । यसमा धेरै धेरै चिन्तन अटे पनि ती स्थिर बनिसकेका छैनन् । यी चिन्तनले साहित्यलाई बहुमुखी विषय क्षेत्रसँग जोडेर हेर्ने काम भने गरिरहेको छ । विश्व सन्दर्भ र नेपाली स्थानीय सन्दर्भका अनेक पक्षलाई साहित्यसँग जोडिरहेको छ । विचारको चिन्तनको र कलाको विश्वव्यापीकरणलाई आत्मसात गरिरहेको छ । यी बहुमुखी चिन्तनहरु स्थिर बन्न समय लाग्छ । आधुनिक चिन्तनहरुमध्ये विश्वसाहित्यमा मनोविज्ञान र मार्क्सवादको प्रयोग बढी देखियो । विस्तारै उत्तरआधुनिक चिन्तन पनि स्थिर होला । यसले सांस्कृतिक अध्ययनलाई केही स्थिर बनाउन थालेको पाएको छु । अरु धेरै त म पनि कहाँ जान्दछु र ?

***यहाँलाई मन पर्ने कविहरू कोही छन् ?***

- यस्तो प्रश्नको जवाफ दिन गाह्रो छ । मलाई मन पर्ने कवि धेरै नै छन् । म सकारात्मक दृष्टि राख्छु । कमजोर कवि आउनु पनि साहित्यका लागि नराम्रो होइन । तुलनात्मक रुपमा हेर्न पाइन्छ । शक्तिशाली कवि आउनु झन् राम्रो । कविता राम्रो नराम्रो भन्ने पाठकको बोध सामर्थ्यअनुसार पनि हुन्छ । आज पनि गुणरत्नमालाका शैलीका कविता मन पराउने पाठक छन् । माध्यमिक कालीन महाभारतशैलीका कविता पढिन्छन् । म अधिकांश कविता, काव्य, महाकाव्य पढिरहेको हुन्छु, कविता र काव्य पनि पढिरहेको हुन्छु । कुनैले तानेर लैजान्छ पूर्ण नपढी चित्त बुझ्दैन कुनै पढ्नै सकिँदैन । सम्भवत पाठकलाई तान्ने कवि राम्रा हुन् । बल गरेर पढ्नु पर्ने कवि कमजोर वा यहाँले सोधेअनुसारका नराम्रा वा मन नपर्ने हुन् । तर उनीहरुका सिर्जनामा पनि कतै विषय सवल हुन्छ, कतै लय सवल हुन्छ, कतै विम्ब सवल हुन्छ । समग्र राम्रा कवि विरलै पाइन्छन् । राम्रा कविका पनि केही कविता मात्र राम्रा हुन्छन् । यसभन्दा बढी नबोलौं होला ?

**कस्तो जोगिएर उत्तर दिनुभयो । वास्तवमा हो पनि कसैको केही राम्रो पक्ष हुन्छ कसैको केही राम्रो पक्ष हुन्छ। *तपाई समीक्षक पनि हो। तपाईंका कविताका विशेषता चाहिँ के हुन् ?***

- यो अर्को अप्ठ्यारो प्रश्न । यस्ता प्रश्नको मैले भन्ने उत्तर होइन होला जस्तो लाग्छ । मसँग केही समीक्षा चेत पनि रहेकाले नै यहाँले यस्तो प्रश्न गर्नुभयो जस्तो लाग्यो । मैले कुनै खास सन्देश वा विचारलाई लिएर कविता रचना गरिरहेको हुन्छु । कविता सौन्दर्य मात्र पनि होइन, विचार मात्र पनि होइन । म यी दुवै पक्षलाई जोड्ने प्रयास गरिरहेको हुन्छु । मेरो कविताका शीर्षकमै विम्ब खोजिरहेको हुन्छ । प्रतीकहरुको खोजिगरिएको हुन्छ । मिथक र आञ्चलिक वस्तु खोजिएको हुन्छ । मेरो युगका बहुमुखी आवाज र प्रवृत्तिहरु खोज्न प्रयास गरिएको हुन्छ । मेरा कवितामा सांस्कृतिक पर्यावरणीय चेतनाहरु प्रवल छन् यद्यपि मेरा कविताको मूल स्वर वर्गीय विभेदमुक्त समाजको परिकल्पना गर्ने प्रगतिवादी वा प्रगतिशील वा प्रगामी स्वर नै हो । अलि फराकिलो ढंगले भन्दा वर्गद्वन्द्व हो । त्यसमा म जडसूत्रवादी नै चाहिँ छैन । उदार मानवतावाद स्वच्छन्दतावाद प्रेरित र आधुनिक मानव मूल्यहरुमा मेरा कविता घोलिएका छन् । मानवतावादका मूलतः समानता, स्वतन्त्रता र भ्रातृचेतमा मेरा रचना बोलिरहेजस्तो लाग्छ । आँशिक रुपमा, अस्तित्ववादी सून्यवादी चिन्तनको समन्वय, प्रयोग र शास्त्रीयताको संयोजन, नयाँ नयाँ विचलन र व्याकरणिक भाषाको अभ्यासमा म बढी समय खर्च गरिरहेको पाउँछु आफूलाई । मेरा कविताका बारेमा मैले नै बोल्ने बेला भएको छ जस्तो लागिरहेको छैन । यहाँले सोधी हाल्नुभयो । बढी बोलेको भए क्षमा पाऊँ ।

***यहाँ समालेचना पनि लेख्ने सर्जक भएका नाताले यो प्रश्न सोध्दै छु । समालोचना र सर्जकको सम्बन्ध नेपालको सन्दर्भमा कस्तो पाउनु भएको छ ?***

- सिर्जना कला हो । समालोचना सिर्जनाको मूल्याङ्कन सामर्थ्यसहितको कला हो । अर्काले गरेको सिर्जना वा लेखेको कुरालाई सिद्धान्तले निरुपण गर्नुपर्ने समालोचना मूल्याङ्कनका साथै अनुसन्धान पनि हो । नेपालमा समालोचना वाध्यताको विषय बनिरहेको छ । समीक्षा गर्नु बौद्धिक वर्गको कर्तव्य पनि हो । स्वतस्फुर्त कर्म पनि हो । हाम्रामा भने पाठ्यक्रममा रहेका रचनाको मात्र समालोचना गरिन्छ । स्वतन्त्र रुपले समालोचना गरिँदैन । यो नै यस क्षेत्रको कमजोरी हो । यहाँ पाठ्यक्रममा समेटिएका सिर्जनाबाहेकका राम्रा सिर्जना समालोचकका नजरमा परेका छैनन् भने पनि हुन्छ । म परेको छैन ।

यहाँ मेरो पुस्तकको समीक्षा लेखिदे भनेर धाउने लेखक पनि छन् । लेखकका कृतिमा अनधिकृत कुरा लेखेर साहित्यकार पल्टने समालोचक पनि छन् । फेरि समालोचकहरुमा सिर्जन सामर्थ्य नभए पनि हुन्छ भन्ने भ्रम अर्को समस्या बनिरहेको छ । मोतीराम भट्टदेखि नै हेर्नुहोस् । पछि आएर वासुदेव त्रिपाठी, तारानाथ शर्मा, कृष्णचन्द्रसिंह, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, अभि सुवेदी, गोविन्दराज भट्टराई लगायतको समालोचना गुण र सामर्थ्य बलियो हुनुमा उनीहरुको सिर्जन सामर्थ्यले पनि काम गरेको छ । निरन्तर अध्ययनशील स्वभाव र समर्पणले पनि काम गरेको छ । उहाँहरुले कोर्सका विषयमा मात्र होइन जुनसुकै विषयमा जिम्मेवार बनेर कलम उठाउनुभएको छ । समालोचकसँग सिर्जना सामर्थ्य छैन भने पनि गहन अध्ययन सामर्थ्य हुनुपर्छ । अध्ययन र सिर्जना सामर्थ्य नभएका समालोचकले गरेका कतिपय मूल्य निर्णयहरु असफल पनि भएका छन् । लेखकको मनोविज्ञान, तत्कालीन परिस्थिति, त्यस्तो लेख्नुको कारण र प्रेरक तत्व वा सन्दर्भको अध्ययनतर्फ समालोचकहरु गहिरिएको देखिँदैन । कसैको

अभिनन्दन ग्रन्थ, स्मृतिग्रन्थ आदिका लागि आवश्यकताले, करले, बलले लेखेर समालोचक कहलिनेहरु पनि छन् तिनका तुलनामा स्वतस्फुर्त सिर्जना गर्ने सर्जकका सिर्जना र चिन्तन समाजका लागि बढी उपयोगी बन्छन् ।

यहाँको यो प्रश्न अलि गम्भीर छ । टी. यस. इलियतले सिर्जनाविनाको समालोचक हुँदैन भनेका थिए । हामीले त्यसरी बुझिरहेका छैनौं । अर्को समस्या, हामीकहाँ भाषा साहित्यको अनुसन्धानमाथि राज्य वा संस्थाहरुको लगानी छैन । अनुसन्धान गर्नेहरुले शोखले सित्तैमा अझ आफ्नो खर्चले गरिरहेका छन् । सधैं सित्तैमा कसले गरिदिने ? कतिपय लेखकले दाम दिएरै आफ्ना कृतिको समीक्षा लेखाउँदै हिँडेको पनि भेटियो । घरमै सहयोगी लेखक राखेर लेखक कहलिएको पनि भेटियो । यी पक्षले केही समय समाजका आँखामा छारो हाल्ने मात्र हुन् ।

वास्तवमा राम्रो सर्जक नै राम्रो समालोचक बन्न सक्छ र राम्रो समालोचक नै राम्रो सर्जक बन्न सक्छ । समालोचना सिर्जनामाथिको सिर्जना हो । विचार जाँच्ने कसी हो । सिर्जना जाँच्ने कसी हो । कुनै स्रष्टा समालोचक र सर्जक दुबै हुन्छ भने ऊसका साहित्यिक जीवनमा सुनखानी र सुन जाँच्ने कसी ढुङ्गो पनि सँगै छ भन्ने बुझिन्छ ।

***नेपाली साहित्य प्रविधिका माध्यमबाट उति विकसित बनिरहेको देखिँदैन । के प्रविधिको विकासले कविता वा साहित्यकै पाठक घटेका छन् जस्तो लाग्दैन ?***

- सबैले साहित्य पढ्नुपर्छ भन्ने छैन् । खेलकुद, चित्रकला, संगीत, चिकित्सा, प्रविधि आदिमा लाग्नेले साहित्य पढेन भनेर चिन्ता मान्नु पर्दैन । आम पाठक हुन्छन् भने पनि मूल कला वा कविता कलालाई बचाउने भनेको हामी स्रष्टाहरुले नै हो । कवितालाई पनि प्रविधिमैत्री बनाउँदै लैजानुपर्छ । रेडियो, टेलिभिजन, इन्टरनेटका सञ्जाल आदिसँग जोडेर पनि पाठक बढाउन सकिन्छ । फेरि कविता बढी प्रचारमा बाँच्ने विधा पनि त होइन । त्यसो भए त आज राजधानी संस्करण, गृहसंस्करण विमोचन गर्दै हिँड्ने साहित्यकार नै सर्वेसर्वा भइहाल्थे नि । फरक फरक भाषामा अनुवाद गराएर हार्डकभरका किताव बाँड्ने लेखक नै महाकवि भइहाल्थे नि । मलाई पाठक घटे जस्तो लाग्दैन । बरु कस्तो लाग्छ भने राज्यले हरेक निकायमा स्थानीय तहसम्मै एउटा एउटा पुस्तकालय स्थापना गरेर लेखकलाई १००० कपी किताब बिक्री हुने प्रत्याभूति दिए ।

लेखकले लेखेर बाँच्ने आधार बन्थ्यो र ठाउँ ठाउँमा पुस्तक पुगिसकेपछि स्वतह पढिन्थ्यो जस्तो लाग्छ ।

***तपाईं साहित्यिक पत्रकारिताका क्षेत्रमा पनि सक्रिय हुनुहुन्छ । यस क्षेत्रको अवस्था चाहिँ कस्तो छ ?***

- साहित्यिक पत्रकारिता क्षेत्रका समस्याबारे मभन्दा यहाँ आफै जानकार हुनुहुन्छ । भुक्तभोगी हुनुहुन्छ । मैले पनि केही बुझेको छु । मैले मोफसल हुँदैदेखि यस क्षेत्रमा हात हालेको हुँ । बरु मोफसलमा केही उत्साह थियो ।

अहिले यस क्षेत्रलाई कसरी टिकाइराख्ने भन्ने समस्या टड्कारो छ । कहिलेकाहीँ मधुपर्कको विकल्प वा प्रतिष्पर्धी निजी साहित्यिक पत्रिका निकाल्न सके हुन्थ्यो भन्ने पनि लाग्छ । खोई कसले लगानी गरिदिने ? तर यो आवश्यक छ, राज्यले मात्र निकालेका पत्रिकाले सबै पक्ष समेट्न सक्तैनन् । कम्तिमा त्यस्तै कागजमा भए पनि एउटा अर्को विकल्प आए हुन्थ्यो । अहिलेका साहित्यिक पत्रिकाहरु निरन्तर भएर पनि बहुमुखी सामग्रीलाई समेट्न सक्ने बनिरहेका छैनन् । टिकिरहने समस्याका कारण त्यसो हुनु स्वाभाविकै पनि हो ।

साहित्यिक पत्रकारिता अखबारी पत्रकारिता भन्दा दीर्घप्रभावी र बढी जिम्मेवार पत्रकारिता हो । यसलाई हेर्ने राज्यको दृष्टिकोणमा परिवर्तन आउन आवश्यक छ । विज्ञापन वितरण प्रणलीमा यस्ता पत्रिकालाई पनि समेट्न सके हुन्थ्यो भन्ने लाग्छ ।

***यहाँ थुप्रै संघसंस्थासँग संलग्न हुनुहुन्छ । साहित्यिक सांस्कृतिक संघसंस्थाको अवस्था चाहिँ कस्तो पाउनुभएको छ ?***

- साहित्यिक संघसंस्थाको दर्ता एन जी ओ कै रुपमा हुने भए पनि यिनीहरुलाई टिकाउनै धौधौ परिरहेको छ । केही संस्थामा कोष भएर पनि परिचालन गर्ने संगठकको खाँचो छ तर धेरै संस्था कोषविनै दुखले चलिरहेका छन् ।

तिनका गतिविधि, प्रकाशन, सम्मान, पुरस्कार, विमर्ष, विमोचन आदिले भने साहित्यिक मूल्य अन्वेषणमा सघाउनै पुर्‍याएका छन् । तिनका कमजेरी पनि छन् । तर हामीले यस्ता संस्थालाई भाषा साहित्यकै मन्दिरका रुपमा मानेका छौं ।

***तपाईं अहिले के गर्दै हुनुहुन्छ ?***

- अहिलेसम्म मेरो विद्यार्थी जीवन सकिएको छैन । सकूँला भन्दा भन्दै ढिला भइरहेको छ । कसैका किताब सम्पादन, कसैका किताबको भूमिका लेखन, कसैका किताबमाथि मञ्चमा बोल्ने तयारी, कुनै कार्यक्रमको उद्घोषण आदि भन्दा भन्दै म त केही गर्न सकूँला जस्तो लाग्न छाडेको छ । फेरि यी काम नगरुँ भने मेरो व्यक्तित्व विकासका पाटाहरु यिनै पक्ष बनिरहेका छन् । काठमाडौँको बसाई त्यति सजिलो छैन । भातकै लागि विभिन्न क्याम्पस धाएर पढाइरहेको छु । फाटफुट अनुसन्धान र खोजमूलक काम पनि गरिरहेको छु । कविता, निबन्ध आदि सिर्जना पनि गरिरहेको छु ।

अरु थुप्रै काम थाँति रहेका छन् । कतिपय पुस्तक प्रकाशककामा, कतिपय चित्रकारकामा । धेरै आफ्नै कम्प्युटरमा रहेका छन् । जे होस् निष्कृय छैन । यहाँका अगाडि मैले यी कुरा भनिरहँदा मैलाई लज्जा बोध भइरहेको छ ।

***साहित्य वर्ष पुस्तकको लेखन पनि गर्दै हुनुहुन्छ होइन र ?***

- मैले साहित्य वर्ष पुस्तकको लेखनको जिम्मेवारी पाएको छु । यो मेरालागि चुनौति र अवसर दुबै रुपमा थपिएको जिम्मेवारी हो । यहाँलगायत साहित्यसंवर्द्धन संबद्ध स्रष्टाहरुका विश्वासले मैले यो जिम्मेवारी पाएको हुँ ।

अलिअलि गर्दै यसलाई निरन्तरता दिने मेरो योजना छ । यो राज्यले गर्ने काम एउटा संस्थाले गरिरहेको छ । यसले मलाई नयाँ नयाँ पुस्तक पढ्न पाउने अवसर पनि मिलेको छ ।

यस कार्यमा यहाँहरुलगायत संवर्द्धन केन्द्रका स्रष्टाहरुको पूर्ण साथ सहयोग पनि प्राप्त छ । आम स्रष्टा समुदायको सहयोग पनि प्राप्त छ ।

***अन्त्यमा केही छ कि ?***

- म सामान्य लेखक हुँ । धेरै पछिल्लो पुस्ताको सिकारु लेखक हुँ । विश्वास साथ **अग्निचक्रमा** मलाई स्थान दिनुभएकामा धेरैधेरै धन्यवाद । विचार विमर्श गर्नुपर्ने विषय अरु पनि हुन सक्छन् तर आज यहाँको प्रश्नको सेरोफेरोलाई नै प्रयाप्त मानेको छु । कतै मेरा अभिव्यक्तिमा अहङ्कार झल्किएको भए क्षमा चाहन्छु यहाँसँग पनि र पाठकसँग पनि । अहिले मेरो बोल्ने भन्दा काम गर्ने उमेर हो ।

***अग्निचक्रका नेपाली साहित्यक पाठकलाई अरु केही भन्न छुटेका कुरा छन् कि ?***

- छन त छन् तर एकैचोटि सबै कुरा भनिसकिँदैन । एउटै अन्तर्वार्तामा सबैकुरा गरिने पनि होइन । अहिले यहाँलाई र यहाँको पत्रिकालाई धन्यवाद । छुटेका कुरा पछि गरुँला । यो पत्रिका निरन्तर चलिरहोस् । सम्पादन व्यवस्थापन टिमलाई र **विनयजी** यहाँलाई विशेष आभार । ◆◆



# कल्पिए नारदजी

एकदिन ब्रह्माजीलाई आफ्नो सृष्टिमाथि पुनः दृष्टि र सबै भन्दा सस्तो ठाउँ कहाँ छ भनी जानकारी लिने लहडको वृष्टि भएछ । तुरुन्त नारदजीलाई बोलावट भएछ । नारदजी पनि “नारायण, नारायण !” जप्दै आफ्नो हातमा एकतारे लिएर एकै बातमा उपस्थित भएछन् । नारदलाई देख्नासाथ ब्रह्माजीले भनेछन्, “हे नारद ! मेरो सृष्टिमा जताततै अन्यौल बढेको, महँगीले गर्दा मानवहरूको सबै जेथो डढेको र भ्रष्टाचारले पूरा जगत नै सढेको देख्छु । हे पुत्र ! यस दुनियाँमा सबै भन्दा सस्तो ठाउँ कुन र कस्तो छ ? तिमीले जति सक्दो चाँडो पत्ता नलगाए मलाई यो जगतै घाँडो होला जस्तो छ । त्यसैले तिमी आजै मर्त्यलोकमा गएर सबै भन्दा सस्तो र सुखी जनता भएको ठाउँ खोजी गरेर आऊ ।” ब्रह्माका प्रिय वचन सुनेर नारदले पनि “जो आज्ञा, पितामह” भनी सबै काम तुरुन्त गर्ने वाचा गरेछन् र नारायण, नारायण ! जप्दै मर्त्यलोकतिर झरेछन् । नारदजीको जिम्मेवारी थियो सबैभन्दा सस्तो र सुखी जनता भएको स्थान मर्त्यलोकमा कहाँ छ पत्ता लगाउनु, ब्रह्माजीको भ्रम भगाउनु र नयाँ सृष्टिको लागि उहाँलाई जगाउनु । नारदजी आकाश मार्गबाट उड्दै-उड्दै मर्त्यलोकको नजिक आएछन् र कहाँबाट सुरू गर्ने भन्ने परेकोले नारायण, नारायण ! गाएछन् । मर्त्यलोकका विभिन्न ठाउँको हालत टाढैबाट देखेर नारदजी तर्सेछन् र यहाँसम्म आइपुगे पछि पहिले पशुपतिनाथको दर्शन गर्ने सुरले उतै बसेछन् । उनी हिमालय पर्वतमा अवतरण भएर केही बेर विश्राम लिएछन्, स्वच्छ जल पनि अलि कति पिएछन् अनि सृष्टि कर्तालाई दिल खोलेर धन्यवाद दिएछन् । मलमल जस्तो देखिने हिउँ, कलकल गर्दै बगेको स्वच्छ पानी देखेर उनको मन मस्तिष्क नै झलमल भएछ । आवश्यक विश्राम लिइसकेपछि आङ तन्काउँदै, मनमा सबै भन्दा सस्तो ठाउँ पत्ता लगाउने विचार दन्काउँदै र आफ्नो एकतारे घन्काउँदै काठमाण्डुतिर हानिएछन् । हिन्दू ब्राह्मणको भेषमा गौशालामा उत्रेछन् । पशुपति क्षेत्रको दुर्गन्ध, फोहर, अव्यवस्था र भद्रगोल देखेर साह्रै भारी मनले छिटो-छिटो दर्शन गरी फेरि गौशालामा नै फर्केछन् ।

अब नारदजीलाई पऱ्यो आपद् ! हुन्छ भनेर त आइयो अब सुरू कसरी गर्ने र कसरी पत्ता लगाउने ? यस्तो अप्ठ्यारो परेकै बेला अलि परबाट एउटा निकै आकर्षक मान्छे लमक-लमक आइरहेको देखे । जन्मँदै देखि घिउ खाए जस्तो जिउ भएको त्यस व्यक्तिलाई देखेर नारदजी ज्यादै प्रभावित भएछन् । बाटोमा देखिने मानिसहरूमध्ये सबै भन्दा भरिलो शरीरको दरिलो व्यक्ति नारदजीले उसैलाई ठहऱ्याए । नारदजीले यसो सोचे सबैतिरबाट भागेर हिँड्नु भन्दा बरू यसैको पछि लागेर केही पत्तो लाग्न सक्ला । त्यो व्यक्ति ट्र्याक सुटमा थियो । मर्निङ्गवाक सकेर थकाइले अलि-अलि धकेर घर फर्कदै थियो । अब नारदजी पनि अन्तर्ध्यान अवस्थामै लुरू-लुरू पछि लागे र खुरू खुरू उसको घरैमा पुगे । त्यहाँ पुगेपछि उनी अझै प्रभावित भए । उसका आँगनभरि, घरका पेटीभरि मानिसको ताँती देखेर नारदजीका मनमा भाँती भाँतीका विचार उम्लन थालेछन् ।

त्यस व्यक्तिलाई देख्नासाथ सबैले झुकेर पनि र लुकेर पनि अभिवादन गरे । सबैको अभिवादन स्वीकारेर त्यो व्यक्ति आफूलाई कुरिरहेका एक दुई मित्रहरूसहित भित्र पस्यो । नारदजी पनि लागे पछि-पछि । भित्र एउटी आकर्षक महिला ढोकाबाट लिइएका कोसेलीका पोका थन्काउँदै थिइन् । विभिन्न गाउँका, विभिन्न ठाउँका र विभिन्न नाउँका सामानहरू, कति त नारदजीले चिन्दै चिनेनन् । त्यो व्यक्तिले आफ्ना सुकोमल हातले अति सुन्दर पर्दालाई एकतर्फ चिऱ्यो र आफना मित्रहरूसहित बैठक भित्र छिऱ्यो । सबै जना सोफामा बसे, हाम्रा नारदजीले भने अन्तर्ध्यान अवस्थामै एक छेउमा पलेटी कसे । सबैले सँगै चिया खाए अनि अन्तर्राष्ट्रिय, राष्ट्रिय र क्षेत्रीय स्तरका गफ लाए । केही कार्यालय र प्रशासन सम्बन्धी गफ पनि सुने उनले । केही बेरको कुराकानी सुनेपछि यो मान्छे कुनै ठाउँको हाकिम रहेछ भन्ने बुझे नारदले । नारदले चारैतिर आँखा दौडाए इन्द्रको सभाकक्ष भन्दा पनि राम्रो गक्षको बैठक देखेर नारदजी जिल्ल परे अनि यसो विचार गरे यो ठाउँमा साँच्चिकै विकास भएको रहेछ । देवलोकका वरिष्ठ सुलसुले भएको नाताले यहाँको विकास प्रयास तथा अन्य कार्यमा खर्च भएको रकमको बारेमा उनले अलि-अलि सुनेकै थिए ।

एकछिनको विचार विमर्श र चिया पानले त्यस व्यक्तिको थकान पनि मेटिएको भान भयो । फेरि भेट्ने र त्यस व्यक्तिको लागि मरिमेट्ने वाचा गरेर मित्रहरू विदा भए । अब त्यो व्यक्ति नुहाउन बाथरूमतिर लाग्यो नारदजीलाई बाथरूम पनि हेर्ने इच्छा जाग्यो । यसो चिहाए बाहिरबाटै । त्यहाँ भित्रको सुख, सुविधाले सजिसजावट स्नानगृह देखेर फेरि एकपल्ट जिल्लिए उनी । साँच्चिकै स्वर्ग त यहाँ पो रहेछ भन्ने लाग्यो उनलाई । त्यो व्यक्ति नुहाइधुवाइ सकी चिटिक्क परेर बाहिर निस्क्यो र फिटिक्क पनि नचली धुप सल्काएर एउटा मूर्तिको अगाडि दुबै हात जोडेर उभियो धेरै बेरसम्म । नारदजी पनि आफनो पुण्यको प्रतापले यस्ता हाकिमसँग भेट भएकोमा भित्र-भित्रै दंग परे । अब उसको ध्यान सकिएको ज्ञान भयो । अब उसले हलुका पोसाकमा सोफामा आसन जमायो र एउटा हातमा कलम कापी पनि समायो ।

अब उसलाई भेट्न बाहिर कुरेर बसेका मानिसहरूले एक-एक गरी भित्रतिर खुट्टा चालेका र भित्र पसेपछि हात जोडी-जोडी आफनो दुःखेसो पोख्न थालेका देखे नारदजीले । उनी पनि नजिकै बसेर कम्मर कसेर र घुँडा धसेर यो दृश्य हेर्न थाले । कसैलाई मनभरिको आश्वासन, कसैलाई मनपरिको गाली, कसैसित सौहार्द्रपूर्ण सम्झौता, कसैसित साधारण भलाकुसारी, धेरै जसोलाई कोसेलीको लागि धन्यवाद दिएको र लागेको रकमबारे सोधेको पनि देखे नारदजीले तर तिरेको भने देखेनन् । त्यस्ता चीजहरू आवश्यक पर्दैन भनेको पनि सुने उनले तर फिर्ता गरेको देखेनन् । कसैसित लेनदेनको मामलामा साधारण र ठट्यौलो प्रकारको विवाद, कसैलाई चित्त बुझ्दो किसिमको निर्देशन, कसैसित सोधपुछ, कसैसित विभिन्न विषयमा सरसल्लाह, कसैको जटिल समस्याको तत्काल निर्णय र यस्तै अन्य विविध क्रियाकलाप देखे उनले । धेरै जस्तो मानिसहरूसित लेनदेन र आर्थिक विषयमा नै बढी जोड दिए जस्तो अलि-अलि लाग्यो नारदजीलाई । केही बेर यस्तै क्रम चलेकोले ऊ हाकिम नै हो भन्ने कुरामा कुनै भ्रम रहेन उनलाई ।

अब भेटघाट गर्न आउने र ढोका धाउनेलाई भगाइयो, टेबुलमा खाना लगाइयो र विभिन्न स्थान विशेषका सामानहरूबाट तयार गरिएका परिकारद्वारा भोक पनि जगाइयो। खाना खान अरू पनि दुई तीन जना मानिस थपिए। शायद परिवारका सदस्यहरू होलान्। खानाको परिकार, त्यसको सजावट र सबैले ज्यादै मीठो गरी खाएको देखेर नारदजीलाई पनि औडाहा भएर आयो। एक मनले त जे पर्ला-पर्ला भन्ने पनि सोचे तर तामसी भोजन कहिल्यै मुखमा नपरेकोले बिटुलिने डरले हच्किए। त्यहाँकी सेबिका देखेर पनि निकै प्रभावित भए नारदजी।

हाकिम निकै अनुभवी, पुरानो, तालिम प्राप्त र शक्तिशाली लबीको भएकाले राम्रो छवि भएका रहेछन्। उनी सबैलाई शिक्षा दीक्षा दिन र कुनै पनि काममा आफ्नो इच्छा अनुसारको भिक्षा लिन पनि खप्पिस रहेछन्। आफू टिक्न, आफ्नो बाधालाई बाटोबाट फिक्न, आफ्नो फाइदाको लागि कुनै पनि समय, समूह र कुनै पनि काममा बिक्न र यस्तो काम व्यापारी तथा चाटुकारहरूबाट सिक्न पनि नामी रहेछन्।

अब तीनको कार्यालय जाने समय भएछ। तीनको वाहन र पहिरन देखेर नारदजी भुतुक्क भएर आफ्नो धोती र नाङ्गो शरीर, हातमा एउटा साधारण एकतारे अनि खुट्टामा अलि-अलि मात्र बुट्टा भएको खराउ हेरेर आफैले आफैलाई मनमनै धिक्कारेछन्। अनि त्यस व्यक्तिको मति बुझ्न उसको वाहनकै गतिमा उसको कार्यालयतिर लागेछन्। कार्यालयमा उसको पोज, फाइदा हुने व्यक्ति, फाइल र विषयको मात्र खोज, कुरा मिलिसकेको विषयमा तोक, कुरा मिल्न बाँकी र कुरा नमिल्ला जस्तो विषयमा झोक देखेर नारदजी जिल्ल परे। कार्यालयको सिँगारपटार देखेरै पनि नारदजीले आफ्नो फिरन्ते जागिरलाई धिक्कारे। एउटा फोनमा विभिन्न मानिसहरूलाई हप्कीदप्की, फेरि अर्को फोनमा तुरून्त नाटकीय ढंगका नम्रता, भद्रता, शिष्टता आदि देख्दा लाग्थ्यो शायद उनी ठूलै कलाकार पनि रहेछन्। टेलिफोनबाटै ठाउँ-ठाउँबाट आएका निम्ताहरूलाई स्वीकार तथा अस्वीकार, विभिन्न व्यक्तिहरूलाई आश्वासन, कसैसित अनुरोध, अनुनय विनय। भेटघाट तथा भोज भतेरको चाँजो, लेनदेनका कुराहरू, एकैछिनमा झर्कनु, फर्कनु, एकैछिनमा गर्जनु फेरि एकैछिनमा लुरूक्क परेर लुर्कनु। लेखापट्टि काम गर्ने कर्मचारीतिर विशेष झुकावट अरूतर्फको कर्मचारीको काममा शब्दै पिच्छे रूकावट। कुनै कुराको पनि जिम्मेवारी नलिने, कुनै विषयमा पनि ठोस निर्णय नदिने र आफनो अधिकारको भने खुब ज्ञान भएका।

कार्यालय सुरू हुनु भन्दा निकैपछि मात्र कार्यालय गमन, कार्यालयमा भेटेजति र देखेजति सबैलाई गरेको दमन र कार्यालयको काम गर्न सधैँ अमन भएको देखेर नारदजी जिल्ल परे। कार्यालयमा हप्कीदप्की, अनुनय विनय, वाचा, निर्णय, लेनदेनको कुरा, आफू टिक्ने र अरूलाई फिक्ने अनेक उपायहरू, घर व्यवहार सम्बन्धी कुराहरू, छोराछोरी पढाउने, हुर्काउने र बिहेबारीका कुराहरू, व्यक्तिगत निर्माणका कुराहरू र यस्तै अनेकौं कुराहरू नारदजीले सबै सुने तर कहीँ कहिल्यै पनि देश विकास, निर्माण, जनहित, जनता र संस्थाको विकास र भलो गर्ने कुरो नारदजीले कतै पनि सुनेनन्। हुन त गोप्य कुरा जतासुकै गर्न पनि त मिल्दैन नि भन्ने सोचे नारदजीले। नारदजी यस्तै सोचिरहेको अवस्थामा कार्यालयको कामले जो सुकैलाई बाधा परे पनि आधा समयमै मिटिङ्ग, बैठक, कन्फरेन्स, सेमिनार वा जरूरी कामको नाममा बाहिर प्रस्थान गरे अब नारदजी पनि पछि-पछि झरे, अनि उहाँलाई कामले एकछिन पनि फुर्सद नहुने देखेर दङ्ग पनि परे। यसरी दिउँसो कार्यक्रम सकेर नारदजीसहित घर आइपुगे हाकिम।

अब नारदजीलाई बेलुकाको एउटा कार्यक्रम हेर्न रहर लागेकोले केही बेर विश्राम गर्ने ठहर गरे। बेलुका भएपछि हाकिम कसिकसाउ झकिझकाउ भएर निस्के। नारदजी पनि पछि-पछि जाने निश्चय गरे। दिउँसोको कुराकानी बाटै नारदजीले हाकिमको दैनिक पार्टी बारे बुझीसकेका थिए। कहिले रेस्टुरेन्ट, कहिले होटल, कहिले अन्त नभेट्टाए साधारण भट्टीमै पनि, कहिले कसैको घर र कहिले आफ्नै घरमा बेलुकाको रमझम हुने रहेछ। अन्त जाँदा कहिले एक्लै, कहिले श्रीमतीसहित दुक्लै र कहिले केटाकेटीसहित चुले निम्तो पनि हुने रहेछ। नारदजीको भाग्यले आज चाहिँ एक्लै र यस्तै रमाइलो भेटघाट खानपिन र अन्य मनोरञ्जनको लागि भनेर बनाइएको अनि धेरै ठूलावडा र हाकिमहरूले आनन्द मनाएको कसैको राम्रो घरमै रहेछ। झमक्क साँझ परेपछि गमक्क भएर हाकिम निस्के। यता हाम्रा नारदजी पनि पछि-पछि लाग्दा भए। बाटोमा अरू पनि त्यस्तै देखिने एक दुई जना थपिए। सबैजना हाँसखेल, घोचपेच, ख्याल ठट्टा र हिजो बेलुकाको रमझमको कुराकानी गर्दै अघि बढे। केही बेर पछि निकै राम्रो खाले घरको अगाडि उनीहरूको टोली रोकियो। एक जना निकै खाइलाग्दो मान्छे ढोकैमा बसेका रहेछन्। नमस्कारको आदान प्रदान भयो, केहीले हात पनि मिलाए। केही स्वागत र औपचारिकताका काम कुरा भए। अनि सबै जना भित्र पसे। त्यस घरको सुन्दर बैठक देखेर नारदजी अति नै प्रभावित भए। वायुमार्गमा मात्र उड्ने खराउ लगाएर त्यहाँको कुनै पनि भागमा टेक्दा पनि ठूलै दाग लाग्ला जस्तो लाग्यो नारदजीलाई। सबैलाई आसन ग्रहण गराइयो। अहिलेसम्म आफूले इन्द्रको बैठकलाई सुन्दर ठह-याएकोमा आफैलाई निम्न कोटीको जासुस ठह-याए नारदजीले र त्यस कर्मचारीले आफ्नो जागिरको शुद्ध तलबबाट त्यत्रो सुन्दर भवन र बैठकको सिर्जना गरेकोमा मनमनै कोटी-कोटी नमस्कार गरे जे सुकै होस भनेर। साधारण ख्याल ठट्टा र गफगाफ पछि खानपिन सुरू भयो। त्यहाँ सजाइएका बोतलहरू र परिकारहरू देखेर नारदजीकोसमेत सातो गयो।


हाँसो र गफसँगै सुरु भएको खानपिनमा अरूको कुरा कटाइ, फलानो चोर, फलानो घुस्याहा, फलानोको केही बुद्धि छैन, फलानो कामै गर्न जान्दैन, म नभएको भए यस्तो हुन्थ्यो, सबै मेरै भरमा भएको हो, मेरो फलानो मान्छे ज्यादै बेस छ, म भएको भए यस्तो यस्तो गर्थे आदि इत्यादि गफ निकै बेर चल्यो। उनीहरूको जिब्रो पनि अलि-अलि लटपटाए जस्तो भयो। केही समय पछि दुई जना अति राम्रा परीहरूले त्यहाँ प्रवेश गरे। सबै जनाको बिच-बिचमा गएर बसी ती परीहरूले सबैलाई सोमरस थपिदिन थाले। तिनीहरूको पहिरन ज्यादै आकर्षक र आधा शरीर देखिने थियो। सबै जना अब झन् रसिक देखिन थाले। उनीहरूका मुख झन् बढी हँसिला भएर चल्न, पिउन र खान थाले। परीहरूसित खानपिनको साटासाट पनि हुन थाले। उनीहरूको हात पनि चारैतिर सल्बलाउन थाले। त्यहाँको दृश्य देखेर नारदजीको मनमा पनि घन ठोके जस्तो हुन थाल्यो। आफूलाई तुरून्त संभालेर बैठकसँगै भएको खाली बेडरूमतिर फर्केर आँखा चिम्लिए नारदजीले। दिनभरि थाकेकाले एकछिन भुसुक्क निदाएछन् नारदजी त। केही बेर पछि नारदजी व्युँझे। परीहरू गइसकेका रहेछन्। त्यहाँ खानपिन गर्ने मानिसहरू कोही खाइरहेका, कोही अलि-अलि उँघ्दै गरेका, कोही उठेर ठूलो-ठूलो

स्वरमा कराइरहेका वा भनौं सबै जना आफ्नै तालमा देखिए । केही बेर पछि खानपिन बन्द भयो । कोहीले चुरोट पनि सल्काए । अब केही गहन विषयमा छलफल हुन थाल्यो । साना ठूला केही निर्णयहरू गरिए । ती निर्णयका बाधा अड्चनको मूल्याङ्कन विश्लेषण र तिनलाई सही बाटोमा डोऱ्याउने जिम्माको बाँडरुँड पनि भयो । कोही आज तास खेल्न नपाएकोले आफ्नो वासमा जान नमानेका देखिए । अनि आपसमा हात मिलाएर सबै विदावारी भए । कोही-कोहीले अंकमाल पनि गरे । अन्त्यमा सबै जना अति हँसिलो र उज्यालो अनुहार लिएर छुट्टिए र आ–आफ्ना साधनमा आ–आफ्ना गच्छेतिर लक्ष गरी बाटो लागे । नारदजी पनि त्यही व्यक्तिसँगै आए । ऊ कोठा भित्र पस्यो । कोठा भित्र चाहिँ नारदजी हेर्न जान सकेनन् र बाहिरै बसे ।

नारदजीलाई पनि धेरै ढिला नगरिकन कुरा बुझेर मात्र फर्कनुपर्ने भएकोले थप जानकारीको लागि आफ्नै ध्यान दृष्टिबाटै ज्ञान प्राप्त गर्ने विचारले हाकिम बारे थप जानकारी लिन थाले दुबै आँखा चिम्लेर । नारदजीको ध्यान दृष्टिबाट प्राप्त जानकारी यस्तो थियो । हाकिमहरूले जागिर खाएको दुई चार वर्षमै महँगीको सम्पूर्ण भार बिर्सिसक्ने । पच्चीस वर्षको तलबले पनि जोड्न मुस्किल पर्ने जग्गा जोडेर दुई चार वर्षमै रहर लाग्दो घर समेत बनाइसक्ने । आफ्नो तलब भन्दा झन्डै पाँच दोब्बरको दैनिक घर खर्च गर्ने, पैसा खर्च गरेर केही चीज किन्नु परेमा भुतुक्कै मर्ने । श्रीमती, छोराछोरी र आफैलाई गरगहना र लुगाफाटा पनि आफ्नो तलब भन्दा दस दोब्बर बराबरको खरिद गर्न सक्ने । नातागोता, इस्टमित्र र साथीभाइलाई त्यही तलबबाट खुसी राख्नसक्ने । चाडपर्व, भोजभतेर, तीर्थव्रत दान धर्म, चन्दा र पुरस्कार पनि सबै त्यही तलबले पुग्ने । चाकरी, कोसेली, पनि त्यही तलबबाट पुग्ने । आफ्नो तलब भन्दा चार पाँच दोब्बर खर्च बेहोरेर छोराछोरीको पढाइ चालु राख्न सक्ने । अझ कतिलाई त त्यही तलबले छोराछोरीलाई विदेशमा पढाउनसमेत पुग्ने । छोराछोरीको बिहे, दाइजो र हनिमुनको सम्पूर्ण खर्च त्यही जागिरले बेहोर्ने । आफ्ना परिवार र नजिकका नाता गोताको औषधी उपचार खर्च स्वदेश र विदेश दुबै ठाउँमा त्यही तलबले पुऱ्याउने । समय समयको पिकनिक र घुमरुिर खर्च पनि त्यही तलबले बेहोर्ने । विभिन्न मानिसहरूसँगको भेटघाट र उपहार, कोसेली, सौगात, बक्सिस, नजराना पनि त्यही तलबबाटै पुग्ने । बजारमा भएका नौला र अरू सबै सुविधायुक्त नयाँ उपकरणहरू पनि त्यही तलबद्वारा घरमा सजिने । आधुनिक सुविधाहरू भिडियो सेट, कुकिङ रेन्ज, वासिङ्गमेसिन, अरू किचेन इक्युपमेन्टहरू, भाँडाकुँडा, पंखा, मोटर साइकल वा गाडी पनि त्यही तलबबाट उपलब्ध हुने । आधुनिक घरमा चाहिने फर्निचरहरू, सोफा, पलङ, टेबुल, कुर्सी, दराज र अरू पनि सबै त्यही तलबबाट उपलब्ध हुने । यति कुरा थाहा पाएपछि अलि-अलि थकित भए पनि चकित खाएछन् नारदजी ।

यति ध्यान दृष्टिबाट पत्ता लागेपछि नारदजीलाई लागेछ एउटा हाकिमको तलबले यति काम गर्न सकिन्छ भने मर्त्यलोकमा यो भन्दा सस्तो ठाउँ नै हुन सक्दैन । नारदजीलाई पनि स्वर्गमा बरू केही समय बेतलबी विदा लिएर भए पनि यस ठाउँमा आएर एउटा सानै तहको भए पनि हाकिम नबनि नछाड्ने विचार आएछ । सबै कुरा ब्रह्माजीलाई दर्साएर छिट्टै यस ठाउँमा हाकिम भएर आउने मीठो कल्पनामा कल्पिँदै आकाश मार्गद्वारा स्वर्गलोकतर्फ 'नारायण, नारायण' ! जप्दै प्रस्थान भएछन् नारदजी ।






**गुरूचालीसा**

जय गुरूदेव सन्त ब्रह्मचारी ।
अतुलित महिमा नाथ तुम्हारी ॥
अश्रपूर्णा भक्त दयालु ।
श्री सुदर्शन बाबा नाथ कृपालू ॥
महामंत्र निजज्ञान सुनाते ।
मन से दुविधा दूर भगाते ॥
गौरवर्ण सुन्दर तन धारी ।
कर माला फेरत सुखकारी ॥
जटा मुकुट उपवित सुहावन ।
केशर तिलक किये अतिपावन ॥

विप्र वंश प्रभु कौन उजागर ।
परम तपस्वी नाथ गुनाकर ॥
शिवकुण्ड शिक्ष शिशु तन पाई ।
गुरूदेव सबके सुखदाई ।
बडे भये त्यागी सब माया ।
सुन्दर प्रभु का हरिगुण गाया ॥
श्री सुदर्शन गुरू शिष्य की इच्छा ।
दीन्हा मंत्र गुरू हरि हरि दीक्षा ॥
चले त्याग सुख तप हित स्वामी ।
मनसामाता पहुंचे सुखधामी ॥

करी तपस्या अति कठोरा ।
कीरती फैल गई चहुं औरा ॥
पीड भई भारी प्रभु भागे ।
वन - वन फिरे शाम अनुराग ॥



बालेश्वर पाणित्ता आये ।
जीण मन्दिर नये बनाये ॥
दिव्य सुनहरी मन्दिर धामा ।
मनसा पर प्रभु किये विश्रामा ॥
घुमे सन्त सकल सुरथामा ।
कर आये प्रभुचारो धामा ॥
भक्तदर्श हित अति अकुलानी ।
संग लाग कछु मन ललचानी ॥
करो कृपा प्रभु इक था राजी ।
मन मन्दिर सुन्दर प्रभु साजी ॥
पावन तट लागी ब्राह्मण वासा ।
भक्त दर्श हित तह प्रभु आशा ॥
सकल सुरू दुंदभी बजाई ।
रिद्धसिद्ध अदि मादिक आई ॥
विश्वकर्मा आये तत्काला ।
रचे मन्दिर सुन्दर पौशाला ॥

करि कढिन तप व्रत नौरात्री
अन्नपूर्णा सती विद्यात्री ॥
भरे भण्डारे अटूट सहाये
सुर नर मुनि जन भोजन पाये ॥
जय जय कार भई अलवर माही ।
समसन्त कतऊ कोई नाही ॥
कोई कहे गोरख प्रभु आये ।
कोई भर्तृहरि रूप बताऐ ॥
कोई कहे नर नारायण दोऊ ।
कोई कहे राम शम्भु है सोऊ ॥



राम राम रटते नर नारी ।
तब दर्शन देते ब्रह्म्चारी ॥
जो नर मन से ध्यान लगावे ।
घर बैठे प्रभु दर्शन पावे ॥
करो कृपा अतिशय जन जानी ।
कोमल चित प्रभु की मृदु वाणी ॥
रटो राम नित प्रभु हरि गुण गाये ।
तन मन को निष्पाप बनाये ॥
सब दुख मिटे दर्श दिये सन्ता ।
सन्त मिले सनशती कर अन्ता ॥

श्री सुदर्शन बाबा धाम प्रभाऊँ ।
कही विधी मिले अधाग अगाऊ ॥
दुखी दरिद्रशरण जो आये अन्न-धन ।
मिले राम गुण गाये ॥
भक्तो को प्रभु सदा सहाये ।

दिव्य ज्ञान रस प्रभु रहे पिलाये ।।
कृष्ण पक्ष एकादशी दण्डा
पै भोजन निजी भजन कराऐ ।।
शुकल पक्ष एकादशी दण्डा ।
होवे कीर्ति रात्रि अखण्डा ।।

जय जय जय गुरू देव हमारे ।
कृपा करो हम ढाडे द्वारे ।।
भक्त ज्ञान निज अवलम्ब हुये बहुऐको ।
राखो नाथ शरण निज टेकु ।।
जो पढे प्रेम से श्री गुरू चालिसा ।
होत ज्ञान हिये मिटत कलेशा ।।
सेवक हूं प्रभु दास तुम्हारा ।
अब उद्धार नाथ होय हमारा ।।
श्री सुदर्शन शिष्य ज्ञान निधि ।
हे प्रभु स्वयं प्रकाश ।।
भक्तजनों के हृदय बसो पूरे जन की आस

## गीता-सार

सीताराम, सीताराम, सीताराम कहिये ।
जाही विधि राखेराम, ताहि विधि - रहियै ।।
मुख में हो राम नाम, राम सेवा हाथ में ।
तू अकेला नाहीं प्यारे, राम तेरे साथ में ।।
विधि का विधान जान, हानि लाभ सहिये ।
जाही विधि राखे राम, ताहि विधि रहिये ।।
किया अभिमान तो फिर, मान नहि पायेगा ।
होगा प्यारे वही जो, श्रीराम जी को भायेगा ।।

फल आशा त्याग, शुभ काम करते रहिये ।
जाहि विधि राखे राम, ताहि विधि रहिये ।।
जिन्दगी की डोर सौंप, हाथ दीना नाथ के ।
महलों में राखे चाहे, झोंपडी में वास दे ।।
धन्यवाद निर्विवाद, राम राम कहिये ।
जाही विधि राखे राम, ताहि विधि रहिये ।।
आशा एक राम जी से, दूजी आशा छोड दे ।
नाता एक राम जी से दूजा नाता तोड दें ।।

साधु-संग, राम-रंग, अंग-अंग रंगिये ।
काम-रस त्याग प्यारें राम-रस पगिये ।।
सीताराम-सीताराम, सीताराम कहिये ।
जाही विधि राखें राग ताहि विधि रहिये ।।
गंगा जी का घाट चाहिए, अलवर का वास चाहिए ।
गुरुजी का साथ चाहिए, यही म्हारे मन में सीताराम ।।

*श्रीमती लीला देवी (धर्मपत्नी स्व. श्री रामसिंह लोहिया)*
*गुरू वन्दना कर्त्ता भाव समर्पण गुरू चरण में ।*

## भजन



बसा ले मन मन्दिर में राम
बनेंगे तेरे बिगडे काम ।
बसा ले मन ......
राम नाम जीवन का सहारा ।
राम बिना सून जग सारा ।
राम बिना सूना तन मन धन ।
सूरा सारा धाम ।
बसा ले मन .....
चार दिनों की ये जिन्दगानी
जाप ले प्रभु का नाम तू प्राणी
भव सागर से पार हो जाए
जाएं हरि के धाम
बसा ले मन...
ये दुनिया दरिया का पानी
माया की नगरी अज्ञानी
अपने पराये सब मतलब के
सौचारा तेरा नाम
बसा ले मन....


## भजन



जय गुरू ओंकारा जय जय
सद्गुरू ओंकारा कें
जय शिव ओंकारा जय जय
सद्गुरू ओंकारा ॐ .......
ब्रह्मा विष्णु सदा शिवाय
हर हर हर हर महादेवाय
जय शिव ओंकारा
नीलकंठ भोले-भाले
डम डम डम डमरू बाजे
जय गुरू ओंकार जय जय .....

## आरती गुरू जी की

आरती श्री सच्चे गुरू वर की । परमानन्द सदा सुख वर की ।।
जाकी कृपा विपुल सुखकारी । दुःख-शोक, संकट भय हारी ।।
नेपाल में अवतार रचाया । चमत्कार से जग हर्षाया ।।
कितने व्यक्त शरण में आए । सब सुख-शांति चिरंतन पाये ।।
भाव धरे जो मन में जैसा । पावन अनुभव वो ही वैसा ।।
गुरू की उदी लगावे तन को । समाधान लाभत उस मन को ।।
गुरू नाम सदा जो गावे । सो फल पावे जग में शाश्वत पावे ।।
गुरू पूर्णिमा करी पूजा सेवा । उस पर कृपा करवे गुरू देवा ।।
राम, कृष्ण, हनुमानरूप में । जानत जो ब्रह्मा धर मन में ।।
विविध धर्म के सेवक आते । दर्शन कर इच्छित फल पाते ।।
जय बोले सच्चे गुरू वर की । अंतर मन में आनंद धोलो ।।
।। जय बोले सच्चे गुरूवर की ।। जय सुदर्शन बाबा ।।



# कृष्णोपनिषत् – ३२

*यो रामःकृष्णतामेत्य सार्वात्म्यं प्राप्य लीलया ।*
*अतोषयद्देवमौनिपटलं तं नतोऽस्म्यहम् ।१।*
*ॐ भद्रं कर्णेभिरिति शान्तिः ।*

*हरिः ॐ । श्रीमहाविष्णुं सच्चिदानन्दलक्षणं रामचन्द्रं दृष्ट्वा सर्वाङ्गसुन्दरं मुनयो वनवासिनो विस्मिता बभूवुः । तं होचुर्नोऽवद्यमवतारान्वै गण्यन्ते आलिङ्गामो भवन्तमिति । भावान्तरे कृष्णवतारे यूयं गोपिका भूत्वा मामालिङ्गथ अन्ये येऽ वतारास्ते हि गोपा न स्त्रीश्च नो कुरु । अन्योन्यविग्रहं धार्य तवाङ्गस्पर्शनादिह । शश्वत्स्पर्शयिताऽस्माकं गृह्नीमोऽवतारान्वयम् ।१। रुद्रादीनां वचः श्रुत्वा प्रोवाच भगवान्स्वयम् । अङ्गसङ्गं करिष्यामि भवद्वाक्यं करोम्यहम् ।२। मोदितास्ते सुरा सर्वे कृतकृत्याधुना वयम् । यो नन्द परमानन्दो यशोदो मुक्तिगेहिनी ।३। माया सा त्रिविधा प्रोक्ता सत्त्वराजसतामसी । प्रोक्ता च सात्त्विकी रुद्रे भक्ते ब्रह्मणि राजसी ।४। तामसी दैत्यपक्षेषु माया त्रेधा ह्युदाहृता । अजेया वैष्णवी माया जप्येन च सुता पुरा ।५। देवकी ब्रह्मपुत्रा सा या वेदैरूपगीयते । निगमो वसुदेवो यो वेदार्थः कृष्णरामयोः ।६। स्तुवते सततं यस्तु सोऽवतीर्णो महीतले । वने वृन्दावने क्रीडन्गोपगोपीसुरैःसह ।७। गोप्यो गाव ऋचस्तस्य यष्टिका कमलासनः । वंशस्तु भगवान्रुद्रः शृङ्गमिन्द्रः सगोसुरः ।८। गोकुलं वनवैकुण्ठं तापसास्तत्र ते द्रुमाः । लोभक्रोधादयो दैत्याः कलिकालस्तिरस्कृतः ।९। गोपरूपो हरिः साक्षान्मायाविग्रह-धारणः । दुर्बोधं कुहकं तस्य मायया मोहितं जगत् ।१०। दुर्जया सा सुरैः सर्वैर्धृष्टिरूपो भवेद्द्विजः । रुद्रो येन कृतो वशंस्तस्य माया जगत्कथम् ।११। बलं ज्ञानं सुराणां वै तेषां ज्ञानं हृतं क्षणात् । शेषनागो भवेद्रामः कृष्णे ब्रह्मैव शाश्वतम् ।१२। अष्टावष्टसहस्रे द्वे शताधिक्यःस्त्रियस्तथा । ऋचोपनिषदस्ता वै ब्रह्मरूपा ऋचःस्त्रियः ।१३। द्वेषश्चाणूरमल्लोऽयं मत्सरो कुष्टिको जयः । दर्पः कुवलयापीडो गर्वो रक्षः खगो बकः ।१४। दया सा रोहिणी माता सत्यभामा धरेति वै । अघासुरो महाव्याधिः कलिःकंसःस भूपतिः ।१५। शमो मित्रः सुदामा च सत्याक्रूरोद्धवो दमः । यः शङ्खः स स्वयं विष्णुर्लक्ष्मीरूपो व्यवस्थितः ।१६। दुग्धसिन्धौ समुत्पन्नो मेघघोषस्तु संस्मृतः । दुग्धोदधिः कृतस्तेन भग्नभाण्डो दधिग्रहे ।१७। क्रीडते बालको भूत्वा पूर्ववत्सुमहोदयौ । संहारार्थं च शत्रूणां रक्षणाय च संस्थितः ।१८। कृपार्थे सर्वभूतानां गोप्तारं धर्ममात्मजम् । यत्स्रष्टुमीश्वरेणासीतच्चक्रं ब्रह्मरूपधृक् ।१९। जयन्तीसंभवो वायुश्चमरो धर्मसंज्ञितः । यस्यासौ ज्वलनाभासः खड्गरूपो महेश्वरः ।२०। कश्यपोलूखलः ख्यातो रज्जुर्माताऽदितिस्तथा । चक्रं शङ्खं च संसिद्धि विन्दुं च सर्वमूर्धनि ।२१। यावन्ति देवरूपाणि वदन्ति विबुधा जनाः । नमन्ति देवरूपेभ्य एवमादि न संशयः ।२२। गदा च कालिका साक्षात्सर्वशत्रुनिवर्हिणी । धनुः शार्ङ्गं स्वमाया च शरत्कालः सुभोजनः ।२३। अब्जकाण्डं जगद्बीजं धृतं पाणौ स्वलीलया । गरुडो वटभाण्डीरःसुदामा नारदो मुनिः ।२४। वृन्दा भक्तिः क्रिया बुद्धिःसर्वजन्तुप्रकाशिनी । तस्मान्न भिन्नं नाभिन्नमाभिर्भिन्नो न वै विभुः । भूमावुत्तारितं सर्वं वैकुण्ठं स्वर्गवासिनम् ।२५। सर्वतीर्थफलं लभते य एवं वेद । देहबन्धाद्विमुच्यते इत्युपनिषत् । हरिः ॐ तत्सत् ।*

जो कृष्ण-राममा ऐक्य शैवात्मक अखण्डित
खेलमै दुष्ट भासेर देवमौन तुल्याउँछ !
नमस्कार त्यसैलाई ! मित्रामित्र, परापर,
जरा शिशु वृद्ध एकै तहमा राख्न सक्तछ ।

ॐ भद्रं मर्णेभिः शान्तिः ! शान्तिः !! हरिः ॐ श्रीमहाविष्णु, सच्चिदानन्दरूप, रामचन्द्रलाई देखेर सुन्दर रामको सुन्दरताउपर ऋषिमुनिहरू विस्मित भए । तिनलाई 'तपाईलाई अँगाल्छौं' भन्दै, स्वीकार्दै अवतारहरूमध्ये अनवद्य अवतारमा गणना गर्दछन् । 'पछि हुने दिनमा-आगामी वा भावी युगमा-कृष्णवतारमा तिमीहरू गोपगोपी भएर मलाई अँगाल्न सक्नेछौ । अरू अरू अवतार जे जति भए, जम्मा हुँदै आएका त्यस्ता (महान् भक्त र देवताहरू) तिनै हाम्रा गोप र गोपस्त्री बनेर आफू आफूको शरीर लिनुपर्छ, तिम्रा अङ्गमा छौइनाले जहाँ बारम्बार छोइने हामी र छुने हाम्रा (प्रभुशक्तिले) हामी नै कैयौं अवतारहरू लेऔंला !' ।

आदिरुद्रका वचन सुनेर भगवान्ले आफै भने- 'अङ्गकै सङ्गत गर्नेछु, हजूरका वचन पूरा गर्दछु म । अहिले ती सब देवता हर्षित छन्, हामी सबै कृतकृत्य भयौं । जो नन्द हो, त्यो परमानन्द हो, यशोदा मुक्तिगृहिणी ( गृहिणीरूप मुक्ति) हो । सत्व-रजो-तमस् नामको माया त्रिविध भनिएको छ । अनि भनिएको छ-सात्विकी माया रुद्रमा रहन्छ, भक्त ब्रह्ममा राजसी र तामसी माया दैत्यपक्षमा रहन्छ, यसरी प्रकारत्रय गनिएको छ । पहिलो जपद्वारा छोरी बनेकी वैष्णवी माया अजेया । तिनै ब्रह्मपुत्री माया माता देवकी हुन्, जसलाई वेदहरूद्वारा गाइन्छ । जुन वेदार्थ हो, त्यो लगातार स्तवन गर्छ । त्यसले पृथ्वीतलको भुमरीबाट पार गऱ्यो । वृन्दावन-वनमा गो-गोपीका साथ खेल्दै जीवनचक्रको फन्को फुकायो ।

गोपीहरू बगाल गाई हुन्, त्यसको यष्टिका ऋचाहरू हुन्, आसन कमल हो, वंश चाहिँ भगवान् रुद्र हुन्, सीङ इन्द्र, गाईसमेतका ती देवता हुन्, गोकुल वन वैकुण्ठ हो, तापसहरू त्यहाँका तिनै रूखहरू हुन्, लोभ-क्रोधहरू दैत्य हुन्, जो कलिकालका निम्ति तिरस्कृत छन् । गोपरूपी हरि साक्षात् मायाको रूप लिएका छन् । दुर्बोध चाहिँ तिनकै मायाजाल हो, जुन मायाद्वारा जगत्लाई अँठ्याइरहेको छ । त्यो चाहिँ देवताहरूबाट समेत नजितिने (दुर्जया) छ । त्यहाँ द्विज धृष्टि (असत्य) रूपको हुनेछ । रुद्र, जसले माया रचेको छ, वंश-रचना गरेको छ, त्यसकै माया जगत्ले कसरी बुझ्छ र ? खास गरी देवताहरूको बल नै ज्ञान हो, प्रतिक्षणका लागि ज्ञान ऋत (ब्राह्मणवृत्ति, सत्य) हो, देवताको ज्ञान तुरुन्त-सत्य हो । शेषनाग राम होला, कृष्ण शाश्वत् ब्रह्म होला, सोह्र हजार दुईसय स्त्रीहरू ऋचा र उपनिषत् सम्पूर्ण होलान्, निश्चय नै ती स्त्रीहरू ब्राह्मणरूप हुनेछन् । जहाँ द्वेष चाणूर, मत्सर मुष्टिक बहादुर मल्ल हुनेछन् । (त दुइटा जय-विजय ठान !) कुवलयापीड क्रूर हात्ती चाहिँ दर्प र गर्व चाहिँ राक्षस तथा गरुडचाहिँ बक हुनेछ ।

दया चाहिँ तिनै रोहिणी आमा र पृथ्वी सत्यभामा हुनेछन् । महाव्याधि अघासुर र त्यो राजा कंस कलिको अवतार बन्नेछ । शम चाहिँ मित्र सुदामा, सत्य अक्रूर, दम उध्दव, जो शंख हुन्छ त्यो स्वयं विष्णुको लक्ष्मीको रूपको व्यवस्था हुनेछः दूधको सागरमा जन्मेको मेघघोष भन्ने संझ ! दही हाल्दा हाल्दै ठेको फुट्दा झैं जसले दुग्धोदधि (दूधकै सागर) बहाइदियो । बालक बनेर ऊ खेल्दै छ पहिले झैं महासागरमा, शत्रुहरूको संहार गर्न, सुजनहरूको संभार गर्न, सम्पूर्ण प्राणीमथि कृपा गर्न, आफ्नै संतानरूप धर्मलाई बचाउन ! जुन सृष्टि गर्दा ईश्वरको ब्रह्मरूपधारी त्यही चक्र थियो । जयन्तीबाट वायु उब्ज्यो, धर्म नामको चमर भो, जसको जो दन्कँदो आभास भो, त्यो खड्गरूपी महेश्वर भो ! उर्गल कश्यप र डोरी आमा आदितिको प्रतीक बन्यो । चक्र, शङ्ख, संसिद्धि, विन्दु चाहिँ सबै शिरमा रह्यो । देवताका जति पनि रूप छन् भन्छन् विद्वान्हरू, ती देवरूपहरूलाई नम्छन्, यो पक्कै हो । गदा पनि सम्पूर्ण शत्रुलाई खलास पारिदिने काली बन्यो । धनु, बाण र स्वमाया चाहिँ मीठो खान पाइने शरत्काल भो । कमलको काण्ड जगत्को बीज स्वलीलाले भगवान्ले दुवै हातमा राख्नु भो । गरुड वरको रूख, सुदामा नारदमुनि, वृन्दा भक्तिभावनाको बुद्धि र त्यही समस्त जन्तुहरू प्रकाशमा ल्याउने भयो । त्यसैले यो भिन्न पनि होइन, अभिन्न पनि होइन ! यिनबाट भिन्न पनि अवश्य छैनन् यी विभु । स्वर्गवासीहरूका निम्ति सिंगो वैकुण्ठ नै भुईंमा उतारिदिएका छन् ! जो यो रहस्य राम्ररी बुझ्दछ, ऊ सर्वतीर्थको फल भोग्दछ । शारीरिक बन्धनबाट मुक्त हुन्छ । ॐ भद्रं कर्णेभिः शान्तिः ! शान्तिः !! शान्तिः !!!

***

# आठ वर्ष अघिको ‘अग्निचक्र’ (२०६७ असार अंक) बाट



# नेपालमा क्यान्सरको उपचार गर्ने अस्पतालहरू



प्रा.डा. अञ्जनीकुमार शर्मा

क्यान्सरको उपचार गर्नु अघि निदान गर्नु र स्टेजिंग गर्नु नितान्त जरुरी छ। पक्का निदान उप्रान्त रोगको स्टेजिंग अनुसार उचित उपचारको व्यवस्था गरिन्छ। निदान गर्नको लागि उचित जाँच पडताल, रोगको स्टेजिंग गर्नुपर्छ। पक्का निदान गर्नका लागि एक्सरे, सिटिस्क्यान, एमआरआई इत्यादि गर्नुपर्ने हुन्छ। कुनै कुनै केसमा specialized x-ray को पनि आवश्यकता पर्न सक्छ।

पक्का निदान गर्न ल्याबरोटरी जाँचहरूको पनि जरुरी छ। जस्तै रगत, खकार, पिसाब, दिसाको जाँच। कतै गिर्खा भेटिएमा गिर्खाको भित्री भागबाट सानु सियोद्वारा रस झिकी जाँच गरे क्यान्सरका कोषहरू देखिन्छन् (यस पद्धतिलाई FNAC भनिन्छ)। यसबाट निदान भएन भने गिर्खाको सानु भाग वा पूरै गिर्खा झिकी जाँच गर्नाले निदान हुनसक्छ। (यस पद्धतिलाई Biopsy भनिन्छ)। रगतमा भएको केमिकलको जाँचबाट क्यान्सर भए/नभएको जाँच गरिन्छ।

अर्बुद रोगको उपचार गर्ने तरिकाहरू निम्न प्रकारका छन् :-

(१) **शल्यक्रिया (Surgery):** यस पद्धतिद्वारा रोग भएको अँग र फिजिएको भागलाई काटी फ्याँकिन्छ। काटेको भागको किनारालाई जाँच गरी पूरा निक्लेको छ कि छैन भनी पत्ता लगाउन सकिन्छ। कुनै ठाउँमा बाँकी भएमा अझै बढी निकाल्नुपर्छ। दुर्भाग्यवश हामीकहाँ आउने रोगीहरू अति फिजिएको अवस्थामा आउँछन् र पूरै निकाल्न सम्भव हुँदैन।

(२) **रेडियोथेरापि** : यस पद्धतिद्वारा ट्युमरसेललाई जलाई नष्ट गर्ने प्रयत्न गरिन्छ। दुर्भाग्यवश रेडियोथेरापिको रिएक्सनले शरीरलाई कमजोर पार्न सक्छ तर कतिपय क्यान्सरको उपचारमा रेडियोथेरापिको मुख्य भूमिका हुन्छ - जस्तै छालाको क्यान्सर, सर्जरीपछि स्तन वा पाठेघरको मुखको क्यान्सर।

(३) **केमोथेरापि** : औषधिको प्रयोगद्वारा शरीरका विभिन्न भागको क्यान्सरको उपचारमा यस पद्धतिको ठूलो भूमिका हुन्छ तर यी भूमिकाले शरीरका रगतहरू (जो जरुरी मात्रामा हुनु जरुरी छ) लाई। यी औषधीहरू अति महँगो भएकाले हामीलाई उपचार गर्न असजिलो छ।

(४) हर्मोन वा रसायनको मात्रा कम गरी रोग बढ्नबाट रोक्न सकिन्छ।

(५) **माया ममता –** फिँजिसकेको क्यान्सरका रोगीको बडो दुःखदायी मृत्यु हुने भएकोले यिनलाई मायाममता तथा दुःख कम गर्ने औषधी (MORPHINE SULPHATE) दिई यिनको अन्तिम अवस्था दुःखदायी हुनबाट जोगाउनु (PALLIATIVE CARE) जरुरी छ।

(६) PREVENTIVE - क्यान्सरकारक तत्वहरूको प्रयोग नगरी आफूलाई क्यान्सर हुनबाट जोगाउनु हाम्रो जस्तो देशका नागरिकको लागि अति राम्रो उपाय हो।

(७) PROMOTIVE : क्यान्सरकारक तत्वहरूको प्रयोग नगरी शुद्ध खानपिनको साथै शारीरिक व्यायाम गरी स्वस्थ राख्नु नै हाम्रो निम्ति अति उत्तम पद्धति हो।

आज नेपालका प्रायः धेरै अस्पतालहरूमा रोगको उपचार गरिन्छ तर स्पेसियलाइज्ड उपचारको लागि निम्नलिखित केन्द्रहरूले नाम कमाएको पाइन्छ।

(१) बी.पी. कोइराला क्यान्सर अस्पताल भरतपुर, चितवन : यस अस्पतालमा सबै सुविधा भएको क्यान्सरको उपचार गरिन्छ।

(२) भक्तपुर क्यान्सर अस्पताल, भक्तपुरमा पनि सबै सुविधा भएको क्यान्सरको निदान, उपचारको साधन भएकोले शंका लागेका व्यक्तिले भक्तपुर क्यान्सर अस्पतालमा आई विशेषज्ञद्वारा जाँच गरी उपचार गराएमा रोगबाट मुक्ति पाउन सकिन्छ।

(३) देशका विभिन्न स्थानमा स्थित ठूला ठूला स्वास्थ्य केन्द्रहरूमा जाँच गराई उपचार गराउन सकिन्छ।

हिजो क्यान्सरको शंका लागेमा हामी रोगीलाई भारतको बम्बई पठाउने गर्दथ्यौं- आज भरतपुर वा भक्तपुरमा गए COMPREHENSIVE उपचार पाउन सकिन्छ।

तर उपचार पद्धति अति महँगो भएकोले नेपाली जनतालाई असजिलो पर्दछ। त्यसकारण म फेरि दोऱ्याउन चाहन्छु- क्यान्सर कारक तत्वबाट टाढा बस्नु नै सबैभन्दा राम्रो उपाय हो। साथै सुरुमै पत्तो लागि उचित उपचार भए क्यान्सरबाट निको होइन्छ।

प्रत्येक नेपाली दाजुभाइ, दिदीबहिनीले ‘**मलाई पनि क्यान्सर हुनसक्छ**’ भनी सचेत रही सुरुका लक्षण देखा परेमा डाक्टरी जाँच गरे भविष्यमा हुने कष्टबाट जोगिन सकिन्छ। ००